# अध्याय - एक : परिचय

## १.१ पृष्ठभूमि

साधारण अर्थमा भन्नुपर्दा शिक्षा नै विकास हो । यसलाई मानव विकासको सबैभन्दा महत्वपूर्ण कडीका रुपमा लिइन्छ । मानवीय क्षमता अभिवृद्धि गर्ने दर्विलो उर्जा एवं बलकारुपमा शिक्षाले गहनतम् स्थान ओगटेको हुन्छ । जसले आर्थिक, सामाजिक सुदृढीकरणका लागि आधारभूत जीवनसीप, ज्ञान तथा अनुभवजन्य क्षमता हासिल गर्न सहयोग पुऱ्याउँछ । शिक्षा प्राप्त गर्नु प्रत्येक नागरिकको नैसर्गिक अधिकार हो । शिक्षाले व्यक्तिको व्यक्तित्व विकास गर्नुको साथै मुलुकको निम्ति अपरिहार्य, उत्पादनशील, अनुशासित, देशभक्त र चरित्रवान नागरिक उत्पादनमा महत्वपूर्ण भूमिका निर्वाह गर्छ । तर हाम्रो देशमा शैक्षिक विकासको इतिहासको शुरुदेखि नै जनसङ्ख्याको आधा हिस्सा ओगट्ने महिलाहरुलाई महत्व नदिएका कारण उनीहरु आफ्नो व्यक्तित्व विकास गरी राष्ट्र निर्माणको अभियानमा अपेक्षाकृत सहभागी हुन सकेका छैनन् । विगतका दशकहरुमा नेपालले शिक्षा क्षेत्रमा उल्लेख्य प्रगति हासिल गरेता पनि वस्तुतः समग्र राष्ट्रको साक्षरता निकै कमरहेको स्थिति छ भने अर्कातर्फ महिला साक्षरता पुरुषको तुलनामा अत्यन्त कम छ । जबसम्म बालबालिकाहरुलाई शिक्षाको मूलप्रवाहमा ल्याई समानरुपमा लाभान्वित तुल्याउन सकिँदैन तबसम्म सचेत, समुन्नत र परिवर्तनकामी सुसंस्कृत समाजको परिकल्पना गर्न सकिँदैन (शिक्षा विभाग, २०६३/०६४) ।

हाम्रो नेपाल जस्तो अविकसित देशका लागि शिक्षाको माध्यमद्वारा गरीबी निवारण गर्न खास गरी शिक्षाको पहुँच र गुणस्तरका पक्षमा सम्बोधन गर्नेगरी विविध शैक्षिक कार्यक्रमहरु सञ्चालन हुँदै आएका छन् । संसारभरि नै शिक्षामा पहुँच र गुणस्तरसम्बन्धी मुद्दाहरुलाई सम्बोधन गर्न आ-आफ्नै परिवेशअनुसारका विविध प्रायसहरु जारिरहेका छन् । यस्ता मुद्दाहरुलाई सम्बोधन गर्न राष्ट्रिय र स्थानीय तहमा अनेकौं उपायहरुको खोजी पनि भइरहेका छन् । नेपालको सन्दर्भमा लैङ्गिक विभेदको अन्त्य गरी सबैलाई शिक्षाको मूल प्रवाहमा समाहित गर्न विभिन्न शैक्षिक योजना र कार्यक्रमहरु लागू गरिएका छन् । यस्ता कार्यक्रमहरु मध्ये छात्रवृत्ति कार्यक्रम पनि एक हो । यस कार्यक्रमका स्वरुप र प्रकृतिहरु पनि फरक फरक रहेका छन् । सन् १९९५ पूर्व बालिकाहरुको प्राथमिक शिक्षामा पहुँच अभिवृद्धि गर्नका निम्ति अछाम, डोटी, बाजुरा, बझाङ, जुम्ला, र दार्चुला जस्ता दुर्गम दशवटा जिल्लाहरुमा छात्रवृत्ति कार्यक्रमलाई प्रयोगमा ल्याइएको थियो । खास गरी यो कार्यक्रम धार्मिक, भाषिक, साँस्कृतिक एवं जातीय दृष्टिले पछिपरेका समुदायका बालिकाहरुलाई सम्बोधन गर्ने गरी

प्रयोगमा ल्याइएको थियो । सबैका लागि शिक्षा (EFA, 1990) सम्बन्धी जोमतीन शिखर सम्मेलनको घोषणापत्र प्रतिको नेपालको प्रतिवद्धताले भर्ना पहुँचसम्बन्धी सहुलियतको दायरा अझ व्यापक र विशिष्ट बनायो । आधारभूत तथा प्राथमिक शिक्षामा विद्यालय उमेर समूहका सबै बालबालिकाहरुको पहुँच सुनिश्चितताका लागि उक्त सम्मेलनमा नेपालले प्रतिवद्धता जाहेर गर्‍यो । सन् २००० को डकार शिखर सम्मेलनले सबैका लागि शिक्षा (EFA) सम्बन्धी जोमतीन सम्मेलनका प्राप्ति, उपलब्धि र देखिएका समस्याहरुको व्यापक समीक्षा गरी सन् २०१५ सम्मको सबैका लागि शिक्षा (EFA) सम्बन्धी ६ वटा मुख्य लक्ष्यहरु निर्धारण गर्‍यो । नेपालले पनि आफ्नो प्रतिवद्धताअनुरुप मुलुकभित्रका खास शैक्षिक मुद्दा र चुनौतीहरुको समेत विश्लेषण गरी सबैका लागि शिक्षासम्बन्धी सन् २०१५ सम्मको राष्ट्रिय कार्ययोजना निर्माण गरी तदनुरुपको सन् २००४-२००९ को आवधिक शैक्षिक कार्यक्रम र रणनीति कार्यान्वयन गर्दै आएको छ । सबैका लागि शिक्षा कार्यक्रमका ६ वटा उद्देश्यहरु मध्ये पाँचौं बूँदामा सन् २००५ सम्ममा प्राथमिक र माध्यमिक शिक्षामा रहेका लैङ्गिक असमानता हटाई सन् २०१५ सम्ममा स्तरीय आधारभूत शिक्षाको उपलब्धिमा छात्राहरुको पूर्ण न्यायिक पहुँच सुनिश्चित गर्न शिक्षामा लैङ्गिक समानता कायम गर्ने कुरा उल्लेख गरिएको छ (MOES, 2004 ) ।

देशका विविध शैक्षिक गतिविधिहरुलाई सबैका लागि शिक्षासम्बन्धी कार्यक्रमको मूलप्रवाहमा ल्याउन राष्ट्रिय, सरकारी, गैर सरकारी तथा अन्तर्राष्ट्रिय स्तरबाट विभिन्न छात्रवृत्तिसम्बन्धी कार्यक्रमहरुका लागू भएका छन् । यी विविध मुद्दाहरुलाई सम्बोधन गर्न छात्राहरुको शिक्षामा पहुँच बढाउने तथा शैक्षिक गुणस्तरमा अभिवृद्धि गर्ने उद्देश्यका साथ छात्रा छात्रवृत्ति तथा सहुलियत कार्यक्रम प्रमुख रणनीतिका रुपमा देखापरेको छ । अझ विशेषरुपमा भन्नु पर्दा शिक्षामा समतासम्बन्धी मुद्दालाई सम्बोधन गर्नका लागि छात्राछात्रवृत्ति तथा सहुलियतसम्बन्धी कार्यक्रमहरुलाई सुविधाविहीन तथा गरीब बालबालिकाहरुको शिक्षामा हुने लागत घटाई शिक्षामा पहुँच अभिवृद्धि गर्ने कार्यक्रमका रुपमा स्वीकारिएको छ । यस्ता कार्यक्रमहरुले एकातिर समग्र शैक्षिक प्रणालीको सक्षमता अभिवृद्धि गर्न भर्नादर, टिकाउ दर, उत्तीर्णदर र नियमितता बढाउन मद्दत गर्छ भने अर्कातर्फ बीचैमा कक्षा छाड्ने, कक्षा दोहोर्‍याउने, अनियमित हुने जस्ता शैक्षिक क्षति न्यूनीकरण गरी बालबालिकाहरुलाई शिक्षा हासिल गर्न हौसला र उत्प्रेरणा बढाउँछ ( शिक्षा विभाग, २०६३) ।

अझ पनि विद्यालयीय शिक्षामा विविध अवरोध र सीमाहरु विद्यमान रहेका छन् । राष्ट्रको आधा जसो जनसङ्ख्या निरक्षर छ । प्राथमिक शिक्षा उमेरका १३% बालबालिकाहरु अझ पनि विद्यालय

शिक्षाको पहुँच बाहिर छन् । यसमा बालिकाहरुको सङ्ख्या अधिक छ । जति जति माथिल्ला कक्षा र तहहरुमा गयो त्यति त्यति नै विद्यार्थी भर्ना र पहुँच घट्तो अवस्थामा छ । त्यसमाथि पनि कक्षा दोहोऱ्याउने दर चर्को अवस्थामा छ । देशको समग्र शैक्षिक सुधारका लागि मुलुकको भौगोलिक अवस्था, सामाजिक-साँस्कृतिक परम्परा र अभ्यास, नागरिकहरुको शैक्षिक-आर्थिक अवस्था जस्ता पक्षहरु पनि उत्तिकै अवरोधका रुपमा रहेका छन् । यसरी राष्ट्रसामु धेरै चुनौतीहरु रहेका छन् । निरक्षरता, भर्ना नहुने समस्या, बीचैमा विद्यालय छाड्ने समस्याको कारण एउटै मात्रै छैन, क्षेत्रगत विविधता, लैङ्गिक विभेद, सुविधाविहीन अवस्था र पिछडिएको अवस्था जस्ता पक्षहरुले यहाँ उत्तिकै असर पुऱ्याएको छ ( शिक्षा विभाग, २००७) ।

प्राथमिक तहमा छात्राहरुको समान सहभागिता अभिवृद्धि गर्ने उद्देश्यका साथ प्राथमिक तहमा दलित छात्रवृत्ति, ५०% छात्रा छात्रवृत्ति, सहिदका छोराछोरीहरुका निम्ति छात्रवृत्ति, कर्णाली अञ्चल छात्रवृत्ति जस्ता कार्यक्रम सञ्चालनमा छन् । तथापि प्राथमिक शिक्षामा छात्रहरुको तुलनामा छात्राहरुको शैक्षिक प्राप्ति धेरै न्यून छ र अन्तर निकै फराकिलो छ । पिछडिएका, गरीब, दलित जातजातिहरु र विभिन्न धर्म, वर्ग, वर्ण, लिङ्ग आदि सम्प्रदायका सुविधाविहीन बालिकाहरुलाई प्राथमिक शिक्षामा पहुँच पुऱ्याउने उद्देश्यले कक्षा १-५ मा अध्ययनरत कुल छात्राहरु मध्ये पचास प्रतिशतलाई पुग्ने गरी अवस्था हेरी सकारात्मक विभेदीकरणका आधारमा वितरण गर्न सकिने गरीको प्रतिकोटा ३५०।- रुपैया दरको छात्रा छात्रवृत्ति कार्यक्रमको रकम वितरणसम्बन्धी कार्यविधि पनि लागू भएको छ । यो सुविधा प्राप्त गर्ने छात्राहरुको भर्नादर, टिकाउदर, नियमितता, र उत्तीर्णदरमा सुधार आएको अवस्था पनि छ । तथापि यो छात्रा छात्रवृत्ति कार्यक्रमको प्रभावकारिताले सम्पूर्ण लक्षित बालिकाहरुको पहुँच र अवस्थालाई सम्बोधन गर्न नसकेका थुप्रै गुनासाहरु शिक्षक, विद्यार्थी, अभिभावक र अन्य सरोकारवालाहरु वृत्तमा चर्चामा रहने गरेको देखिन्छ । कतिपय अवस्थामा सञ्चार माध्यमहरुको सनसनिपूर्ण मसलाको रुपमा पनि यस छात्रवृत्ति कार्यक्रमले ठाँउ पाएको देखिन्छ । छात्रवृत्तिका लागि पचास प्रतिशत लक्षित समूहका छात्राहरुको छनौट गर्नेकुरा त्यति सहज छैन । छात्रवृत्ति वितरणसम्बन्धी कार्यविधि अक्षरस पालना गर्न नसक्ने वाध्यात्मक अवस्था थप चुनौतीपूर्ण रहेको छ । दुर्गम र पिछडिएका सवै लक्षित वर्गका मात्र बालिकाहरुको वाहुल्यता रहेको विद्यालयहरुमा ५०% छात्रा छनौट गर्ने र छात्रवृत्ति वितरण गर्ने पक्ष अझ संवेदनशील रहन्छ । आर्थिक र सामाजिक अवस्थाबाट पिछडिएका सीमान्तकृत, गरीब आदि छुट्याउने वस्तुगत आधार नहुँदा सवै लक्षित बालिकाहरु यस कार्यक्रमबाट पूर्णरुपमा लाभान्वित भएका छन् भन्न सक्ने अवस्था छैन । नेपाल सरकारद्वारा विद्यालयलाई उपलब्ध गराउँदै आएको ५०% छात्रा छात्रवृत्तिको प्रतिकोटा रु ३५०।- (त्यो

पनि दुई किस्तामा उपलव्ध हुने) छात्रवृत्ति पनि कतिपय विद्यालयहरुले लक्षित समूह नै छनौट नगरी कतिले दामासाही रकम त कतिपयले नगदको सट्टा कपडा नै किनेर आलोपालो रुपमा वितरण गर्ने गरेको समेत पाइन्छ ( जि.शि.का मोरङ, २०६४)। विद्यालयीय शिक्षाको तहगत खूद भर्नादरको यथार्थ स्थितिलाई तलको तालिकाबाट अझ स्पष्ट गर्न सकिन्छ ।

**विद्यालयको तहगत खूद भर्नादर स्थिति**

**तालिका नं : १**

| तह | छात्रा | छात्र | फरक | कुल |
|---|---|---|---|---|
| प्राथमिक | ८५.५ | ८९.३ | ३.८ | ८७.४ |
| नि.मा. | ४७.८ | ५७.१ | ९.३ | ५२.३ |
| माध्यमिक | ३२.४ | ३७.० | ४.६ | ३४.७ |

स्रोत : Flash 1 Report (2006-07)

शिक्षाको आधारभूत पक्ष भनेको छात्रछात्राहरुको शिक्षामा समान पहुँच हुनु हो तर उपर्युक्त तालिकाले भर्नादरमा लैंङ्गिक अन्तरलाई प्रस्ट देखाएको छ जो आजको विद्यालय शिक्षाको जल्दोबल्दो मुद्दाको रुपमा रहेको छ । त्यसैगरी डकार घोषणापत्रको प्रतिवद्धताअनुरुपको लक्ष्य प्राप्तिका निम्ति पनि उपर्युक्त स्थितिमा सुधार गर्न दृढ दर्जाको प्रयत्नको आवश्यकता छ । छात्रा भर्नादर कम हुनुमा विभिन्न खाले धारणहरु पनि उत्तिकै जिम्मेवार छन् । यसमा छोरी प्रतिको धारणनै प्रमुख भूमिकाका रुपमा देखापर्छ । यसै सन्दर्भमा कतिपय बावुआमाहरु छोरीको शिक्षाप्रति सम्वेदनशील छन् र नियमित विद्यालय पठाउँछन् भने कतिपय बावुआमाहरु बालीनाली लगाउने र उठाउने समयमा मात्र हैन घरको कामकाजका लागि समेत आफ्ना छोरीहरुलाई विद्यालय पठाउँदैनन् । केटीहरुले विशेषतः घरमा भाइबहिनी हेरचाह गर्नेदेखि लिएर सयौं अन्य घरका काम गर्नु पर्ने समेत भएकाले उनीहरुको शिक्षा अवसरको मूल्य पनि उत्तिकै बढी भएको देखिन्छ । जब कि समुन्नत शैक्षिक विकास बालबालिकाहरुको समान र अर्थपूर्ण सहभागिता विना सम्भव छैन । त्यसैले आज बालिका शिक्षा र यस शिक्षासँग सम्बन्धित छात्रवृत्ति तथा प्रोत्साहित कार्यक्रम सबै सरोकारवालाहरुका नजरमा एक महत्वपूर्ण चर्चाको विषय वस्तु बन्दै आएको छ ।

## १.२ समस्याको कथन

सवैका लागि शिक्षा कार्यक्रम (२००४-२००९) का तीन वटा महत्वपूर्ण उद्देश्यहरु मध्ये “प्राथमिक शिक्षामा पहुँच र समताको सुनिश्चितता” एक प्रमुख उद्देश्य हो । पहुँचमा सुनिश्चितता अभिवृद्धि गर्ने उद्देश्यले नै बालिका दलित, गरीव, द्वन्द पीडित तथा पिछडिएका र सुविधाविहीन वर्गका शैक्षिक समस्याहरुलाई सम्बोधन गर्ने गरी प्राथमिक तहमा “सबैका लागि शिक्षा ”कार्यक्रम अन्तर्गत र माध्यमिक तहका लागि “माध्यमिक शिक्षा सहयोग कार्यक्रम” अन्तर्गत फरक फरक किसिमका छात्रवृत्ति कार्यक्रमहरुको व्यवस्था गरिएको छ । बालिकाहरुलाई प्रदान गरिएका यस्ता विविध प्रकृतिका छात्रवृत्ति कार्यक्रम सम्बन्धमा केही अध्ययन अनुसन्धान नभएका पनि होइनन् । शैक्षिक अुनसन्धान विकास केन्द्र (सेरिड) ले १९९८ मा "Evaluation and Review of Incentive Schemes to Encourage Participation of Girls and Women in Basic Education" मा एउटा अध्ययन गरेको थियो । यसै शीर्षकमा Phase II भनी सन् १९९९ मा अर्को अध्ययन गरेको थियो । त्यसै गरी Formative Research Project for BPEP II भनी Effectiveness of Incentive/ Scholarship Programs for Girls and Disadvantaged Children" शीर्षकमा अर्को एक अध्ययन गरेको थियो । तर यी उपर्युक्त अध्ययनमा तत्कालीन अवस्थामा सञ्चालित छात्राहरुलाई प्रदान गरिएका अन्य प्रकृतिका छात्रवृत्ति कार्यक्रमहरुको फाइदा र प्रभावकारितालाई मात्र सामान्यरुपमा समेटेको पाइन्छ । प्राथमिक तहका निम्ति यस प्रकृतिको यति ठूलो प्रोत्साहित कार्यक्रमलाई अध्ययनको आधार बनाएर अहिलेसम्म अध्ययन अनुसन्धान गरेको तथ्य फेला परेको छैन । फेरि सेरिडले औंल्याएका सुझाबहरुलाई आधारमानी छात्रवृत्ति वितरणसम्बन्धी तय गरिएको परिमार्जित कार्यविधि र त्यसको कार्यान्वयन अवस्थाबारे थप अध्ययन गर्नु आवश्यक भैसकेको छ। किन भने कार्यविधिको मर्मको पालना नभई दामासाही, आलोपालो आदि ढाँचाको स्थानीय छात्रवृत्ति वितरण तन्त्रले गुनासा मात्र जन्माएको छैन अपितु लक्षित वर्गलाई विद्यालय भित्र ल्याउने र टिकाउने कार्य समेत उत्तिकै चुनौतीपूर्ण अवस्थाबाट गुज्रिरहेको छ । त्यसैले दामासाही र आलो पालो रुपमा छात्रवृत्ति वितरण हुनु, लक्षित वर्गका सवैले छात्रवृत्ति पाउने अवस्ता नहुनु, छात्रवृत्ति कोटा र रकमको दुरुपयोग हुनु, पारदर्शिता नहुनु, छात्रवृत्ति प्रणाली समग्र प्रणालीमा आधारित हुनु जस्ता समस्याहरुलाई समेत सम्बोधन गर्ने गरी “५०% छात्रा छात्रवृत्ति” कार्यक्रमको सेरोफेरो भित्र रही “प्राथमिक शिक्षामा छात्रा छात्रवृत्ति कार्यक्रमको प्रभावकारिता” शीर्षकमा यो शोध कार्य गर्ने काम भएको छ ।

## १.३ अध्ययनको औचित्य

अद्यावधिक स्थिति प्रतिवेदन (२००६-०७) ले औँल्याएअनुसार १३% प्राथमिक उमेर समूहका बालबालिकाहरु अझै विद्यालय शिक्षाबाट बाहिर छन् । कक्षा छाड्ने, दोहोऱ्याउने र न्यून उपलब्धि हासिल गर्ने, नियमित उपस्थिति नरहने दर छात्राहरुमा नै बढी छ । ५०% छात्रा छात्रवृत्ति कार्यक्रमले उल्लिखित समस्या समाधान गर्न सकारात्मक प्रभाव पार्न सक्छ तर लक्षित वर्गलाई पूर्ण रुपमा सम्बोधन गर्ने गरी यस कार्यक्रमले प्रभावकारिता हासिल गर्न सकिरहेको अवस्था भने छैन । अतः छात्रा छात्रवृत्ति कार्यक्रमले प्राथमिक शिक्षा प्रणालीको सक्षमता (Efficiency) अभिबृद्धि गर्न लैङ्गिक, साँस्कृतिक विभेदको अन्त्य, बालिकाहरुको शिक्षामा पहुँच, नियमितता र शैक्षिक उपलब्धिमा के कस्तो प्रभाव पारेको छ भन्ने पक्ष यस अध्ययनको विषय बन्न गएको छ ।

यस अध्ययनको औचित्यलाई बुँदागतरुपमा यसरी उल्लेख गरिएको छ ।

क) ५०% छात्रा छात्रवृत्ति कार्यक्रमको कार्यान्वयन पक्षको यथार्थ चित्रणले यस कार्यक्रमको मूलमर्म बोध गर्न र सुसूचित हुन सम्बन्धित छात्रा, शिक्षक, प्र.अ., वि.व्य.स., शि.अ.संघ, अभिभावकहरुलाई सहयोग प्रदान गर्छ ।

ख) छात्रवृत्ति कार्यक्रम कार्यान्वयनसम्बन्धी कमीकमजोरीहरु हटाउन सम्बन्धित निरीक्षण क्षेत्रका खास गरी विद्यालय निरीक्षक, स्रोतव्यक्ति एवं अन्य सरोकारवालाहरुलाई अनुगमन गर्ने आधार प्रदान गर्छ ।

ग) यस कार्यक्रमसँग सम्बन्धित सवल एवं कमजोर पक्षहरुको पहिचान गरी छात्रा छात्रवृत्तिसम्बन्धी थप संशोधित परिमार्जित र प्रभावकारी नीति निर्माण गर्न, बालिकाहरुको शैक्षिक प्राप्तिमा सहयोग पुऱ्याउँन शिक्षा योजनाकार, नीति निर्माता, दातृनिकाय एवं सम्बद्ध सरोकारवालाहरुलाई महत्वपूर्ण आधार तथा सूचनाहरु प्रदान गर्छ ।

घ) प्रत्येक जिल्ला शिक्षा कार्यालयहरुलाई स्रोतकेन्द्र स्तरीय वार्षिक शैक्षिक कार्यक्रमको प्रवोधीकरण अन्तर्गत छात्रा छात्रवृत्ति वितरणसम्बन्धी शीर्षकमा छलफल चलाउन थप आधारहरु प्रदान गर्न सक्छ ।

ङ) छात्रा छात्रवृत्तिसम्बन्धी अहिलेसम्म भएगरेका प्रयास, अभ्यास र प्रगतिबारे सम्बद्ध पक्षहरुलाई जानकारी गराउँछ ।

## १.४ अध्ययनका उद्देश्यहरु

यस अध्ययनका उद्देश्यहरु निम्नानुसार छन् :

क) प्राथमिक शिक्षामा छात्रा सहभागिताको वर्तमान अवस्था पहिचान गर्नु ।

ख) छात्रा छात्रवृत्ति कार्यक्रमसँग सम्बन्धित समस्याहरु पहिल्याउनु ।

ग) छात्रा छात्रवृत्ति कार्यक्रमको प्रभावकारिताको मूल्याङ्कन गर्नु ।

घ) यस कार्यक्रमसँग सम्बन्धित समस्याहरुको निराकरणका लागि सुझावहरु प्रस्तुत गर्नु ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरु

यस अध्ययनमा माथि उल्लेख गरिएका उद्देश्यहरुलाई स्पष्ट पार्न निम्नानुसारका अनुसन्धानात्मक प्रश्नहरु राखिएका छन् ।

क) प्राथमिक शिक्षामा छात्रा सहभागिताको स्थिति कस्तो छ ?

ख) बालिकाहरुको सहभागितामा छात्राछात्रवृत्ति कार्यक्रममो के प्रभाव रहेको छ ?

ग) ५०% छात्रा छात्रवृत्ति पाएका र नपाएका एकै विद्यालयका छात्राहरुको नियमितता, कक्षोन्नतिदर र सिकाइ उपलब्धिको स्थिति कस्तो छ ?

घ) छात्रा छात्रवृत्ति वितरणसँग सम्बन्धित समस्याहरु के के रहेका छन् ?

ङ) छात्रवृत्ति कार्यक्रमका सवल र कमजोर पक्षहरु के के छन् ? अवसर र चुनौतीहरु के के छन् ?

च) छात्रा छात्रवृत्ति वितरणसम्बन्धी प्रभावकारी संयन्त्रको विकास गर्ने उपायहरु के के हुन सक्छन् ?

छ) यस कार्यक्रमलाई प्रभावकारी तुल्याउन के कस्ता उपायहरु अवलम्बन गर्न सकिन्छ ?

## १.६ अध्ययनका परिसीमाहरु

भौगोलिक एवं आर्थिक अवस्था र मानवीय संसाधन तथा समयको उपलब्धता समेतलाई दृष्टिगत गरी यस अध्ययनका परिसीमाहरुलाई निम्नानुसार उल्लेख गरिएको छ

क) यस अध्ययनलाई मोरङ जिल्लाको जनपथ स्रोतकेन्द्रका ३० वटा विद्यालयहरुमध्ये १५ वटा विद्यालयहरुको प्राथमिक तहमा सीमित गरिएको छ ।

ख) प्राथमिक शिक्षामा छात्रा सहभागिताको वर्तमान अवस्थाको अध्ययन गर्न सहजै देखिने भर्नादर ( GER ) र खूद भर्नादर ( NER ) लाई मात्र आधार बनाइएको छ ।

ग) छात्राहरुलाई प्रदान गरिने प्रथमिक तहको ५०% छात्रा छात्रवृत्ति कार्यक्रमलाई नै यस अध्ययनको मुख्य आधार बनाइएको छ ।

घ) प्रभावकारिता अध्ययन गर्नका लागि द्वितीय तथ्याङ्कअन्तर्गत छात्रवृत्ति पाउने र नपाउने बालिकाहरुको नियमितता, कक्षोन्नति, सिकाइ उपलब्धि, कक्षा छाड्ने स्थितिलाई मात्र आधार बनाइएको छ तर सिकाइ उपलब्धिको अध्ययन गर्न भने कक्षा पाँचको नेपाली, गणित र अङग्रेजी विषयको मात्र आधार लिइएको छ । त्यस्तै प्राथमिक तथ्याङ्कअन्तर्गत छात्रा छात्रवृत्ति कार्यान्वयन अन्तर्गत छात्रा छात्रवृत्तिसम्बन्धी पारदर्शिता, लक्षित छात्रा छनौटका आधारहरु, छात्रा छनौट गर्ने ढाँचा, वितरण पद्धति,कार्यान्वयन निर्देशिकाको पालना, छात्रवृत्तिको सदुपयोग, रकमको पर्याप्तता/अपर्याप्तता, छात्रवृत्ति वितरणका शीर्षकहरु, छात्रवृत्ति वितरणसम्बन्धी आलोचनात्मक धारणा र यस प्रतिको सकारात्मक धारणा जस्ता पक्षहरुलाई मात्र समेटिएको छ । प्राथमिक र द्वितीय तथ्याङ्कबाट प्राप्त यावत् सूचनाहरुलाई आधार बनाई छात्रा छात्रवृत्ति कार्यक्रमको SWOC विश्लेषण गरिएको छ ।

ङ) सूचनाहरु सङ्कलन गर्नका लागि अन्तरवार्ता, प्रश्नावली, अवलोकन, विद्यालय सर्भेक्षण फारम, छलफल आदि साधनहरुको प्रयोग गरिएको छ ।

च) यस अध्ययनबाट प्राप्त हुने निष्कर्षहरुलाई अन्य क्षेत्रमा सामान्यीकरण गर्न सकिदैन छैन ।

# अध्याय - दुई

# अध्ययनको सैद्धान्तिक खाका एवं सम्बन्धित साहित्यको पुनरावलोकन

यस अध्यायमा शोध कार्यको सैद्धान्तिक खाका एवं सम्बन्धित साहित्यको पुनरावलोकन अन्तरगत अलग अलग शीर्षकमा अध्ययन गरिएको छ ।

## २.१ अध्ययनको सैद्धान्तिक खाका

यो अध्ययन अभिप्रेरणाको सिद्धान्त र कार्यवाहक सम्बद्ध सिकाइ सिद्धान्तमा आधारित छ । अभिप्रेरणाको सिद्धान्त अन्तर्गत अब्राहम मास्लो ले सन् १९४३ मा Hierarchy या Need मा भनेका छन्, मानिसमा प्रशस्त इच्छा, आवश्यकता र चाहना हुन्छन् । तिनको परिपूर्ति पश्चात् पनि अन्य थप इच्छा आवश्यकता र चाहना थप भैरहन्छन् । मानिसका कुनै चाहना पूरा हुन सक्छन् तर चाहना र आवश्यकताको पूर्णता भने कहिल्यै हुँदैन; जुन प्राप्तिका लागि मानिस उत्प्रेरित भइरहन्छ । मानिसमा अप्राप्त चाहना पनि अनगिन्ती हुन्छन् । जसलाई एक क्रमवद्धताको आधारमा छुट्याउन सकिन्छ । निम्न स्तरका धेरै आवश्यकता परिपूर्तिका लागि मानिस उत्प्रेरित हुँदै जान्छ भन्ने धारणा उनको रहेको छ । उनले मानिसका शारीरिक आवश्यकताबाट सुरक्षात्मक आवश्यकता, सामाजिक आवश्यकता, स्वाभिमानको आवश्यकता, आत्मसन्तुष्टिको आवश्यकतासम्म पाँच श्रेणीमा आवश्यकताको क्रमवद्ध श्रेणी निर्धारण गरेका छन् (शर्मा एण्ड शर्मा, २०६१) ।

विद्यालयक्षेत्रका त्यसमाथि पनि लक्षित वर्गका छात्राहरुका अनगिन्ती आवश्यकताहरु हुन्छन् । यस्ता वर्गका छात्राहरुको शिक्षामा पहुँच पुग्न नसक्नुमा उनीहरुले न्यूनतम आधारभूत वस्तु तथा सेवाहरु प्राप्त गर्न नसक्नु हो । किनभने पिछडिएका, दुर्गम तथा सुविधाविहीन वर्गका अभिभावकहरुले आफ्नो खाना, कपडा, बास आदिको उचित व्यवस्था गर्न नसक्नाले ती आवश्कतालाई पूरा गर्ने तिर लाग्नुपर्ने भएकाले उनीहरुले आफ्ना बालबालिकाहरुका लागि न्यूनतम रुपमा भएपनि शिक्षाको अवसर दिन तिर अग्रसर हुन सकेको पाइँदैन । खास गरी आफ्ना छोरी (छात्रा) लाई विद्यालय भर्ना र नियमित गर्न सकेको पाइँदैन । भर्ना भएका बालिकाहरुलाई पनि आर्थिक कमजोरीका कारण उचित पोषण, पोशाक, छात्रवृत्ति, स्टेशनरी सामग्री दिन नसक्दा उनीहरुले पढाइलाई नियमितता दिन सक्दैनन् जसको परिणाम स्परुप शैक्षिक उपलब्धि राम्रो हुँदैन ।

आर्थिक र मानसिक सङ्कटका कारण पढाइ प्रति उचित ध्यान दिन सक्दैनन् । यी यावत् प्रकारका समस्याहरुको सही र यथार्थ समाधान गर्न सके शिक्षामा छात्राहरुको पहुँच, नियमितता र गुणस्तरीयता बढ्न सक्छ । उनीहरुका सामान्य आधारभूत चाहना र आवश्यकताहरुको उचित सम्बोधन अभिभावक र विद्यालयबाट पूरा गर्न सकेमा उनीहरुको विद्यालय भर्नामा पहुँच र नियमितता आउनुका साथै छात्रा सहभागिता बढ्नमा योगदान मिल्न सक्छ ।

नेपाल सरकारद्वारा यसवर्गका बालिकाहरुको शिक्षामा पहुँच र सहभागिता बढाउन ५०% छात्राछात्रवृत्ति कार्यक्रम सञ्चालनमा ल्याएको छ । यो कार्यक्रम यिनै पिछडिएका, सुविधाविहीन वर्गका बालिकाहरुप्रति लक्षित कार्यक्रम हो । तथापि बालिका भर्नाको स्थिति भने छात्राहरुको तुलनामा अझै कम रहेको स्थिति छ । बीचैमा कक्षा छाड्ने र दोहोऱ्याउने स्थिति बालिकाहरुकै बढी छ । त्यसैले यो ५०% छात्रा छात्रवृत्ति कार्यक्रमलाई लक्षित वर्गका बालिकाहरुको शिक्षामा पहुँच अभिबृद्धि गर्ने गरी सहीरुपमा कार्यान्वयनमा ल्याउने शोध गर्न यस अभिप्रेरणाको सिद्धान्तले उचित आधार प्रदान गर्न सक्छ ।

वि.एफ स्किनरको कार्यवाहक सम्बद्ध सिकाइ सिद्धान्त (Operant Conditioning Theory) अनुसार

कुनै पनि कार्य गर्न प्राणीमा उत्तेजना पैदा हुनु पर्छ अर्थात् प्रणीबाट चाहेको व्यवहार प्राप्त गर्न प्राणीमा उत्तेजना प्रदान गराउन सक्नुपर्छ तर त्यो उत्तेजना पुनर्बलयुक्त हुनुपर्छ । यस्तो उत्तेजनाबाट प्राप्त प्रतिक्रियालाई क्रियाशील बनाई सिकाइ प्राप्त गर्न सकिन्छ । चाहेको व्यवहारमा अभ्यस्त गराउन सकिन्छ । सिकारुको व्यवहारलाई चाहे अनुसारको आकारमा परिवर्तन गर्न सकिन्छ । प्राणीको ठीक व्यवहार (प्रतिक्रिया) प्रति ठीक समयमा नै पुनर्बल प्रदान गर्न नसक्दा त्यसको असर (Effect)नकारात्मक पनि हुन सक्छ । नकारात्मक आदत वा आकार निर्माण हुन सक्छ । सामान्य परिणामको आँकलन गरी प्रतिक्रिया अनुसार पुनर्बल प्रदान गर्दै रहनु पर्छ (शर्मा एण्ड शर्मा, २०६१) ।

प्राथमिक शिक्षामा छात्राहरुको सहभागिता कमजोर छ., न्यून छ., कक्षा छाड्ने र दोहोऱ्याउने दर छात्रहरुको तुलनामा छात्राहरुको बढी छ । यसमा पनि पिछडिएका र सुविधाविहीन वर्गका विद्यालय उमेरसमूहका छात्राहरुको भर्ना पहुँच कम छ । यिनलाई शिक्षाको मूलप्रवाहमा ल्याउने उद्देश्यका साथ सरकारले ५०% छात्रा छात्रवृत्ति कार्यक्रम सञ्चालन गरेको छ तथापि उद्देश्यअनुरुप लक्षित वर्ग पूर्णरुपमा लाभान्वित भै रहेको अवस्था छैन । यस्ता वर्गको भर्नाको समस्या अहिले पनि चिन्ताको विषय बनिरहेको छ । कक्षा छाड्ने, दोहोऱ्याउने दर अझै उच्च छ । यस सिद्धान्तअनुसार यो छात्रवृत्ति कार्यक्रम सुविधाविहीन वर्गका छात्राहरुका निम्ति उत्तेजना जगाउने पुनर्बल हुनसक्छ ।

विद्यालयमा भर्ना हुन, टिकिरहन र नियमिततामा बृद्धि हुन्छ । यो उनीहरुको प्रतिक्रियापरक व्यवहार हो । यस कार्यक्रमले विद्यालय प्रवेश गर्ने भोक जगाउँछ । पठन पाठन प्रक्रियामा विस्तारै सक्रियता बढाउँछ । लिभर थिच्नासाथ भोको मुसाले खाना प्राप्त गरेझैं प्रत्येक सफलतामा उनीहरु छात्रवृत्ति पाइरहने आशामा काम गर्छन् । प्रत्येक कक्षाको पढाइमा निपुण हुन र पढ्न अभ्यस्त बन्दै जान्छन् र व्यवहार परिवर्तन गर्न सफल हुन्छ । पढ्ने आदत निर्माण गर्न सफलता प्राप्त हुन्छ । छात्रवृत्तिले सकारात्मक पुनर्बल प्राप्त हुन्छ । स्किनरको कार्यवाहक सम्बद्ध सिकाइ सिद्धान्त ( Operant Conditioning Theory )को लगातार पुनर्बल तालिका जस्तै नियमित विद्यालय आउने छात्राहरुलाई मात्र छात्रवृत्ति दिन सकिन्छ । निश्चित अवधि पुनर्बल तालिकाका रुपमा वर्षको दुई पटक दुई किस्तामा छात्रवृत्ति प्रदान गर्न सकिन्छ । अनिश्चित पुनर्बल तालिकामा जस्तै लक्षित वर्गका अनुशासित पठनपाठनमा सक्रिय छात्राहरुले कुनै पनि बेला छात्रवृत्ति पाउँन सक्छन् । पुनर्बलका रुपमा छात्रवृत्ति पाइने निश्चित अवधिसम्म मात्र नियमित हुने र सक्रिय रहने प्रवृत्ति छात्राहरुमा देखापर्न पनि सक्छ । त्यस पछि पलायन पनि हुन सक्छन् ।

यस छात्राछात्रवृत्ति कार्यक्रमले विद्यालय जान बानी नभएकाहरुलाई छात्रवृत्ति प्रदान गरी विद्यालय जान, नियमित हुन अभ्यस्त गराउन सकिन्छ । छात्रवृत्ति प्रदान गरी लक्षित वर्गका छात्राहरुको पठनपाठनमा आदत बसाउनु हो । यसले पुनः पुनः प्रतिक्रिया (विद्यालयमा नियमितता, पठनपाठनमा सक्रियता) देखाउन प्रेरित गर्छ । प्रतिक्रिया देखाइसकेपछि मात्र छात्रवृत्ति दिने गर्दा फेरि फेरि यो सहुलियत प्राप्त गर्न छात्राहरु प्रेरित हुन सक्छन् । छात्राहरुको व्यवहारअनुसार पुनर्बल (छात्रवृत्ति) ठीक ठीक समयमा हुनुपर्छ अथवा छात्रवृत्ति वितरण ठीक ठीक समयमा गरिनुपर्छ । अन्यथा त्यसको असर (Effect) प्रतिकूल हुन सक्छ र नकारात्मक आदत (सिकाइ)निर्माण हुन सक्छ । कुन उद्देश्य प्राप्तिका लागि, कुन व्यवहार निर्माणका लागि कति छात्रवृत्ति दिने हो स्पष्ट हुनु पर्छ । स्टेशनरीका लागि मात्र कि ? पोशाकका लागि मात्र कि ? दुवै शीर्षकका लागि कि?, अधिकतम सन्तुष्टि र न्यून असन्तुष्टि हुने गरी छात्रवृत्ति प्रदान गरिनु पर्छ । यो पुनर्बल (छात्रवृत्ति) को सही प्रयोग गर्नुपर्छ । सम्भाव्य परिणामका आधारमा सिकाइ प्राप्त हुने गरी छात्रवृत्ति वितरणको व्यवस्था मिलाउनु पर्छ । पुनर्बल (छात्रवृत्ति) दमासाहीले वा आलोपालो का रुपमा जथाभावी छर्नु हुँदैन । सम्बन्धित लक्षित वर्गनै लाभान्वित हुन सक्नुपर्छ भन्ने आधार यस सिद्धान्तले प्रदान गर्ने हुँदा यस सिद्धान्लाई पनि अध्ययनको आधार बनाइएको छ ।

## २.२ सम्बन्धित साहित्यको पुनरावलोकन

नेपालमा तेह्र प्रकारका सुविधाविहीन वर्गका बालबालिकाहरु पहिचान गरिएको छ ॥ बालिका, दलित, गरीव, द्वन्दपीडित, सडक बालबालिका, टुहुरा, कैदी, एड्स र अन्य खास रोगबाट ग्रसित आदि प्रकृतिका बालबालिकाहरुलाई यस अन्तर्गत राखिएको छ । यिनीहरुको शैक्षिक विकासको मूल आधार भनेकै छात्रवृत्ति तथा सहुलियत कार्यक्रम हुन सक्छ । यस्ता सुविधाविहीन बालबालिकाहरुको शैक्षिक समस्याहरुलाई सम्बोधन गर्ने सिलसिलामा नेपाल सरकारले ५०% छात्रा छात्रवृत्ति, कर्णाली अञ्चल छात्रवृत्ति, दलित छात्रवृत्तिको व्यवस्था सबैका लागि शिक्षा (EFA) कार्यक्रम अन्तर्गत गरेको छ भने दलित छात्रवृत्ति, माध्यमिक शिक्षा छात्रवृत्ति, महिला छात्रावास छात्रवृत्ति, दुर्गम पहाडी आवासीय छात्रवृत्ति, सीमान्तकृत समूहका लागि छात्रवृत्ति जस्ता कार्यक्रमहरु माध्यमिक शिक्षा सहयोग कार्यक्रम (SESP) कार्यक्रम अन्तर्गत व्यवस्था गरेको छ । तथापि सरोकारवाला समूहहरुबाट छात्रवृत्ति सम्बन्धमा मुद्दा उठ्ने गरेको छ । गुनासाहरु पोखिने गरेका छन् । छात्रवृत्ति वितरण प्रक्रिया, यस कार्यक्रमले ओगटेको क्षेत्र, पहुँच र शैक्षिक सुधारका सम्बन्धमा यसको प्रभाव (Effect) को चर्चा परिचर्चा एवं वहसलाई विभिन्न सञ्चार माध्यमहरुले समेत उठाउने गरेका छन् । छात्रा छात्रवृत्ति र दलित छात्रवृत्तिका सम्बन्धमा थोरै मात्रामा केही अनुसन्धाहरु भएका छन् तर ती अध्ययनहरु तत्कालीन अवस्थाका गर्विला प्राप्ति भएतापनि परिवर्तित सन्दर्भमा थप नयाँ प्रकृतिका छात्रवृत्ति कार्यक्रम र तिनसँग सम्बन्धित नयाँ नयाँ मुद्दाहरु देखा परिरहेको वर्तमान अवस्थामा पुनः थप अध्ययन गर्नु पर्ने अवस्था छ । यस अनुसन्धानले सबै प्रकृतिका छात्रवृत्ति कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनसम्बन्धी पक्षहरुमा थप अनुसन्धान गर्न सम्बद्ध पक्षहरुलाई गर्विलो उर्जा एवं अन्तरदृष्टि प्राप्त हुने अपेक्षासहित यस शीर्षकसँग सम्बन्धित भए गरेका अध्ययन अनुसन्धानहरुको पुनरावलोकन गर्ने प्रयत्न गरिएको छ ।यस शीर्षकसँग सम्बन्धित साहित्यहरुले बढी मात्रामा छात्रवृत्ति कार्यक्रमहरुलाई पहुँच प्राप्ति सँग सम्बन्धित क्रियाकलापहरुका रुपमा मात्र प्रस्तुत गरेका छन् । अपितु यस्ता कार्यक्रमहरु शिक्षाको गुणस्तर, सान्दर्भिकता र समता अभिवृद्धि गर्ने आधारहरु पनि हुन् । नेपाल लगायत विश्वभरिनै सरकारी तथा गैरसरकारी क्षेत्रमा विद्यालय शिक्षा प्रणाली अन्तर्गत बालिका एवं सुविधाविहीन वर्गहरुलाई सम्बोधन गर्दै विविध प्रकृतिका छात्रावृत्ति एवं सहुलियतहरु प्रदान गरिंदै आएको छ ।

सेरिड (१९९८) Phase 1 का अनुसार छात्रा र महिलासँग सम्बन्धित प्रोत्साहित कार्यक्रम (Incentive Program) प्रभावकारी नभएको, छात्रवृत्तिकोटा वितरणको दुरुपयोग भएको, एउटै जिल्ला भित्रका

विद्यालयहरुमा पनि छात्राहरुको सङ्ख्यालाई आधार मानी अनुपातिक हिसाबले कोटा वितरण नगरेको तथा कोटा वितरणमा एकरुपता नदेखिएको अवस्था औंल्याएको छ । सुझावका रुपमा प्रोत्साहित Scheme मा परिवर्तन ल्याई विद्यालयमा भएका बालिकाहरुको संरचनालाई आधार बनाई कोटा वितरण गर्नु पर्ने कुरा उल्लेख गरेको छ (सेरिड,१९९८) ।

सेरिड (सन् १९९९) Phase II अनुसार छात्रा र महिलासँग सम्बन्धित छात्रवृत्ति कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनका लागि सम्बन्धित सेवाक्षेत्रको समुदायलाई जागरुक र, सचेत बनाई कार्यक्रमको मर्मप्रति सम्वेदनशील र गम्भीर बनाउनु पर्ने र Incentive Programs सम्बन्धी दृढ दर्जाको सामाजिक परीक्षण समुदाय र जिल्ला तहमा हुनु पर्ने निष्कर्ष सहितको सुझाव उल्लेख गरेको छ । यसैकाअनुसार छात्रा र महिलासँग सम्बन्धित Incentive Programs को प्रभावकारी कार्यान्वयन र अनुगमनका लागि विद्यालयसँग सम्बन्धित सरोकारवालाहरुमा जागरण ल्याई उनीहरुको सहभागितालाई अनिवार्य गराउनु पर्ने कुरामा जोड दिएको छ (सेरिड ,सन् १९९९, Phase II_ .

सेरिड (१९९९) अनुसार छात्रा र सुविधाविहीनसँग सम्बन्धित छात्रवृत्ति तथा Incentive Program मा पुनरावलोकन गरी वितरण प्रक्रियालाई नयाँ ढाँचामा आधारित वनाई सम्बन्धित शिक्षक एवं लक्षित समूहमा पुऱ्याउने र अपेक्षित लाभको सुनिश्चितता गर्ने हेतुले यो अध्ययन भएको थियो । यो अध्ययनलाई परिमाणात्मक र गुणात्मक दुवै पद्धतिमा आधारित बनाई नमुना छनौटमा १६ विद्यालय र ८ गा.वि.स. लाई लिएको थियो । अनुभव आदान प्रदान गर्न नमुना छनौट गरिएका जिल्लाहरुका तीन वटा NGOs Supported विद्यालयको अवलोकन गरिएको थियो । तथ्याङ्क सङ्कलन गर्न सर्भे, अभिलेख विश्लेषण, लक्षित समूहसँग छलफल र अन्तरवार्ता जस्ता औजार र तरिकाहरुको प्रयोग गरिएको थियो । सूचना प्राप्त गर्नका लागि सम्बन्धित विद्यालय, कक्षा र समुदायलाई प्रयोग गरिएको थियो । छात्रवृत्ति तथा प्रोत्साहित कार्यक्रमसँग सम्बन्धित जि.शि.का., स्रोतकेन्द्र र विद्यालयका अभिलेखहरु विश्लेषण गरिएको थियो । जि.शि.का. का कर्मचारी, गा.वि.स. पदाधिकारी, शिक्षक विद्यार्थी र अभिभावकहरुसँग Focus Group Discussion गरिएको थियो । अन्तरवार्ता भने जि.शि.का. का कर्मचारी, स्रोतव्यक्ति, गा.वि.स. पदाधिकारी, वि.व्य.स. पदाधिकारी र सामाजिक कार्यकर्तासँग लिइएको थियो । अनुसन्धानले छात्रा भर्ना र Retention बढ्दै गएको, दलित छात्रवृत्ति कार्यक्रमले दलित भर्ना प्रतिशत ८०.५ पुगेको, सबै छात्राहरुका लागि प्राथमिक विद्यालय छात्रवृत्तिले छात्रा भर्ना पहुँचमा उल्लेख्य वृद्धि गर्न नसकेको, छात्रवृत्ति कार्यक्रम Ethnic group मा

पुग्न नसकेको, तराईका जिल्लाहरुमा छात्रवृत्ति कार्यक्रमको दुरुपयोग भएको, दलित छात्रवृत्ति र प्राथमिक विद्यालयका सबै छात्राहरुका लागि छात्रवृत्ति कार्यक्रमका कोटाहरु अपर्याप्त भएकाले छात्रवृत्ति वितरण प्रक्रियामा समस्या सृजना भएको, छात्रवृत्ति कार्यक्रमको अनुगमन ज्यादै न्यून हुने गरेको, UNDP द्वारा Suppport गरिएका कार्यक्रमहरुमा उत्साहजनक भर्ना र टिकाउदर प्राप्त भएको एवं गैरसरकारी संघसंस्थाहरुद्वारा Support  गरिएका कार्यक्रमहरुमा Monitoring र Followup गर्ने कार्य प्रभावकारी रहेको जस्ता प्राप्तिलाई सार्वजनिक गरेको थियो ।

यस अध्ययनले सिफारिशका रुपमा अभिभावकहरुका निम्ति जागरण कार्यक्रम चलाउनु पर्ने, छात्रवृत्ति कार्यक्रमबारे विद्यालय सरोकारवालाहरुलाई सुसूचित गर्नुपर्ने, विद्यालय सरोकारवालाहरुलाई उचित किसिमले छात्रवृत्ति वितरण गर्ने काममा परिचालन गर्नुपर्ने, विद्यालयबाहिरका केटाकेटीहरुलाई समेत सम्बोधन गर्ने गरी स्थानीय तहमा उपयुक्त संयन्त्रको निर्माण गर्नुपर्ने , दुई किस्तामा छात्रवृत्ति वितरण गर्नु पर्ने, अनुगमन र Followup क्रियाकलापहरुलाई बलियो बनाउनु पर्ने जस्ता सुझावहरु प्रस्तुत गरेको थियो ।

नेपालको अन्तरिम संविधान २०६३ (पाँचौ संशोधन २०६५ सहित) अनुसार राज्यका नीति अन्तर्गत शिक्षा स्वास्थ्य आदिमा आरक्षणको व्यवस्था गरी आर्थिक, सामाजिक रुपमा पिछडिएका आदिवासी, जनजाति, मधेशी, दलित लगायत सीमान्तकृत समुदाय र गरीवीका रेखामुनि रहेकालाई उत्थान गर्ने नीति राज्यले अवलम्वन गर्ने कुरा उल्लेख गरिएको छ ( अन्तरिम संविधान ,२०६३ ) ।

तीन वर्षीय अन्तरिम योजना (२०६४/६७) का अनुसार आधारभूत शिक्षालाई निःशुल्क, सर्वसुलभ र अनिवार्य बनाउँदै लैजाने र योजना अवधिभर ३१,८०,००० छात्राहरुलाई छात्रवृत्ति प्रदान गर्ने लक्ष्य राखेको छ (अन्तरिम योजना, २०६४- ६७) ।

सेरिडका उपर्युक्त प्राप्ति एवं सुझावहरुलाई समेत आधार मानी शिक्षा मन्त्रालय र शिक्षा विभागले छात्रवृत्तिका लागि छनौट र वितरणमा सहजीकरण गर्न कार्य सञ्चालन निर्देशिका ( Operatinal Guideline )तयार गऱ्यो । अनुगमनका लागि उपयुक्त आधार तयार गऱ्यो (HMG/N, MOE,DOE,2004) । यस पछि पनि EFA र SESP कार्यक्रम अन्तर्गत मुलुक भरिनै विभिन्न प्रकृतिका छात्रवृत्ति र प्रोत्साहन कार्यक्रमहरु लागू भइनै रहे । यस सन्दर्भमा सबैका लागि शिक्षा (EFA) र माध्यमिक शिक्षा सहयोग कार्यक्रम (SESP) अन्तर्गत लागू भएका छात्रवृत्ति कार्यक्रमहरु निर्धारित कार्यान्वयन निर्देशिका  अनुसार लक्षित समूहमा पुगे नपुगेको अध्ययनगरी त्यसको असर केलाउन जरुरी भएकाले प्राथमिक तहमा लागू गरिएको सवैका लागि शिक्षा कार्यक्रम अन्तर्गतको

५०% छात्रा छात्रवृत्ति कार्यक्रमलाई आधार बनाई "प्राथमिक शिक्षामा छात्रा छात्रवृत्ति कार्यक्रमको प्रभावकारिता" शीर्षकमा शोधकार्य गर्न आवश्यक ठानी यो अध्ययन गरिएको छ।

## २.३ अध्ययनको पुनरावलोकनको शैक्षिक उपादेयता

प्रस्तुत सैद्धान्तिक खाका एवं सम्बन्धित साहित्यको पुनरावलोकनबाट अहिलेसम्म यस विषयसँग सम्बन्धित भई स्थापित भएका सिद्धान्तहरु र सिद्धान्तले बनाएका मूलभूत पक्षहरुको अध्ययन गर्छ। त्यसैगरी सम्बन्धित साहित्यको पुनरावलोकनबाट छात्रा छात्रवृत्तिसम्बन्धी भए गरेका व्यवस्था, उपलब्धि, सवल एवं कमजोर पक्षहरु,अवसर र चुनौतीहरु लगायतका क्षेत्रमा थप नयाँ धारणाको खोजी गर्ने आधार प्रदान गरी यस शीर्षकमा अध्ययन गर्न थप सहयोग पुगेको छ भन्ने अपेक्षा लिइएको छ। कुनै पनि छात्रवृत्रि कार्यक्रमको प्रभावकारिता र त्यसको कार्यान्यिन सँग सम्वन्धित योजना, व्यवस्थापन र कार्यान्वयन सँग सम्वन्धित यावत पक्षहरुमा दिशानिर्देश गर्न र स्पस्टता प्रदान गर्न सम्वद्ध सवैलाई महत्वपूण आधार प्राप्त भएको छ।

# अध्याय - तीन : अध्ययन विधि

## ३.१ अनुसन्धानात्मक ढाँचा

यो अध्ययन परिमाणात्मक र गुणात्मक दुवै ढाँचामा आधारित छ । । आवश्यकताअनुसार व्याख्यात्मक र विश्लेषणात्मक पद्धतिलाई समेत अँगालिएको छ ।

## ३.२ नमूना छनौटका आधारहरु :

अध्ययनका लागि ग्रामीण तथा सहरी क्षेत्र समेतको प्रतिनिधित्व हुने गरी मोरङ जिल्लाको जनपथ स्रोतकेन्द्र अन्तर्गतका ३० वटा विद्यालयहरु मध्ये १५ वटा सामुदायिक विद्यालयहरु छनौट गरिएको छ । मा.वि. र नि.मा. सबै तर प्राथमिक विद्यालयहरु भने सम्भावनामा आधारित छनौट प्रक्रिया अपनाई छनौट गरिएको छ ।

## ३.३ तथ्याङ्क सङ्कलन प्रक्रिया :

मोरङ जिल्लाको सामुदायिक विद्यालयहरु यस अध्ययनको जनसङ्ख्या रहेको छ । प्रा.वि., नि.मा.वि. र मा.वि. हरुको प्रतिनिधित्व हुने गरी जनपथ स्रोतकेन्द्रका १५ वटा विद्यालयहरुलाई अध्ययनको आधार बनाइएको छ । मा.वि. र नि.मा. सबै तर प्राथमिक विद्यालयहरु भने सम्भावनामा आधारित छनौट प्रक्रिया अपनाई छनौट गरिएको छ । विद्यालय तथा उत्तरदाता छनौटको विवरण निम्नानुसार रहेको छ ।

## विद्यालय तथा उत्तरदाता छनौट विवरण

**तालिका नं २**

| क्र.सं. | स्रोतकेन्द्र | विद्यालय सङ्ख्या | | | | | | उत्तरदाताहरुको सङ्ख्या | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | मा.वि | | नि.मा.वि | | प्रा.वि | | प्र.अ | शिक्षक | वि.व्य.अ | अभिभावक | विद्यार्थी | वि.नि | शा.अ | स्रोतव्यक्ति |
| | | विद्यालय सङ्ख्या | छनौट सङ्ख्या | विद्यालय सङ्ख्या | छनौट सङ्ख्या | विद्यालय सङ्ख्या | छनौट सङ्ख्या | | | | | | | | |
| १ | जनपथ | ५ | ५ | २ | २ | २३ | ८ | १५ | १५ | १५ | १५ | १५ | ४ | २ | ४ |

विद्यालय तथ्याङ्क विवरण फाराम :२०६५ , जि.शि.का.कर्मचारी विवरण :२०६५

## ३.४ तथ्याङ्क सङ्कलनका साधनहरु :

यस अध्ययनमा तथ्याङ्क सङ्कलनका लागि निम्न प्रकारका साधनहरुको प्रयोग गरिएको छ ।

विद्यालय सर्भेक्षण फारम

अन्तरवार्ता प्रश्नावली

अवलोकन

लक्षित समूह छलफल (Focus Group Discussion)

तथ्याङ्क सङ्कलनसम्बन्धी प्रश्नावलीहरु अनुसूची २ देखि ८ सम्म राखिएको छ ।

## ३.५ तथ्याङ्कका स्रोतहरु :

अध्ययनका क्रममा प्राथमिक र सहायक दुवै तथ्याङ्कहरुको प्रयोग गरिएको छ । प्राथमिक स्रोत अन्तर्गत अन्तरवार्ता, प्रश्नावली र अवलोकनको प्रयोगबाट प्राप्त सूचनाहरुको प्रयोग गरिएको छ भने सहायक स्रोतअन्तर्गत विद्यालयका शैक्षिक तथ्याङ्क, विभिन्न शैक्षिक बुलेटिन र योजनाहरु, पत्रपत्रिकाहरु, Scholarship implementation manual, scholarship guideline brochure, छात्रवृत्ति कार्यक्रमसँग सम्बन्धित पुनरावलोकन गरिएका साहित्यहरु आदिको प्रयोग गरिएको छ ।

## ३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया :

अवलोकन, प्रश्नावली, अन्तरवार्ता, विद्यालय सर्भेक्षण फारम, अभिलेख तथा छलफलबाट प्राप्त तथ्याङ्कलाई विभिन्न तालिका, ग्राफ, चार्ट, प्रतिशत, अनुपात, औषत आदिको प्रयोग गरी विश्लेषण गरिएको छ । तथ्याङ्कलाई सूचकाङ्कमा परिणत गर्न सहजै देखिने भर्नादर, खूद भर्नादर, उपस्थित दर, कक्षा उत्तीर्णदर, अनुत्तीर्णदर, कक्षा छाड्ने दर, औषत उपस्थिति दर निकाल्ने सूत्रहरुको प्रयोग गरिएको छ । यी पक्षहरुसँग सम्बधित सूत्रहरु अनुसूची १ मा उल्लेख गरिएको छ ।

# अध्याय - चार : तथ्याङ्कको व्याख्या तथा विश्लेषण

यस खण्डमा प्राथमिक शिक्षामा छात्रा सहभागिताको सन्दर्भमा पचास प्रतिशत छात्रा छात्रवृत्ति कार्यक्रमको प्रभाव पत्ता लगाउन मोरङ जिल्लाको जनपथ स्रोतकेन्द्रअन्तर्गतका तीसवटा सामुदायिक विद्यालयहरुमध्ये पन्ध्रवटा विद्यालयहरुको प्राथमिक तहको सहजै देखिने भर्नादर, खुद भर्नादर तथा छात्र छात्रावृत्ति प्राप्त गर्ने र नगर्ने छात्राहरुबीचको नियमितता, कक्षोत्तीर्ण अवस्था, बीचमै विद्यालय छाड्ने स्थिति र सिकाइ उपलब्धि स्थितिको तुलानात्मक अध्ययनका लागि विद्यालयगत तथ्याङ्कको व्याख्या तथा विश्लेषण गरिएको छ । अध्ययनलाई बढी खोजमूलक र वस्तुपरक बनाउनका लागि सामुदायिक विद्यालयका प्राथमिक तहका पचास प्रतिशत छात्राहरुलाई मात्र प्रदान गरिँदै आएको छात्राछात्रवृत्ति कार्यक्रमको प्रभावका सन्दर्भमा प्र.अ., शिक्षक, अभिभावक, वि.व्य.स. अध्यक्ष, विद्यार्थी, स्रोतव्यक्ति र जि.शि.का.का कर्मचारीहरुबाट सङ्कलित तथ्याङ्कहरुलाई समेत विभिन्न तालिममा राखी व्याख्या तथा विश्लेषण गरिएको छ ।

## ४.१ प्राथमिक शिक्षामा छात्रा सहभागिताको वर्तमान स्थिति

पचास प्रतिशत छात्राछात्रवृत्ति कार्यक्रमका लक्षित समूहहरु खासगरी दलित बाहेकका सुविधाविहीन, गरीब र पिछडिएका वर्गका बालिकाहरु भएकाले यस कार्यक्रमले यस्ता वर्गका बालिकाहरुलाई कति मात्रामा आकर्षित गर्न सकेको छ., प्राथमिक विद्यालय उमेर समूह (५ -९ वर्ष) भन्दा बढी उमेरका कति बालिकाहरु प्राथमिक विद्यालयमा भर्ना भएका छन्., त्यस्तै ५-९ वर्ष उमेर समूह भन्दा कम उमेरका बालिकाहरु प्राथमिक विद्यालयमा भर्ना भएका छन् वा छैनन्., विद्यालय सेवा क्षेत्रमा ५-९ वर्ष उमेर समूहको बालिकाहरुको जनसङ्ख्या कति छ., ती मध्ये कतिले विद्यालयमा प्रवेश लिएका छन्., ती मध्ये कतिले प्रवेश लिने सुविधा पाएका छैनन्., के यो छात्रवृत्ति कार्यक्रमले यो स्थितिमा प्रभाव पारेको छ वा छैन भन्ने सर्न्दभलाई तलका शीर्षकमा विश्लेषण गरिएको छ ।

### ४.१.१. विद्यालय सेवा क्षेत्रमा छात्राहरुको सहजै देखिने भर्ना स्थिति

प्राथमिक तहका छात्राहरुको सहजै देखिने भर्नादर विद्यालय सेवाक्षेत्रबाट प्राथमिक तहमा पढ्न जाने सबै छात्राहरु र त्यस सेवाक्षेत्रमा रहेका प्राथमिक विद्यालय उमेरका बालिकाहरुको सङ्ख्याद्वारा निर्धारण हुने गर्छ । राष्ट्रिय रुपमा दलित समेत सबै छात्राहरुको सहजै देखिने भर्नादर १३७ प्रतिशत

र मोरङ जिल्लाको १२३.७८ प्रतिशत( Flash -I, २०६४, मोरङ) देखिन्छ । अत: अध्ययनका लागि छनौट गरिएका १५ वटा विद्यालयहरुको सहजै देखिने भर्नादर तालिका नं. ३ मा प्रस्तुत गएिको छ ।

विद्यालय सेवा क्षेत्रमा छात्राहरुको सहजै देखिने भर्ना दर स्थिति (दलित छात्रा बाहेक)

तालिका नं. ३


| क्र.स. | विद्यालयको नाम | सेवाक्षेत्रबाट प्रा. तहमा जाने छात्रा सङ्ख्या | सेवा क्षेत्रको ५-९ वर्षको बालिकाको जनसङ्ख्या | सहजै देखिने भर्नादर |
|---|---|---|---|---|
| १ | श्री अरुणोदय प्रा.वि. विराटनगर - १५ | 247 | 183 | 135 |
| २ | श्री बाल मा.वि. विराटनगर -१७ | 324 | 295 | 110 |
| ३ | श्री महेन्द्र मा.वि. विराटनगर -११ | 95 | 94 | 101 |
| ४ | श्री जनता प्रा.वि. विराटनगर -१६ | 140 | 100 | 140 |
| ५ | श्री जनपथ मा.वि. विराटनगर-१५ | 289 | 235 | 123 |
| ६ | श्री बाल मा.वि. विराटनगर -१८ | 262 | 175 | 150 |
| ७ | श्री भानु मोरङ प्रा.वि. विराटनगर-१३ | 313 | 290 | 108 |
| ८ | श्री बखरी प्रा.वि. विराटनगर -१६ | 136 | 95 | 143 |
| ९ | श्री महामाया भगवती प्रा.वि. विराटनगर-२० | 127 | 125 | 102 |
| १० | श्री मिल्स मा.वि. विराटनगर-२० | 260 | 160 | 162 |
| ११ | श्री बुद्धेश्वरी नि.मा.वि. बुधनगर-६ | 157 | 150 | 105 |
| १२ | श्री विराट प्रा.वि. बुधनगर -५ | 167 | 165 | 101 |
| १३ | श्री जनक प्रा.वि. बुधनगर -१ | 145 | 140 | 104 |
| १४ | श्री लक्ष्मी प्रा.वि. बुधनगर -९ | 95 | 90 | 106 |
| १५ | श्री दुर्गा नि.मा.वि. बुधनगर -८ | 240 | 193 | 124 |
| | जम्मा | 2997 | 2490 | 1814 |
| **औषत** | | | | **121** |

स्रोत : विद्यालय तथ्याङ्क विवरण फाराम - २०६५

छात्राहरुको सहजै देखिने भर्नादर स्थिति पैदा गराउने दुईवटा कारण छन् । पहिलो कारण पाँचवर्ष भन्दा कम उमेरका बालिकाहरु प्राथमिक तहमा भर्ना हुनु हो भने दोस्रो कारण ५-९ वर्ष उमेर भन्दा बढी उमेरका बालिकाहरु प्राथमिक तहमा भर्ना हुनु हो । यस शोधका लागि छनौट गरिएका विद्यालयहरुमा पहिलो कारण प्रभावहीन छ किनकि मोरङ जिल्लामा जिल्ला शिक्षा कार्यालयअन्तर्गत समुदायमा आधारित र विद्यालयमा आधारित गरी जम्मा ८११ वटा बालविकास केन्द्रहरु (योजना शाखा, जि.शि.का.मोरङ, २०६४) सञ्चालित छन् । जहाँ पाँचवर्ष भन्दा कम उमेर समूहका बालबालिकाहरु भर्ना हुने गर्दछन् । उपर्युक्त तालिकामा सहजै देखिने भर्नादरको स्थिति प्राथमिक विद्यालय उमेर (५-९ वर्ष) समूह भन्दा बढी उमेरका बालिकाहरु भर्ना भएर नै सिर्जना भएको हो । तालिकामा उल्लिखित विद्यालयहरु मध्ये दलित बाहेकका छात्राहरुको घटीमा १०२ र बढीमा १६२ प्रतिशत सहजै देखिने भर्नादर रहेको छ । सातवटा विद्यालयहरुको सहजै देखिने भर्ना दर १२४ प्रतिशत भन्दा बढी छ । अन्य प्रोत्साहित र चेतनामूलक कार्यक्रमका अतिरिक्त यो पचास प्रतिशत

छात्रा छात्रवृत्ति कार्यक्रमका प्रभावले यो सहजै देखिने भर्ना दरमा बढोत्तरी भएको हो । किनकि पिछडिएका गरीब र सुविधाविहीन वर्गका बालिकाहरुलाई लक्षित गरी यो कार्यक्रम ल्याइएको हुँदा यस कार्यक्रमबाट प्रभावित भई उमेरपुगेर पनि विद्यालय नपठाइएका, घरायसी काममा मात्र संलग्न गराइएका अति विपन्नता र गरीबीका कारण विद्यालय पोशाक, स्टेशनरी, झोला आदिको अभावमा रहेका बालिकाहरुलाई विद्यालय भर्ना गराउने अभियान नै सञ्चालन हुँदै आएको छ । अब्राहम मास्लोले अभिप्रेरणाको सिद्धान्तमा मानिस सबैभन्दा पहिले आफ्नो आधारभूत आवश्यकता पूर्तिका निम्ति प्रेरित हुन्छ भनेका छन् । पचास प्रतिशत छात्रा छात्रवृत्ति कार्यक्रम पिछडिएका र गरीब वर्गका बालिकाहरु प्रति लक्षित कार्यक्रम भएकाले प्राथमिक विद्यालय उमेर पुगेर पनि विद्यालय आउन नसकेका बालिकाहरुलाई समेत यस कार्यक्रमले प्रभाव पारको हुँदा माथिको तालिकामा सहजै देखिने भर्नादर बढी देखिएको हो । यस तथ्यले मास्लोको अभिप्रेरणाको सिद्धान्तलाई पुष्टि गरेको छ । अध्ययनमा संलग्न विद्यालयहरुको सहजै देखिने भर्नादर स्थितिलाई बार ग्राफमा यसरी उल्लेख गर्न सकिन्छ ।

विद्यालय सेवा क्षेत्रमा छात्राहरुको सहजै देखिने भर्ना दर स्थिति (दलित छात्रा बाहेक)




स्रोत : विद्यालय तथ्याङ्क विवरण फाराम - २०६५

यस बार ग्राफले पनि अध्ययनमा संलग्न विद्यालयहरुको सहजै देखिने भर्नादरको यथार्थ तुलनात्मक स्थितिलाई चित्रित गरेको छ ।

### ४.१.२ विद्यालय सेवाक्षेत्रमा छात्राहरुको खुद भर्नादर स्थिति

विद्यालय सेवा क्षेत्रमा छात्राहरुको खुद भनादर सेवा क्षेत्रहरुको कुल ५-९ वर्ष पुगेका बालिकाहरुको सङ्ख्या र सेवा क्षेत्रबाट प्रा.वि. पढ्न जाने ५-९ वर्षका छात्राहरुको सङ्ख्यामा निर्भर गर्दछ । नेपालमा राष्ट्रिय रुपमा छात्राहरुको खुद भर्नादर ८५.५ प्रतिशत (Flash -I Report (2006-07) छ भने मोरङ जिल्लामा छात्राहरुको खुद भर्ना दर ८९ प्रतिशत रहेको देखिन्छ । अध्ययनका लागि छनौट गरिएका विद्यालयहरुको खुद भर्नादरको विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

विद्यालय सेवाक्षेत्रमा छात्राहरुको खुद भर्ना दर स्थिति (दलित छात्रा बाहेक)

तालिका नं. ४

| क्र.स. | विद्यालयको नाम | सेवाक्षेत्रको ५-९ वर्षको बालिकाहरुको जनसङ्ख्या | सेवा क्षेत्रबाट प्रा.तहमा जाने ५-९ वर्षका बालिकाहरुको जनसङ्ख्या | खुद भर्नादर |
|---|---|---|---|---|
| १ | श्री अरुणोदय प्रा.वि. विराटनगर - १५ | 183 | 153 | 84 |
| २ | श्री बाल मा.वि. विराटनगर -१७ | 295 | 254 | 86 |
| ३ | श्री महेन्द्र मा.वि. विराटनगर -११ | 94 | 84 | 89 |
| ४ | श्री जनता प्रा.वि. विराटनगर -१६ | 100 | 81 | 81 |
| ५ | श्री जनपथ मा.वि. विराटनगर-१५ | 235 | 220 | 94 |
| ६ | श्री बाल मा.वि. विराटनगर -१८ | 175 | 147 | 84 |
| ७ | श्री भानु मोरङ प्रा.वि. विराटनगर-१३ | 290 | 249 | 86 |
| ८ | श्री बखरी प्रा.वि. विराटनगर -१६ | 95 | 75 | 79 |
| ९ | श्री महामाया भगवती प्रा.वि. विराटनगर-२० | 125 | 120 | 96 |
| १० | श्री मिल्स मा.वि. विराटनगर-२० | 160 | 123 | 77 |
| ११ | श्री बुद्धेश्वरी नि.मा.वि. बुधनगर-६ | 150 | 128 | 85 |
| १२ | श्री विराट प्रा.वि. बुधनगर -५ | 165 | 152 | 92 |
| १३ | श्री जनक प्रा.वि. बुधनगर -१ | 140 | 130 | 93 |
| १४ | श्री लक्ष्मी प्रा.वि. बुधनगर -९ | 90 | 85 | 94 |
| १५ | श्री दुर्गा नि.मा.वि. बुधनगर -८ | 193 | 170 | 88 |
| **औषत** | | | | 87 |

स्रोत : विद्यालय तथ्याङ्क विवरण फाराम -२०६५


माथिको तालिकामा सबैभन्दा कम खुद भर्नादर मिल्स मा.वि.को ७७ प्रतिशत र सबैभन्दा बढी महामाया भगवती प्रा.वि. को ९६ प्रतिशत र अधिकांश विद्यालयहरुको ८५ प्रतिशतको नजिक देखिन्छ। अध्ययनमा संलग्न सबै विद्यालयहरुको कूल खुद भर्नादर ८७ प्रतिशत रहेको छ। यहाँ एक विद्यालय र अर्को विद्यालय बीच खुद भर्नादरको फरक पनि कम छ। सबै विद्यालयमा औषत १३ प्रतिशत प्राथमिक विद्यालय उमेर समूहका बालिकाहरु भर्ना हुन बाँकी छन्। यो स्थिति विद्यमान हुनुमा विद्यालयको समुदाय सचेत नहुनु, चरम गरिबी, कक्षा दोहोऱ्याउने र छाड्ने प्रवृत्ति तीव्र हुनु, ढिलो भर्ना हुर्नु, बालिकाहरुको घरायसी कार्यमा संलग्नता, विद्यालयको समग्र वातावरण कमजोर हुनु, समुदायमा बालिका शिक्षाको महत्व बोध नहुनु आदि कारणले गर्दा हो (आ.प्रा.शि.का.२०५३)।

छात्रा छात्रवृत्ति कार्यक्रम प्रभावकारी छ तथापि नगण्य मात्राको छात्रवृत्ति रकम तथा शिक्षाको सबै लागत समेट्न सक्ने गरीको रकम नभएका कारणले गरीब तथा हातमुख जोर्न नै धौ धौ परिरहेका समूहहरुका लागि यो अपेक्षा गरिए अनुरुप महत्वपूर्ण हुन सकेको छैन (शिक्षा विभाग, २०६३।०६४) ।

वि.एफ. स्किनरले आफ्नो कार्यबाहक सम्बद्ध सिकाइ सिद्धान्तमा प्राणीबाट चाहेको व्यवहार प्राप्त गर्न उत्तेजना प्रदान गर्न सक्नुपर्छ र यो पुर्नबलयुक्त हुनु पर्दछ ., अनि अधिकतम सन्तुष्टि र न्यूनतम असन्तुष्टि हुने गरी पुर्नबल प्रदान गरिनु पर्छ भनेका छन् । त्यसैले १३ प्रतिशत प्राथमिक उमेरसमूहका पिछडिएका बालिकाहरुलाई विद्यालयमा भर्ना गराई टिकाइराख्न पचास प्रतिशत छात्राछात्रवृत्तिको रुकमले पनि पूर्ण सन्तुष्टि प्राप्त हुने गरी आर्कषित गर्न सक्नुपर्ने तथ्य उक्त तालिकामा पुष्टि भएको छ ।

अध्ययनमा संलग्न विद्यालयहरुको खुद भर्ना दर स्थितिलाई निम्न बार ग्राफमा यसरी देखाउन सकिन्छ ।

विद्यालय सेवाक्षेत्रमा छात्राहरुको खुद भर्ना दर स्थिति (दलित छात्रा बाहेक)




स्रोत : अध्ययनमा संलग्न विद्यालय तथ्याङ्क विवरण फाराम -२०६५

यस बार ग्राफले अध्ययनमा संलग्न विद्यालयहरुको खुद भर्नादरको तुलनात्मक यथार्थ स्थितिलाई अझ प्रष्ट्याएको छ ।

## ४.२ छात्रा छात्रवृत्ति कार्यक्रमको प्रभावकारिता :

शिक्षा मानव विकासको एक महत्वपूर्ण पक्ष हो । यसले ज्ञान सीप र अभिवृत्ति प्रस्फुटन गराई व्यक्तिलाई शसक्त बनाउँछ । सक्षम जनशक्तिको विकास शिक्षाको अपरिहार्य शर्त हो । शिक्षाको जग भनेकै प्राथमिक शिक्षा हो । प्राथमिक विद्यालय उमेरसमूहका सम्पूर्ण बालबालिकाहरु समयमै प्राथमिक विद्यालमा भर्ना भई बिना शैक्षिक क्षति उच्चतम सिकाइ उपलब्धिका साथ तह पूरा गर्न सकेको खण्डमा मात्र मुलुकको समग्र उपल्लो शिक्षाले आशातीत अग्रगति लिन सक्छ । तर हाम्रो देशमा प्रशस्त प्रोत्साहित शैक्षिक कार्यक्रम सञ्चालन हुँदाहुँदै पनि प्राथमिक विद्यालय उमेर समूहका झण्डै १४ प्रतिशत बालबालिकाहरु अझै विद्यालयको पहुँचभन्दा बाहिर रहेका छन् । त्यसमा पनि बालिकाहरुको प्रतिशत अझ बढी छ । त्यसैले बालिकाहरु प्रति मात्र लक्षित पचास प्रतिशत छात्रा छात्रवृत्ति कार्यक्रमले लक्षित समूहलाई कत्तिको प्रभाव पार्न सकेको छ., छात्रा छात्रवृत्ति प्राप्त गर्ने र नगर्ने छात्राहरुबीचको नियमितता, कक्षोत्तीर्ण अवस्था, विद्यालय छाड्ने स्थिति र सिकाइ उपलब्धि स्थिति कस्तो रहेको छ भनी पत्ता लगाउन अध्ययनमा संलग्न विद्यालयहरुको तत्‌तत् पक्षसँग सम्बन्धित तथ्याङ्कहरुको तुलनात्मकरुपमा विश्लेषण गर्ने कार्य यस शीर्षकअन्तर्गत गरिएको छ । त्यस्तै पचास प्रतिशत छात्रा छात्रवृत्ति निकाशा र कोटा वितरण प्रक्रिया, वितरणसम्बन्धी कार्यान्वयन निर्देशिकाको पालना, वितरणका निम्ति विद्यालयले अपनाएका लक्षित समूह (छात्रा) छनौट गर्ने आधार, विद्यालयको छात्रवृत्ति वितरण ढाँचा, रकम र कोटाको पारदर्शिता, रकम वितरणको प्रकृति, छात्रवृत्ति वितरणमा सरोकारवालाहरुको सहभागिता, प्राप्त छात्रवृत्ति रकमको उपयोग स्थिति, छात्रवृत्ति प्राप्त गर्नेहरुको ज्ञान, सीप, अभिवृत्ति, स्वास्थ्य, आनीबानी र शिक्षण सिकाइमा परेको प्रभाव, कार्यक्रमको अनुगमन तथा निरीक्षण स्थिति, कार्यक्रमका सवल पक्ष, कमजोर पक्ष र अवसर तथा चुनौतीसँग सम्बन्धित पक्षहरुमा आवश्यकताअनुसार प्र.अ., शिक्षक, वि.व्य.स., अभिभावक, विद्यार्थी, स्रोतव्यक्ति र जि.शि.का. का कर्मचारीहरुबाट प्रश्नावली, अन्तरवार्ता प्रश्नावली, भेटघाट र लक्षित समूह छलफलका आधारमा प्राप्त तथ्याङ्कहरुलाई समेत तालिकीकरण गरी व्याख्या र विश्लेषण गरिएको छ ।

### ४.२.१ विद्यार्थी नियमितता :

विद्यालयमा विद्यार्थीको नियमितताले सिकाइ उपलब्धि बढ्ने, कक्षा छाड्ने र दोहोऱ्याउने दरमा कमी ल्याउने जस्ता सकारात्मक प्रभाव पार्दछ । एक दिनको एक तिहाइ समय विद्यार्थीले विद्यालयमा बिताउँछ । विद्यालयले यस समयमा विद्यार्थीको ज्ञान बढाउन, जीवनमा आवश्यक व्याबहारिक सीप

प्रदान गर्न र विद्यार्थीको शारीरिक, मानसिक एवं संवेगात्मक विकासमा महत्पूर्ण भूमिका खेल्छ । वर्षभरिको ३६५ दिन मध्येबाट सार्वजनिक बिदा र पर्व बिदाका दिनहरु कटाएर एक शैक्षिक सत्रमा विद्यालय खुल्नुपर्ने दिन निश्चित हुन्छ । कक्षा सञ्चालन, परीक्षा र अन्य क्रियाकलापहरु जस्तैः प्रशासन, योजना र शैक्षिक क्यालेण्डर निर्माणमा लगाएको जम्मा दिन विद्यालय खुलेको दिनमा समावेश हुन्छ । शिक्षा ऐन तथा नियमावलीले वर्षभरिमा कम्तीमा २२० दिन विद्यालय खुल्नुपर्ने र न्यूनतम १८० दिन पढाइ सञ्चालन गर्नुपर्ने व्यवस्था गरेको छ । तलको तालिकामा अध्ययनमा संलग्न विद्यालयहरु खुलेको दिन र छात्रा छात्रवृत्ति प्राप्त गर्ने र नगर्ने छात्राहरुको नियमितताको अवस्था उल्लेख गरिएको छ ।

छात्रा नियमितताको अवस्था (दलितबाहेक)

तालिका नं. ५

| **क्र.सं.** | **विद्यालयको नाम** | **विद्यालय खुलेको दिन** | **पढाइ भएको दिन** | **परीक्षामा सहभागिता भएको दिन बाहेक छात्राहरुको औषत उपस्थिति दिन** | |
|---|---|---|---|---|---|
| | | | | **छात्रवृत्ति पाउने** | **छात्रवृत्ति नपाउने** |
| १ | श्री अरुणोदय प्रा.वि. विराटनगर - १५ | 210 | 170 | 140 | 119 |
| २ | श्री बाल मा.वि. विराटनगर -१७ | 208 | 168 | 134 | 117 |
| ३ | श्री महेन्द्र मा.वि. विराटनगर -११ | 209 | 167 | 135 | 125 |
| ४ | श्री जनता प्रा.वि. विराटनगर -१६ | 208 | 170 | 134 | 120 |
| ५ | श्री जनपथ मा.वि. विराटनगर-१५ | 210 | 169 | 145 | 130 |
| ६ | श्री बाल मा.वि. विराटनगर -१८ | 208 | 165 | 135 | 118 |
| ७ | श्री भानु मोरङ प्रा.वि. विराटनगर-१३ | 209 | 171 | 143 | 128 |
| ८ | श्री बखरी प्रा.वि. विराटनगर -१६ | 207 | 167 | bfdf;fxL %fqj[lQ ljt/)f | |
| ९ | श्री महामाया भगवती प्रा.वि. विराटनगर-२० | 206 | 168 | 137 | 117 |
| १० | श्री मिल्स मा.वि. विराटनगर-२० | 205 | 165 | 140 | 120 |
| ११ | श्री बुद्धेश्वरी नि.मा.वि. बुधनगर-६ | 204 | 164 | 136 | 119 |
| १२ | श्री विराट प्रा.वि. बुधनगर -५ | 203 | 165 | 135 | 123 |
| १३ | श्री जनक प्रा.वि. बुधनगर -१ | 199 | 163 | बाँडेको नपाइएको | |
| १४ | श्री लक्ष्मी प्रा.वि. बुधनगर -९ | 200 | 164 | bfdf;fxL %fqj[lQ ljt/)f | |
| १५ | श्री दुर्गा नि.मा.वि. बुधनगर -८ | 206 | 169 | 140 | 130 |
| | **जम्मा** | 206 | 167 | 137=83 | 122=16 |

स्रोत : विद्यालयको शैक्षिक तथ्याङ्क विवरण : २०६५, विद्यार्थी उपस्थिति पुस्तिका :२०६५

दामासाही र यस वर्ष २०६५ को छात्रवृत्ति नबाँड्ने माथिका तीनवटा विद्यालयहरुको औषत छात्रा उपस्थिति :

क) बखरी प्रा.वि. विराटनगर-१६, उपस्थिति सबै छात्राहरुको ११५ दिन

ख) जनक प्रा.वि.बुधनगर-१, उपस्थिति सबै छात्राहरुको ११२ दिन

ग) लक्ष्मी प्रा.वि. बुधनगर-९ ,उपस्थिति सबै छात्राहरुको ११३ दिन

कूल औषत जम्मा : ११३ दिन

माथिको तालिकामा सबै विद्यालयहरु शिक्षा नियमावलीअनुसार वर्षमा कम्तीमा २२० दिन खुल्नुपर्नेमा सो हुन नसकेको, त्यस्तै वर्ष दिनभरिमा कम्तिमा १८० दिन पठनपाठन हुनुपर्नेमा सो भन्दा कम दिन मात्र पढाइ सञ्चालन भएको देखिन्छ । सबैभन्दा बढी दिन खुलेको विद्यालय अरुणोदय प्रा.वि. २१० दिन खुलेको र सबैभन्दा कम दिन खुलेको विद्यालय जनक प्रा.वि. ११९ दिन मात्र खुलेको देखिन्छ । पढाइ भएको दिनलाई हेर्दा सबै विद्यालयहरुमा १८० दिन भन्दा कम पढाइ भएको छ । तुलनात्मक रुपमा हेर्दा सबैभन्दा बढी जनपथ मा.वि.मा १६९ दिन पढाइ सञ्चालन भएको र सबैभन्दा कम जनक प्रा.वि.मा १६३ दिन मात्र पढाइ भएको अवस्था छ । सबै विद्यालयहरुको औषत पढाइ भएको दिन १६७ मात्र देखिन्छ । परीक्षामा सहभागी रहेको दिनबाहेक छात्रा छात्रवृत्ति प्राप्त गर्ने छात्राहरुको औषत उपस्थिति र नियमितता छात्रवृत्ति प्राप्त नगर्ने छात्राहरुको भन्दा बढी छ । छात्रा छात्रवृत्ति प्राप्त गर्ने छात्राहरुमध्ये जनपथ मा.वि.मा यो औषत उपस्थिति दर सबैभन्दा बढी १४५ दिन रहेको र सबैभन्दा कम भानु मोरङ प्रा.वि., जनता प्रा.वि. र बाल मा.वि. (विराटनगर-१७) मा १३४ दिन रहेको देखिन्छ । छात्रा छात्रवृत्ति प्राप्त गर्नेको कूल औषत उपस्थिति दिन भने १३७.८३ रहेको छ । छात्रा छात्रवृत्ति प्राप्त नगर्ने छात्राहरुको वार्षिक औषत उपस्थिति वा नियमितता भने छात्रवृत्ति प्राप्त गर्ने छात्राहरुको भन्दा कम रहेको छ । छात्रा छात्रवृत्ति प्राप्त नगर्ने छात्राहरुमध्ये सबैभन्दा बढी औषत उपस्थिति जनपथ मा.वि. र दुर्गा नि.मा.वि.मा १३० दिन र सबैभन्दा कम बाल मा.वि. (विराटनगर-१७) र महामाया प्रा.वि.मा ११७ दिन रहेको देखिन्छ भने कूल औषत उपस्थिति भने १२२.१६ दिन रहेको छ । तुलनात्मक रुपमा हेर्दा छात्रवृत्ति प्राप्त नगर्नेभन्दा छात्रवृत्ति प्राप्त गर्ने छात्राहरुको औषत उपस्थिति दर बढी रहेको छ । छात्रवृत्ति प्राप्त गर्नका निम्ति कम्तिमा ८० प्रतिशत हाजिरी पुऱ्याउनु पर्ने भन्ने भएकाले पनि छात्रवृत्ति प्राप्त गर्नेहरुको हाजिरी दिन बढी भएको हो र नियमित उपस्थितिले पठनपाठन प्रक्रियामा समेत सुधार आएको अवस्था रहेको छ । यसरी छात्रवृत्ति प्राप्त नगर्नेभन्दा गर्ने छात्राहरुको औषत उपस्थिति १५ दिनले बढी रहेको छ । छात्रा छात्रवृत्ति समयमा नबाँड्ने र दामासाहीरुपमा वितरण

गर्ने विद्यालयका छात्राहरुको औषत उपस्थिति दिन भने बढीमा ११५ र घटीमा ११२ मात्र रहेको तथ्यलाई माथिको तालिकाले देखाएको छ । सिकाइका निम्ति प्राणीमा उत्तेजना प्रदान गर्न सक्नुपर्छ र यो पुनर्वलयुक्त हुनुपर्छ जसले प्राणीमा आदत निर्माण गर्न सकिन्छ भनी बी.एफ. स्किनरले आफ्नो कार्यबाहक सम्बद्ध सिकाइ सिद्धान्तमा भनेका छन् जुन कुरा यहाँ सत्य सावित देखिएको छ । किनकि माथिको तालिकामा छात्रवृत्ति नपाउने भन्दा पाउनेको उपस्थिति दिन बढी छ । यहाँ विद्यालयमा नियमित आउने आदत निर्माण गर्न छात्रा छात्रवृत्ति कार्यक्रमले उत्तेजनायुक्तः पुनर्बलको काम गरेको छ ।

### ४.२.२ छात्राहरुको कक्षोत्तीर्ण अवस्था (दलित छात्राहरु बाहेक)

विद्यालयमा भर्ना भएका विद्यार्थीहरुको प्रमुख उद्देश्य अत्युत्तम अङ्क ल्याई कक्षा उत्तीर्ण हुनु हो । एक शैक्षिक सत्रको अध्ययनपश्चात् विद्यार्थीले तोकिएको सिकाइ उपलब्धिहरु हासिल गरी माथिल्लो कक्षामा जानु नै कक्षोत्तीर्ण हुनु हो । विशेषगरी प्राथमिक तहमा उदार कक्षोन्नति प्रणाली नीति अवलम्बन गर्ने सरकारी नीति भए तापनि अधिकांश विद्यालयहरुले यस नीतिलाई अपनाउन सकिरहेका छैनन् । यस प्रणालीमा पनि विद्यार्थीले निश्चित मापदण्ड पूरा गरी कक्षा उत्तीर्ण हुनुपर्छ । अध्ययनमा संलग्न विद्यालयहरुले पनि उदार कक्षोन्नति प्रणाली लागू गरेको पाइएन । पुरानै परीक्षा पद्धतिका आधारमा कक्षा उत्तीर्ण गर्ने गरेको पाइयो । सबै विद्यालयहरुका छात्राहरुको कक्षोत्तीर्ण अवस्थालाई निम्नानुसारको तालिकाबाट स्पष्ट पारिएको छ ।

छात्राहरुको कक्षोत्तीर्ण अवस्था (दलित छात्राहरु बाहेक)

तालिका नं. ६

| क्र. सं. | विद्यालयको नाम | जम्मा विद्यार्थी सङ्ख्या | परीक्षामा सम्मिलित छात्रा सङ्ख्या छात्रवृत्ति पाउने) | उत्तीर्ण सङ्ख्या र प्रतिशत | | परीक्षामा सम्मिलित छात्रवृत्ति नपाउने | उत्तीर्ण सङ्ख्या र प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | सङ्ख्या | प्रतिशत | | सङ्ख्या | प्रतिशत |
| १ | श्री अरुणोदय प्रा.वि. वि- १५ | 226 | 96 | 95 | 99 | 95 | 90 | 94 |
| २ | श्री बाल मा.वि. वि-१७ | 282 | 120 | 117 | 97 | 119 | 115 | 96 |
| ३ | श्री महेन्द्र मा.वि. वि-११ | 112 | 44 | 43 | 98 | 44 | 41 | 93 |
| ४ | श्री जनता प्रा.वि. वि-१६ | 152 | 67 | 65 | 97 | 67 | 60 | 89 |
| ५ | श्री जनपथ मा.वि. वि-१५ | 309 | 132 | 130 | 98 | 132 | 127 | 96 |
| ६ | श्री बाल मा.वि. वि-१८ | 203 | 88 | 85 | 96 | 87 | 83 | 95 |
| ७ | श्री भानु मोरङ प्रा.वि. वि-१३ | 198 | 85 | 84 | 99 | 84 | 80 | 95 |
| ८ | श्री बखरी प्रा.वि. वि-१६ | 160 | 65 | 64 | 98 | 65 | 62 | 95 |
| ९ | श्री महामाया भगवती प्रा.वि. वि-२० | 133 | 55 | 53 | 96 | 54 | 50 | 92 |
| १० | श्री मिल्स मा.वि. वि-२० | 311 | bfdf;fxL %fqj[lQ ljt/)f | | | | | |
| ११ | श्री बुद्धेश्वरी नि.मा.वि. बु-६ | 141 | 64 | 63 | 98 | 63 | 55 | 87 |
| १२ | श्री विराट प्रा.वि. बुधनगर -५ | 175 | 79 | 77 | 97 | 78 | 70 | 89 |
| १३ | श्री जनक प्रा.वि. बुधनगर -१ | 142 | bfdf;fxL %fqj[lQ ljt/)f | | | | | |
| १४ | श्री लक्ष्मी प्रा.वि. बुधनगर -९ | 79 | bfdf;fxL %fqj[lQ ljt/)f | | | | | |
| १५ | श्री दुर्गा नि.मा.वि. बुधनगर -८ | 116 | 45 | 44 | 97 | 45 | 40 | 89 |
| | जम्मा | | | | 97=5 | | | 92=75 |

स्रोत : विद्यालयको विद्यालय परीक्षा विवरण, २०६४

उपर्युक्त दामासाही रुपमा छात्रवृत्ति वितरण गर्ने विद्यालयहरुको छात्रा उत्तीर्ण स्थिति :

क) मिल्स मा.वि. विराटनगर-२०, छात्रा उत्तीर्ण सङ्ख्या र प्रतिशत, २४१ मा २३०, उत्तीर्ण, ९५ प्रतिशत

ख) जनक प्रा.वि. बुधनगर-१, छात्रा उत्तीर्ण सङ्ख्या र प्रतिशत, ९३ मा ८० उत्तीर्ण, ८६ प्रतिशत

ग) लक्ष्मी प्रा.वि. बुधनगर-९, छात्रा उत्तीर्ण सङ्ख्या र प्रतिशत,३७ मा ३० उत्तीर्ण, ८१ प्रतिशत

माथिको तालिकामा उल्लिखित विद्यालयहरुमध्ये छात्रा छात्रवृत्ति प्राप्त गर्ने अरुणोदय प्रा.वि. र भानु मोरङ प्रा.वि.का छात्राहरुको उत्तीर्ण प्रतिशत ९९ प्रतिशत छ भने सबैभन्दा कम उत्तीर्ण प्रतिशत बाल मा.वि. (विराटनगर-१८) र महामाया प्रा.वि.को ९६ प्रतिशत रहेको छ । छात्रा छात्रवृत्ति प्राप्त गर्ने १२ वटा विद्यालयका छात्राहरुको कूल औषत छात्रा उत्तीर्ण प्रतिशत ९७.५ प्रतिशत रहेको छ र अनुत्तीर्ण स्थिति भने २.१२ प्रतिशत रहेको छ । तर छात्रा छात्रवृत्ति प्राप्त नगर्ने १२ वटै विद्यालयका छात्राहरुमध्ये सबैभन्दा बढी उत्तीर्ण प्रतिशत बाल मा.वि. (विराटनगर-१७) र जनपथ मा.वि.को ९६

प्रतिशत रहेको छ । त्यस्तै सबैभन्दा कम उत्तीर्ण प्रतिशत बुद्धेश्वरी नि.मा.वि.को ८७ प्रतिशत रहेको छ । छात्रा छात्रवृत्ति प्राप्त नगर्ने १२ वटै विद्यालयको कूल छात्रा औषत उत्तीर्ण प्रतिशत ९२.७५ रहेको छ र अनुत्तीर्ण प्रतिशत भने ५.८९ रहेको छ । छात्रवृत्ति प्राप्त गर्ने र नगर्ने दुवै छात्राहरुको औषत अनुत्तीर्ण दर भने ४ प्रतिशत रहेको देखिन्छ । छात्रा छात्रवृत्ति प्राप्त नगर्नेभन्दा छात्रवृत्ति प्राप्त गर्ने छात्राहरुको उत्तीर्ण प्रतिशत ५ प्रतिशतले बढी छ ।

दामासाही रुपमा छात्रवृत्ति प्रदान गर्ने विद्यालयका छात्राहरुको उत्तीर्ण प्रतिशत भने बढीमा ९५ प्रतिशत र कम्तिमा ८१ प्रतिशत रहेको छ । ३ वटै विद्यालयको कूल औषत अनुत्तीर्ण छात्रा प्रतिशत ८.३५ रहेको छ । छात्रा छात्रवृत्ति कार्यक्रमको दामासाही वितरणका कारण यी तीनवटा विद्यालयमा यो कार्यक्रम प्रभावपूर्ण हुन नसकेको हो । मास्लोले आफ्नो अभिप्रेरणाको सिद्धान्तमा मानिस सबभन्दा पहिले आफ्नो आधारभूत आवश्यकता पूर्तिका निम्ति प्रेरित हुन्छ भनेका छन् । माथिको तालिकामा छात्रवृत्ति पाउनेहरुलाई छात्रवृत्तिले आधारभूत आवश्यकता पूर्तिका निम्ति टेवा पुगेको हुँदा उनीहरु विद्यालयमा नियमित उपस्थित हुने हुँदा उत्तीर्ण प्रशित पनि छात्रवृत्ति नपाउनेको भन्दा बढी देखिएको छ जसले मास्लोको सिद्धान्तलाई पुष्टि गरेको छ । वि.एफ. स्किनरले सिकाइका निम्ति उत्तेजनायुक्त पुनर्बल आवश्यक पर्छ भनेका छन् । छात्रवृत्ति पाउनेहरुलाई यहाँ छात्रवृत्तिले पुनर्बलको काम गरेको छ र यो रकमले प्रेरक तत्वका रुपमा काम गरेको छ । तर छात्रवृत्ति नपाउनेहरुमा यस्तो प्रेरक तत्वको अभाव रहेकाले उत्तीर्ण प्रतिशत पनि छात्रवृत्ति पाउने भन्दा नपाउनेको घटी छ । यहाँ मास्लोको अभिप्रेरणाको सिद्धान्त र स्किनरको कार्यबाहक सम्बद्ध सिकाइ सिद्धान्त दुवैको व्याबहारिक रुपमा पुष्टि भएको छ । स्किनरले अधिकतम सन्तुष्टि र न्यून असन्तुष्टि हुने गरी पुनर्बल दिइनुपर्छ भनेका छन् । यहाँ पचास प्रतिशतलाई दिइनुपर्ने छात्रवृत्तिको रकमलाई तीनवटा विद्यालयहरुले दामासाही रुपमा वितरण गरेको देखिएको हुँदा त्यसबाट सबै छात्राहरुलाई पूर्ण सन्तुष्टि हुने र न्यून असन्तुष्टि हुने अवस्था नभएकाले त्यस्ता विद्यालयहरुको उत्तीर्ण प्रतिशत पनि अन्य विद्यालयका छात्रवृत्ति नपाउनेको उत्तीर्ण प्रतिशतभन्दा पनि कम रहेको स्थिति छ । स्किनरको तथ्य यहाँ पनि पुष्टि भएको छ ।

### ४.२.३ कक्षा छाड्ने छात्राहरु (दलित बाहेक)

भर्ना भएकामध्ये सबै छात्राहरु परीक्षामा सम्मिलित हुँदैनन् । भर्ना भएको केही समयदेखि शैक्षिक सत्र भरिमा विभिन्न कारणले छात्राहरु कक्षा छाड्ने गर्दछन् भने कसैले अनुत्तीर्ण भएर पनि कक्षा छाड्ने गर्दछन् । मोरङ जिल्लाको कक्षा-१ मा कक्षा छाड्ने दर २७ प्रतिशत रहेको छ (Flash-1,

2064, मोरङ)। तलको तालिकामा अध्ययनमा संलग्न विद्यालयहरुको कक्षा छाड्ने छात्राहरुको विवरण प्रस्तुत गरिएको छ ।

कक्षा छाड्ने स्थिति (दलित छात्राबाहेक)

तालिका नं. ७

| क्र.सं. | विद्यालयको नाम | भर्ना भएका छात्रा सङ्ख्या | कक्षा छाड्ने छात्राहरु | | कक्षा छाड्ने प्रतिशत | |
|---|---|---|---|---|---|---|
| | | | छात्रवृत्ति पाउने | छात्रवृत्ति नपाउने | छात्रवृत्ति पाउने | छात्रवृत्ति नपाउने |
| १ | श्री अरुणोदय प्रा.वि. विराटनगर - १५ | २२६ | ४ | ३१ | ४. ५ | २७ |
| २ | श्री बाल मा.वि. विराटनगर -१७ | २८२ | ८ | ३५ | ५.७ | २५ |
| ३ | श्री महेन्द्र मा.वि. विराटनगर -११ | ११२ | ४ | २० | ७ | ३६ |
| ४ | श्री जनता प्रा.वि. विराटनगर -१६ | १५२ | ३ | १५ | ४ | २० |
| ५ | श्री जनपथ मा.वि. विराटनगर-१५ | ३०९ | ५ | ४० | ३ | २६ |
| ६ | श्री बाल मा.वि. विराटनगर -१८ | २०३ | ६ | २२ | ६ | २२ |
| ७ | श्री भानु मोरङ प्रा.वि. विराटनगर-१३ | १९८ | ५ | २४ | ५ | २४ |
| ८ | श्री बखरी प्रा.वि. विराटनगर -१६ | १६० | ५ | २५ | ६ | ३१ |
| ९ | श्री महामाया भगवती प्रा.वि. विराटनगर-२० | १३३ | ४ | २० | ६ | ३० |
| १० | श्री मिल्स मा.वि. विराटनगर-२० | ३११ | bfdf;fxL %fqj[lQ ljt/)f | | | |
| ११ | श्री बुद्धेश्वरी नि.मा.वि. बुधनगर-६ | १४१ | ३ | ११ | ४ | १५ |
| १२ | श्री विराट प्रा.वि. बुधनगर -५ | १७५ | ४ | १४ | ४५ | १६ |
| १३ | श्री जनक प्रा.वि. बुधनगर -१ | १४२ | bfdf;fxL %fqj[lQ ljt/)f | | | |
| १४ | श्री लक्ष्मी प्रा.वि. बुधनगर -९ | ७९ | bfdf;fxL %fqj[lQ ljt/)f | | | |
| १५ | श्री दुर्गा नि.मा.वि. बुधनगर -८ | ११६ | ५ | २१ | ८६ | ३६ |
| | जम्मा | | | | ४.६ | २२.६ |

स्रोत : विद्यालयहरुको विद्यालय तथ्याङ्क विवरण फाराम ,२०६५

उपर्युक्त दामासाही छात्रवृत्ति वितरण गर्ने विद्यालयहरुको कक्षा छाड्ने स्थिति :

क) मिल्स मा.वि. विराटनगर-२०,जम्मा कक्षा छाड्ने छात्राहरु ७०, प्रतिशत २२.५

ख) जनक प्रा.वि. बुधनगर-१, जम्मा कक्षा छाड्ने छात्राहरु ४९, प्रतिशत ३४.५

ग) लक्ष्मी प्रा.वि. बु धनगर-९, जम्मा कक्षा छाड्ने छात्राहरु ४२, प्रतिशत <u>५३.०</u>

३६.६७

माथिको तालिकाले छात्रवृत्ति प्राप्त गर्ने भन्दा नगर्नेको कक्षा छाड्ने दर बढी हुने गरेको तथ्यलाई देखाएको छ । छात्रा छात्रवृत्ति प्राप्त गर्नेहरुमध्ये जनता प्रा.वि. र बुद्धेश्वरी नि.मा वि.मा सबैभन्दा

कम ४ प्रतिशत छात्राहरुले कक्षा छाडेको देखिन्छ भने सबैभन्दा बढी बाल मा.वि. ( विराटनगर-१७) का ५.७ प्रतिशत छात्राले कक्षा छाडेको देखिन्छ । छात्रा छात्रवृत्ति प्राप्त गर्ने १२ विद्यालयका छात्राहरुको कूल औषत कक्षा छाड्ने दर ४.६ प्रतिशत रहेको छ । यो दर कम हुनु छात्रवृत्ति कार्यक्रमको प्रभावले हो । छात्रा छात्रवृत्ति प्राप्त नगर्ने छात्राहरुमध्ये सबैभन्दा बढी महेन्द्र मा.वि. र दुर्गा नि.मा.वि.मा ३६ प्रतिशतले कक्षा छाडेको देखिन्छ भने सबैभन्दा कम बुद्धेश्वरी नि.मा.वि.मा १५ प्रतिशत छात्राहरुले कक्षा छाडेको स्थिति देखिन्छ । छात्रा छात्रवृत्ति प्राप्त नगर्ने १२ वटा विद्यालयहरुका छात्राहरुको कूल औषत विद्यालय छाड्ने दर २२.६ प्रतिशत रहेको छ । दामासाहीरुपमा छात्रा छात्रवृत्ति वितरण गर्ने ३ वटा विद्यालयका छात्राहरुको औषत कक्षा छाड्ने दर ३६.६७ प्रतिशत रहेको छ, यो प्रतिशत उच्च हुनुमा छात्रा छात्रवृत्ति कार्यक्रमको मर्मलाई पालना नगर्ने प्रवृत्ति कारक तत्वका रुपमा देख्न सकिन्छ । छात्रा छात्रवृत्ति प्राप्त नगर्नेहरुको कक्षा छाड्ने दर बढी हुनुमा सबै लक्षित समूहका छात्राहरुलाइ Pocket Package का रुपमा छात्रवृत्ति प्रदान गर्ने व्यवस्था नभएर हो । छात्रा छात्रृत्ति कार्यक्रमको समग्र प्रणाली (Blanket Approach)ले शतप्रतिशत लक्षित समूह भएपनि पचास प्रतिशतलाई मात्र समेट्न सक्ने प्रावधान रहेको छ । यस प्रकारको परिणाम प्राप्त हुनुमा छात्राहरुले घरायसी कार्यमा संलग्न हुनुपर्ने, बालिका शिक्षाबारे चेतनाको कमी, सामाजिक पक्ष, विद्यालयमा अनियमित उपस्थिति, शिक्षक शिक्षिकाको व्यवहार, व्यक्तिगत स्वास्थ्य, विद्यालयमा नियमित पठनपाठन नहुनु, परीक्षामा अनुत्तीर्ण हुनु आदि कारणले गर्दा हो (आ.प्रा.शि.का. २०५३) ।

छात्रवृत्ति प्राप्त गर्नेहरुका निम्ति छात्रवृत्ति एक आकर्षित गर्ने तत्व बनेको छ । त्यसैले तिनको कक्षा छाड्ने दरमा कमी छ तर छात्रवृत्ति प्राप्त नगर्नेहरुमा यो आकर्षित गर्ने तत्वको कमी छ, त्यसैले तिनको कक्षा छाड्ने दर बढी छ । बि.एफ. स्किनरले सिकाइका निम्ति उत्तेजनायुक्तः पुनर्बल आवश्यक छ भनेका छन्, यो भनाइ यहाँ पुष्टि भएको छ । मानिस आफ्नो आधारभूत आवश्यकता पूर्तिका निम्ति सधैं भौंतारिरहन्छ भनी मास्लोले भनेका छन् । यो भनाइ पनि यहाँ पुष्टि भएको छ । किनकि चरम गरिबीमा रहेका अभिभावकहरुले आफ्ना छोरीहरुलाई नियमित विद्यालय पठाउन सक्दैनन् र बीचैमा कक्षा छाड्नुपर्ने स्थिति सिर्जना हुन्छ ।

## ४.२.४ छात्राहरुको सिकाइ उपलब्धि स्थिति

यस शीर्षकअन्तर्गत छात्रा छात्रवृत्ति प्राप्त गर्ने र नगर्ने छात्राहरुको सिकाइ उपलब्धि स्थितिको तुलनात्मक रुपमा विश्लेषण गरिएको छ । प्रत्येक विषयमा उच्चतम सिकाइ उपलब्धिका साथ

उच्चतम अङ्क ल्याई कक्षोत्तीर्ण हुनु गुणस्तरीय शिक्षाको पहिचान हो । यसै कुरालाई मध्यनजर राखी प्रत्येक वर्ष शिक्षा विभागले जिल्ला शिक्षा कार्यालयको वार्षिक शैक्षिक कार्यक्रमभित्रै प्राथमिक तहको वार्षिक उपलब्धि परीक्षा सञ्चालन गर्नका लागि बजेटको व्यवस्था गर्दै आएको छ । जि.शि.का. मार्फत् उक्त परीक्षा सञ्चालनका लागि बजेट निकाशा गर्ने व्यवस्था मिलाइएको छ । प्रत्येक शैक्षिक वर्षको प्राथमिक तहको वार्षिक परीक्षा पश्चात् पुनः तोकिएका निश्चित कक्षाहरुको मात्र नेपाली, गणित र अङ्ग्रेजी विषयमा तिनै वार्षिक परीक्षामा सम्मिलित विद्यार्थीहरुकै सहभागितामा वार्षिक उपलब्धि परीक्षा समेत लिने व्यवस्था हुँदै आएको छ । मोरङ जिल्लामा २०६४ सालको वार्षिक परीक्षा पश्चात् सञ्चालित कक्षा ३ र ५ को वार्षिक उपलब्धि परीक्षामध्ये कक्षा ५ को उक्त परीक्षाको नतिजालाई सिकाइ उपलब्धिका रुपमा लिई अध्ययनमा संलग्न विद्यालयहरुका छात्राहरुको वार्षिक उपलब्धि परीक्षाको नतिजा स्थितिलाई मात्र निम्न तालिकामा राखी विश्लेषण गरिएको छ ।

छात्राहरुको सिकाइ उपलब्धि स्थिति (दलित छात्राबाहेक) कक्षा-३

तालिका नं. ८

| क.सं. | विद्यालय | विषयगत औषत प्राप्ताङ्क | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | नेपाली | | गणित | | अङ्ग्रेजी | |
| | | छात्रवृत्ति पाउने | नपाउने | छात्रवृत्ति पाउने | नपाउने | छात्रवृत्ति पाउने | नपाउने |
| १ | श्री अरुणोदय प्रा.वि. विराटनगर - १५ | 40 | 35 | 42 | 38 | 40 | 34 |
| २ | श्री बाल मा.वि. विराटनगर -१७ | 44 | 38 | 43 | 35 | 38 | 33 |
| ३ | श्री महेन्द्र मा.वि. विराटनगर -११ | 36 | 32 | 41 | 36 | 42 | 35 |
| ४ | श्री जनता प्रा.वि. विराटनगर -१६ | 42 | 36 | 40 | 34 | 39 | 34 |
| ५ | श्री जनपथ मा.वि. विराटनगर-१५ | 38 | 34 | 44 | 36 | 41 | 36 |
| ६ | श्री बाल मा.वि. विराटनगर -१८ | 45 | 40 | 42 | 36 | 39 | 35 |
| ७ | श्री भानु मोरङ प्रा.वि. विराटनगर-१३ | 37 | 33 | 38 | 34 | 41 | 37 |
| ८ | श्री बखरी प्रा.वि. विराटनगर -१६ | 38 | 34 | 39 | 35 | 37 | 34 |
| ९ | श्री महामाया भगवती प्रा.वि. विराटनगर-२० | 42 | 36 | 43 | 35 | 43 | 36 |
| १० | श्री मिल्स मा.वि. विराटनगर-२० | bfdf;fxL %fqj[lQ ljt/)f | | | | | |
| ११ | श्री बुद्धेश्वरी नि.मा.वि. बुधनगर-६ | 45 | 38 | 38 | 39 | 42 | 35 |
| १२ | श्री विराट प्रा.वि. बुधनगर -५ | 36 | 33 | 36 | 33 | 40 | 36 |
| १३ | श्री जनक प्रा.वि. बुधनगर -१ | bfdf;fxL %fqj[lQ ljt/)f | | | | | |
| १४ | श्री लक्ष्मी प्रा.वि. बुधनगर -९ | bfdf;fxL %fqj[lQ ljt/)f | | | | | |
| १५ | श्री दुर्गा नि.मा.वि. बुधनगर -८ | 40 | 35 | 43 | 37 | 41 | 35 |
| | **जम्मा** | 40 | 35 | 42 | 36 | 40 | 35 |

स्रोत : वार्षिक उपलब्धि परीक्षा, २०६४, मोरङ

माथिको तालिकाले छात्रा छात्रवृत्ति प्राप्त गर्ने र नगर्ने छात्राहरुको कक्षा ५को वार्षिक उपलब्धि परीक्षाको विषयगत औषत प्राप्ताङ्कको स्थितिलाई तुलनात्मकरुपमा देखाएको छ । छात्रा छात्रवृत्ति प्राप्त गर्ने छात्राहरुको औषत प्राप्ताङ्क मध्ये तीनवटै विषयको औषत प्राप्ताङकमध्ये बाल मावि (विराटनगर-१८) को सबैभन्दा बढी ४१ प्रतिशत छ भने सबैभन्दा कम दुर्गा नि.मावि.को ३७ प्रतिशत रहेको छ । १२ वटै विद्यालयहरुको तीनवटै विषयको कूल औषत उपलब्धि भने केवल ४०.६ प्रतिशत मात्र रहेको छ । छात्रा छात्रवृत्ति प्राप्त नगर्ने छात्राहरुमध्ये सबैभन्दा बढी विषयगत औषत प्राप्ताङ्क बाल मा.वि. (विराटनगर-१८) को ३७ प्रतिशत छ भने सबैभन्दा कम विराट प्रा.वि.को ३४ प्रतिशत रहेको छ । १२ वटै विद्यालयका छात्रा छात्रवृत्ति प्राप्त नगर्ने छात्राहरुको तीनवटै विषयको कूल औषत उपलब्धि भने ३५ प्रतिशत मात्र छ । छात्रा छात्रवृत्ति प्राप्त गर्ने र नगर्ने दुवै प्रकारका छात्राहरुको वार्षिक उपलब्धि परीक्षाको विषयगत औषत प्राप्ताङ्क भने उत्साहजनक देखिदैन । तथापि छात्रवृत्ति प्राप्त नगर्ने छात्राहरुभन्दा छात्रवृत्ति प्राप्त गर्ने छात्राहरुको विषयगत कूल औषत उपलब्धि ६ प्रतिशतले बढी छ । छात्रा छात्रवृत्ति कार्यक्रमका प्रभावले यो प्रतिशत बढेको हो । सिकाइ उपलब्धि राम्रो नहुनुमा चाहिँ पिछडिएको दुर्गम तथा सुविधाबिहीन वर्गका अभिभावहरुले अफ्नो खाना, कपडा, बास आदिको उचित व्यवस्था गर्न नसक्नाले ती आवश्यकता पूरा गर्ने तर्फ लाग्नुपर्ने भएकाले उनीहरुले आफ्ना बालबालिकाहरुका निम्ति न्यूनतम रुपमा भए पनि शिक्षाको अवसर दिनतिर अग्रसर हुन नसकेकाले खासगरी छोरीलाई विद्यालय भर्ना गर्न र नियमितता गर्न सकेको पाइँदैन । आर्थिक कमजोरीका कारण उचित पोषण, पोशाक, स्टेशनरी दिन नसक्दा उनीहरु पढाइमा नियमितता दिन सक्दैनन् । जसको परिणाम सिकाइ उपलब्धि राम्रो हुँदैन (सुवेदी, २०६४) । आवश्यताका श्रृङ्खलाहरुमध्ये आधारभूत आवश्यकता नै पहिलो आवश्यकता हो । यसको परिपूर्ति बिना अन्य आवश्यकताका निम्ति मानिस प्रेरित हुँदैन भन्ने मास्लोको भनाइ यस तालिकामा पुष्टि भएको छ ।

### ४.२.५ छात्रा छात्रवृत्ति कार्यक्रमको कार्यान्वयन अवस्था :

छात्रा छात्रवृत्ति कार्यक्रमको प्रभावकारिता अध्ययन यसको कार्यान्वयन पक्षसँग सम्बन्धित कोटा र रकमको पारदर्शिता, लक्षित छात्रा छनौट गर्ने आधार, छात्रा छनौट गर्ने ढाँचा, वितरण पद्धति, कार्यान्वयन निर्देशिकाको पालना, छात्रवृत्तिको सदुपयोग, रकमको प्रर्याप्तता/अपर्याप्तता, रकम वितरणको निर्देशित ढाँचा, छात्रवृत्ति वितरणसम्बन्धी गुनासाहरु र यसप्रतिको सकारात्मक धारणा एवं यस कार्यक्रमलाई प्रभावकारी बनाउने उपायहरुका सम्बन्धमा प्र.अ., शिक्षक, विद्यार्थी,

वि.व्य.स., अभिभावक, स्रोतव्यक्ति र वि.नि./शा.अ. बाट प्रश्नावली, अन्तरर्वार्ता, छलफल एवं अवलोकन आदिका माध्यमद्वारा प्राप्त सूचनाहरुको समेत तालिकीकरण गरी व्याख्या एवं विश्लेषण नगर्दासम्म अधुरै रहने भएकाले यहाँ यी प्रत्येक पक्षहरुको अलग अलग शीर्षकमा व्याख्या एवं विश्लेषण गरिएको छ ।

## लक्षित छात्रा छनौटका आधारहरु

पचास प्रतिशत छात्रा छात्रवृत्ति कार्यक्रमको उद्देश्य प्राथमिक तहका लक्षित समूहका पचास प्रतिशत छात्राहरुलाई यो सहुलियत प्रदान गर्नु हो । प्रत्येक विद्यालयले लक्षित समूहलाई नै छात्रवृत्ति प्रदान गरेको छ भन्ने सुनिश्चितता हुन नसकेमा कार्यक्रम प्रभावहीन बन्न पुग्दछ र प्राथमिक विद्यालय उमेर समूहका सबै बालिकाहरुलाई प्राथमिक शिक्षामा पहुँच सुनिश्चित गर्ने राष्ट्रिय लक्ष्य प्राप्त हुन सक्दैन । त्यसैले विद्यालयहरुले छात्रवृत्ति प्रदान गर्नका लागि लक्षित छात्रा छनौट गर्न के कस्ता आधारहरुको अवलम्बन गर्दै आएका छन् भन्ने सन्दर्भलाई तलको तालिकाले देखाएको छ ।

विद्यालयले अपनाएका लक्षित छात्रा छनौटका आधारहरु (२०६५)

तालिका ९

| क्र.सं | विवरण | प्र.अ. | | शिक्षक | | वि.व्य.स. अध्यक्ष | | औषत | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १ | सबै छात्राहरुलाई लक्षित समूह मानी छनौट गर्ने | 3 | 20 | 3 | 20 | 3 | 20 | 9 | 20 |
| २ | गरीब जेहेन्दार, सुविधाविहीन र पिछडिएकाहरु मध्येबाट छनौट गर्ने । | 9 | 60 | 8 | 53 | 10 | 67 | 27 | 20 |
| ३ | अभिभावकको स्तर हेरी स्टेशनरी भए पुग्ने, पोशाक नै चाहिने र स्टेशनरी, पोशाक दुवै चाहिने गरी लक्षित छात्रा छनौट गर्ने । | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| ४ | शिक्षक, प्र.अ. को स्वविवेक भित्र जो जो पर्दछन् । | 8 | 53 | 7 | 47 | 11 | 73 | 26 | 58 |

स्रोत : स्थलगत सर्भेक्षण, २०६६

माथिको तालिकामा देखाइएअनुसार प्र.अ., वि.व्य.स. र शिक्षकद्वारा विद्यालयहरुले अपनाएका लक्षित छात्रा छनौटका आधारहरु सम्बन्धमा आ-आफ्नो विचार व्यक्त गरेका छन् । सोलो ढोलो सबै

छात्राहरुलाई लक्षित समूह मानी सबैलाई छनौट गर्ने गरिन्छ भनी २० प्रतिशत प्र.अ. शिक्षक र वि.व्य.स. अध्यक्षहरुले आफ्नो विचार राखेका छन् । गरिब, सुविधाबिहीन र जेहेन्दारमध्येबाट छनौट गर्ने गरिन्छ भनी ६० प्रतिशत प्र.अ., ५३ प्रतिशत शिक्षक र ६७ प्रतिशत वि.व्य.स. अध्यक्षहरुले आ-आफ्ना भनाइहरु राखेका छन् । औषतमा यो प्रतिशत ६० देखिएको छ । तर अभिभावकको आर्थिक स्तर हेरी स्टेशनरी भए पुग्ने, पोशाक नै चाहिने र स्टेशनरी, पोशाक दुवै चाहिने गरी लक्षित छात्रा छनौट गर्ने आधारलाई भने कुनै विद्यालयले पनि लक्षित छात्रा छनौटको आधार बनाइएको पाइएन जब कि कार्यक्रम कार्यान्वयन निर्देशिका, २०६५, (शिक्षा विभाग) ले यसै आधारलाई अवलम्बन गर्न भनेको छ । त्यस्तै औषत ५८ प्रतिशत प्र.अ., शिक्षक र वि.व्य.स. अध्यक्षहरुले लक्षित छात्रा छनौटको आधार शिक्षक, प्र.अ.को स्वविवेकमा भर पर्ने बताएका छन् । यसरी विद्यालयहरुले कुनै एउटा निर्दिष्ट र एकै प्रकारको लक्षित छात्रा छनौटको आधार बनाइएको पाइएन ।

यस तथ्यलाई निम्न रेखा चित्रको माध्यमद्वारा यसरी प्रष्ट्याउन सकिन्छ ।

विद्यालयले अपनाएका लक्षित छात्रा छनौटका आधारहरु (२०६५)




स्रोत : स्थलगत सर्भेक्षण, २०६६

विद्यालयले अपनाएका लक्षित छात्रा छनौटका उपर्युक्त तथ्यलाई माथिको रेखा चित्रले तुलनात्मक रुपमा अझ स्पष्ट पारेको छ ।

## लक्षित छात्रा छनौट गर्ने ढाँचाहरु

छात्रा छात्रवृत्ति कार्यक्रमबाट लक्षित छात्राहरु नै लाभान्वित हुनुपर्छ । लक्षित छात्राहरु नै छनौट भएका छन् भन्ने सुनिश्चितता हुनुपर्छ । एउटा निश्चित प्रक्रिया, विधि र ढाँचाको अवलम्बनले मात्र यसको सुनिश्चितताको प्रत्याभूति गर्न सकिन्छ । विद्यालयहरुले के कस्तो संरचनाअन्तर्गत के कस्ता विधि, प्रक्रिया र ढाँचाहरुको अवलम्बन गरी लक्षित छात्रा छनौट गर्दै आएका छन् भन्ने तथ्यलाई तलको तालिका प्रस्तुत गरिएको छ ।

विद्यालयका लक्षित छात्रा छनौट गर्ने ढाँचाहरु (२०६५)
तालिका नं. १०

| क्र. सं. | विवरण | प्र.अ. | | शिक्षक | | वि.व्य.स.अ | | औषत | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| 1 | वर्ग शिक्षकले लक्षित समूह छनौट गर्ने, शिक्षक बैठकमा राख्ने र वि.व्य.स.को बैठकले टुङ्ग्याउने | 3 | 20 | 3 | 20 | 3 | 20 | 9 | 20 |
| 2 | शिक्षकहरुको समिति बनाई लक्षित छात्रा छनौट गर्ने र प्र.अ.ले वि.व्य.स.को बैठकबाट टुङ्ग्याउने | 4 | 27 | 4 | 27 | 4 | 27 | 12 | 27 |
| 3 | भर्ना भएका सबै छात्राहरुलाई दिने गरी वि.व्य.स.ले टुङ्ग्याउने | 3 | 20 | 3 | 20 | 3 | 20 | 9 | 20 |
| 4 | शिक्षक, प्र.अ. ले लक्षित छात्रा छनौट गर्ने र वि.व्य.स.ले टुङ्ग्याउने | 3 | 20 | 3 | 20 | 3 | 20 | 9 | 20 |
| 5 | प्र.अ. र वि.व्य.स.ले आवश्यक प्रक्रिया अपनाई लक्षित छात्राहरु छनौट गर्ने | 2 | 13 | 2 | 13 | 2 | 13 | 6 | 13 |
| 6 | शिक्षक, प्र.अ., वि.व्य.स. / PTA को सहभागितामा उपयुक्त छनौट प्रक्रिया अपनाइ लक्षित छात्राहरु छनौट गर्ने | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |

स्रोत : स्थलगत सर्भेक्षण, २०६६

माथिको तालिकामा विद्यालयहरुले २०६५ सालको पचास प्रतिशत छात्रा छात्रवृत्ति प्रदान गर्नका लागि छात्रा छनौट गर्न अपनाएका संरचना, विधि र प्रक्रियाका सम्बन्धमा शिक्षक, प्र.अ. र वि.व्य.स. अध्यक्षहरुका अभिव्यक्तिहरुलाई देखाइएको छ । औषत २० प्रतिशत उत्तरदाताहरुले वर्ग

शिक्षकहरुद्वारा लक्षित छात्रा छनौट गर्ने, शिक्षक बैठकमा राख्ने र वि.व्य.स.ले टुङ्ग्याएको बताएका छन् । औषत २७ प्रतिशतले शिक्षकहरुले समिति बनाई लक्षित छात्रा छनौट गर्ने र प्र.अ.ले वि.व्य.स. बैठकबाट टुङ्ग्याएको बताएका छन् । भर्ना भएका सबै छात्राहरुलाई दिने गरी वि.व्य.स.ले टुङ्ग्याएको भनी औषत २० प्रतिशतले बनाएका छन् भने शिक्षक, प्र.अ. मिली छनौट गरेको र वि.व्य.स.ले टुङ्ग्याएको भनी अरु २० प्रतिशतले बताएको छन् । त्यस्तै प्र.अ. र वि.व्य.स.ले आधार तय गरी छात्रा छनौट गरिएको पक्षलाई १३ प्रतिशतले उठाएका छन् । तर शिक्षक, प्र.अ., वि.व्य.स. र PTA को सहभागितामा उपयुक्त छनौट प्रक्रिया अपनाई लक्षित छात्रा छनौट गर्ने संरचनागत ढाँचालाई भने कसैले अवलम्बन गरेको पाइएन जबकि कार्यक्रम कार्यान्वयन निर्देशिका २०६५ ले यसै प्रक्रियालाई आधार मान्न निर्देश गरेको छ ।

## छात्रा छात्रवृत्ति वितरणका आधारहरु

पचास प्रतिशत छात्रा छात्रवृत्ति कार्यक्रमको प्रभावकारितालाई रकम वितरणसम्बन्धी तय गरिएका आधारहरुले पनि प्रत्यक्ष प्रभाव पार्छ । छात्रवृत्ति प्राप्त गर्ने छात्राहरुलाई पनि सकारात्मक विभेदीकरणका आधारमा अभिभावकको आर्थिक स्तर हेरी वर्गीकरण गर्न सकिन्छ र त्यसैका आधारमा रकमलाई पनि नरमकरम गरी वितरण गर्न सक्नुपर्छ । अन्यथा कार्यक्रमको असर प्रभावकारी नबन्न सक्छ । कुन कुन स्तरका छात्राहरुलाई के के का आधारमा के कति रकम विद्यालयहरुले यो वर्ष (२०६५) वितरण गरेका छन् भन्ने तथ्यलाई तलको तालिकामा देखाइएको छ ।

विद्यालयले अपनाएका छात्रा छात्रवृत्ति वितरणका आधारहरु (२०६५)

तालिका नं. ११

| क्र. सं. | विवरण | प्र.अ. | | शिक्षक | | वि.व्य.स. अ | | औसत | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| 1 | स्टेशनरी मात्र दिँदा हुनेलाई रु. १५०।- | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 2 | पोशाकको आवश्यकता भएमा रु. ३००।- | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 3 | पोशाक, स्टेशनरी दुवै आवश्यक पर्नेलाई रु. ४५०।- | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 4 | प्राप्त रकम सबै छात्राहरुलाई दामासाहीले | 3 | 20 | 3 | 20 | 3 | 20 | 9 | 20 |
| 5 | प्रतिकोटा प्रतिलक्षित छात्रा रु. ३५०।- पूरै (जि.शि.का.ले प्रति कोटा जति निकाशा दिन्छ) | 12 | 80 | 12 | 80 | 12 | 80 | 36 | 80 |
| 6 | क्रमसंख्या १, २ र ३ कोआधार राम्रो हो तर यसरी ३ खाले रकम दिने अधिकार विद्यालयलाई छैन । | 15 | 100 | 15 | 100 | 15 | 100 | 45 | 100 |

स्रोत : स्थलगत सर्भेक्षण, २०६६

माथिको तालिकाले अध्ययनका लागि छनौट गरिएका कुनैपनि विद्यालयहरुले स्टेशनरी मात्र चाहिने, पोशाक नै आवश्यक हुने र पोशाक, स्टेशनरी दुवै आवश्यक पर्ने भनी छात्राहरुलाई सकारात्मक विभेदका आधारमा वर्गीकरण नगरेको देखाएको छ । त्यस्तै छात्रवृत्ति रकमलाई पनि उपर्युक्त वर्गीकरणअनुसारका शीर्षकहरुमा छुट्याएर वितरण नगरेको देखाएको छ । औषत २० प्रतिशत

प्र.अ., शिक्षक र वि.व्य.स. अध्यक्षहरुले छात्रवृतिको सबै रकम सबै छात्राहरुलाई दामासाही रुपमा वितरण गरेको कुरालाई पुष्टि गरेका छन् । त्यस्तै औषत ८० प्रतिशत उत्तरदाताहरुले प्रतिकोटा प्रति छात्रा जिल्लाबाट प्राप्त रकम लक्षित छात्राहरु छनौट गरी जस्ताको तस्तै वितरण गरिएको छ भनेका छन् । स्टेशनरी मात्र दिँदा हुनेलाई रु.१५०।-, पोशाक आवश्यक पर्नेलाई रु. ३००।- र स्टेशनरी,, पोशाक दुवै आवश्यक पर्नेलाई रु.४५०।- दिन सकिने आधारलाई १०० प्रतिशत प्र.अ., शिक्षक र वि.व्य.स. अध्यक्षहरुले राम्रो आधार हो तर विद्यालयलाई यसो गर्ने अधिकार नभएको बताएका छन् । यसबाट के पुष्टि हुन्छ भने विद्यालयहरुलाई क्रमसङ्ख्या ६ को छात्रा छात्रवृत्ति रकम वितरणको आधारसम्बन्धी सूचना प्रवाह गर्ने गराउने कार्य नै जि.शि.का. बाट भएको छैन ।

## छात्रवृत्ति कोटा र रकमको पारदर्शिता

पारदर्शिता कुनै पनि कार्यक्रमको प्रभावकारिताको आधारशिला हो । छात्रा छात्रवृत्तिसम्बन्धी कोटा र रकमको पारदर्शिताले निश्चय नै यस कार्यक्रमको प्रभावकारितामा थप बल प्रदान गर्न सक्छ । पचास प्रतिशत छात्रा छात्रवृत्ति कार्यक्रमअन्तर्गत विद्यालयलाई कति कोटा प्राप्त भयो र प्रति कोटा रकम कति हो भन्ने कुराको जानकारी सम्बन्धित सबै सरोकारवालाहरुलाई हुनु जरुरी छ । विद्यालयका शिक्षक, कर्मचारी, विद्यार्थी, अभिभावक, वि.व्य.स., PTA एवं नागरिक समाज सबै जानकार हुनु आवश्यक छ । विद्यालयमा छात्रवृत्ति कोटा र रकमको पारदर्शिता कत्तिको छ., यससम्बन्धी सूचना प्रवाह विद्यालयहरुले कसरी गर्दै आएका छन् भन्नेबारे प्र.अ., शिक्षक, विद्यार्थी, अभिभावक र वि.व्य.स. अध्यक्षहरुको प्रतिक्रियालाई तलको तालिमा देखाइएको छ ।

छात्रवृत्ति कोटा र रकमको पारदर्शिता

तालिका नं. १२

| क्र. सं. | विवरण | प्र.अ. | | शिक्षक | | विद्यार्थी | | अभिभावक | | वि.व्य.स. अ | | औसत | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| 1 | पारदर्शिता छ., छात्रवृत्ति कोटा र रकम विद्यालयको सूचना पाटीमा टाँसिन्छ । | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 2 | पारदर्शिता छैन., केही थाहा छैन । | 0 | 0 | 8 | 53 | 11 | 73 | 9 | 60 | 6 | 40 | 34 | 45 |
| 3 | सामान्य चर्चासम्म गरिन्छ । | 15 | 100 | 7 | 47 | 0 | 0 | 6 | 40 | 9 | 60 | 36 | 48 |
| 4 | जे थाहा छ प्र.अ.लाई नै छ., उनी नै सर्वेसर्वा छन् । | 0 | 0 | 7 | 47 | 11 | 73 | 9 | 60 | 6 | 40 | 33 | 44 |

स्रोत : स्थलगत सर्भेक्षण, २०६६

माथिको तालिकामा कुनै पनि विद्यालयहरुले छात्रवृत्ति कोटा र रकम विद्यालयको सूचना पाटीमा टाँस्ने नगरेको विचार व्यक्त गरेका छन् । ५३ प्रतिशत शिक्षक, ७३ प्रतिशत विद्यार्थी, ६० प्रतिशत अभिभावक र ४० प्रतिशत वि.व्य.स. अध्यक्षहरुले पारदर्शिता छैन., केही थाहा हुँदैन भनेका छन् । औषतमा यो प्रतिशत ४५ रहेको छ । त्यस्तै १०० प्रतिशत प्र.अ., ४७ प्रतिशत शिक्षक, ४० प्रतिशत अभिभावक र ६० प्रतिशत वि.व्य.स. अध्यक्षहरुले छात्रवृत्ति कोटा र रकमबारे सामान्य चर्चासम्म हुने गरेको विचार व्यक्त गरेका छन् । औषतमा यो प्रतिशत ४८ रहेको छ । तर सबै विद्यार्थीहरुले कोटा र रकमको सामान्य चर्चासम्म नहुने गरेको विचार व्यक्त गरेका छन् । औषतमा ४४ प्रतिशतले उत्तरदाताहरुले भने छात्रवृत्ति कोटा र रकमबारे जे थाहा छ, प्र.अ.लाई छ., उनीनै सर्वेसर्वा छन् भनेका छन् । यस सवाललाई १०० प्रतिशत प्र.अ.हरुले भने अस्वीकार गरेका छन् । समष्टिमा छात्रा छात्रवृत्तिको कोटा र रकमको पूर्ण पारदर्शिता हुन नसकेको तथ्यलाई उपर्युक्त उत्तरदाताहरुको अभिव्यक्तिले पुष्टि गरेको छ ।

### छात्रवृत्ति वितरण परम्परा

छात्रा छात्रवृत्ति कार्यक्रमलाई गरिब, सुविधाबिहीन र आर्थिक सामाजिक रुपमा पछि परेका बालिकाहरुको प्राथमिक शिक्षामा भर्ना पहुँच र सहभागिता अभिबृद्धि गराउने एक लोकप्रिय

कार्यक्रमका रुपमा हेरिएको छ । कार्यक्रमको मर्मअनुसारको कार्यान्वयनबाट मात्र मुलुकको राष्ट्रिय अपेक्षा पूरा हुन सक्छ । यस कार्यक्रमको कार्यान्वयनको एक महत्वपूर्ण पक्ष भनेको प्रभावकारी छात्रवृत्ति वितरण प्रक्रिया पनि हो । छात्रा छात्रवृत्ति वितरणसम्बन्धी निश्चित प्रक्रिया र नर्म्स तय भए तापनि व्याबहारिक रुपमा यसको कार्यान्वयन पक्षमा विविधता देखा परेको तथ्यलाई अध्ययनले समेत पुष्टि गरेको छ (शिक्षा विभागद्वारा गरिएका अध्ययनहरुको प्रतिवेदन, २०६३/०६४) । अध्ययनका लागि छनौट गरिएका विद्यालयहरुको छात्रा छात्रवृत्ति वितरण परम्परा के कस्तो रहिआएको छ भन्ने तथ्यलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

छात्रवृत्ति वितरण परम्परा

तालिका नं. १३

| क्र.सं. | विवरण | प्र.अ. | | शिक्षक | | वि.व्य.स.अ | | औषत | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| 1 | सबै छात्राहरुलाई प्रत्येक वर्ष दामासाही नगद | 3 | 20 | 3 | 20 | 3 | 20 | 9 | 20 |
| 2 | प्रत्येक वर्ष लक्षित छात्राहरुलाई मात्र प्रति कोटा प्रति छात्रा तोकिएको रकम सबै | 4 | 27 | 4 | 27 | 4 | 27 | 12 | 27 |
| 3 | प्रत्येक वर्ष कोटा अनुसार नै तर आलोपालो | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 4 | कुनै वर्ष दामसाही रकम त कुनै वार्ष लक्षित समूहलाई मात्र | 8 | 53 | 8 | 53 | 8 | 53 | 24 | 53 |
| 5 | प्रत्येक वर्ष लक्षित छात्राहरुलाई स्टेशनरी पोशाक एवं स्टेशनरी पोशाक दुवै वापतको रकम पाउने गरी श्रेणीमा राखेर | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 6 | कुनै वर्ष दामासाही रकम कुनै वर्ष लक्षित समूहलाई मात्र पूरै रकम त कुनै वर्ष पोशाक कपडा किनेर वितरण गरेर | 8 | 53 | 8 | 53 | 8 | 53 | 24 | 53 |

स्रोत : स्थलगत सर्भेक्षण, २०६६

माथिको तालिकामा औषत २० प्रतिशत प्र.अ., शिक्षक र वि.व्य.स. अध्यक्षहरुले सबै छात्राहरुलाई प्रत्येक वर्ष दामासाही रुपमा छात्रवृत्तिको रकम वितरण गरिँदै आएको छ भनेका छन् भने औषत २७ प्रतिशत उत्तरुदाताहरुले प्रत्येक वर्ष लक्षित छात्राहरु नै छनौट गरेर प्रति छात्रा प्रतिकोटा तोकिएको सबै रकम वितरण गरिँदै आएको बताएका छन् । औषत ५३ प्रतिशत प्र.अ., शिक्षक र वि.व्य.स. अध्यक्षहरुकाअनुसार चाहिँ कुनै वर्ष सबै छात्राहरुलाई दामासाही रकम त कुनै वर्ष लक्षित समूह नै छनौट गरी वितरण गर्ने गरेको बताएका छन् । स्टेशनरी वापत, पोशाक वापत र स्टेशनरी पोशाक

दुबै वापत रकम पाउने गरी लक्षित छात्राहरुलाई वर्गीकरण गरेर रकम वितरण गर्ने कार्यलाई भने कुनै पनि विद्यालयहरुले अवलम्बन गर्ने गरेको पाइएन । कुनै वर्ष दामासाही रकम सबैलाई, कुनै वर्ष लक्षित समूहलाई मात्र पूरै रकम त कुनै वर्ष पोशाकको कपडा नै किनेर वितरण गर्ने गरेको छ भनी औषत ५३ प्रतिशत प्र.अ. शिक्षक र वि.व्य.स. अध्यक्षहरुले बताएका छन् । यसरी कुनै पनि विद्यालयको छात्रवृत्ति वितरण प्रक्रिया समान किसिमको नभएको देखिन्छ । आगामी वर्षहरुमा समेत विद्यालयहरुले यो प्रक्रिया अपनाएर यसरी नै छात्रवृत्ति वितरण गर्छन् भन्ने कुनै निश्चित आधार बताउन सकिने अवस्था देखिँदैन ।

## छात्रवृत्ति कार्यसञ्चालन निर्देशिकासम्बन्धी धारणा

कुनै पनि कार्यक्रमको सही र प्रभावकारी कार्यान्वयनका लागि निश्चित आधारसहितको कार्यसञ्चालन निर्देशिका तर्जुमा गरिएको हुन्छ । सबैखाले छात्रवृत्तिहरुको प्रभावकारी कार्यान्वयन गर्ने उद्देश्यले शिक्षा विभागले यससम्बन्धी कार्य सञ्चालन निर्देशिका तय गरी कार्यान्वयनमा ल्याउँदै आएको छ । यसै निर्देशिकालाई मुख्य आधार बनाई विद्यालयहरुले लक्षित छात्रा छनौट गर्ने र छात्रवृत्ति वितरण गर्ने व्यवस्था मिलाउनु पर्ने हुन्छ । अध्ययनमा संलग्न विद्यालयको छात्रवृत्ति कार्यान्वयन गर्न तय भई कार्यान्वयनमा आएको कार्य सञ्चालन निर्देशिकासम्बन्धीको धारणालाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

छात्रवृत्ति कार्यान्वयन निर्देशिकासम्बन्धी धारणा

तालिका नं-१४

| क्र.सं. | विवरण | प्र.अ. | | शिक्षक | | वि.व्य.स.अ | | औषत | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| 1 | सुतेको हो., देखेको छैन., होला । | 4 | 27 | 3 | 20 | 3 | 20 | 10 | 22 |
| 2 | छ भन्ने पनि सुनेको छैन । | 11 | 73 | 12 | 80 | 12 | 80 | 35 | 78 |
| 3 | विद्यालयमा उपलब्ध छ., हेरेको छु । | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 4 | स्रोतव्यक्ति/ वि.नि. तथा जि.शि.का.ले अहिलेसम्म यस्तो निर्देशन पठाएको छैन । | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |

स्रोत : स्थलगत सर्भेक्षण, २०६६

माथिको तालिकामा छात्रवृत्ति कार्यक्रमसम्बन्धी कार्य सञ्चालन निर्देशिका छ भन्ने सुनेको हो तर देखेको छैन भनी २७ प्रतिशत प्र.अ., २० प्रतिशत शिक्षक र २० प्रतिशत नै वि.व्य.स. अध्यक्षहरुले आ-आफ्नो विचार व्यक्त गरेका छन् । औषतमा यस्तो विचार व्यक्त गर्नेहरुको प्रतिशत २२ रहेको छ । ७३ प्रतिशत प्र.अ., ८० प्रतिशत शिक्षक र ८० प्रतिशत नै वि.व्य.स. अध्यक्षहरुले भने यस्तो निर्देशिका छ भन्ने पनि सुनेको छैन भनेका छन् । औषतमा यस्तो अभिव्यक्ति दिनेहरुको प्रतिशत ७८ छ । यस्तो निर्देशिका र निर्देशन विद्यालयमा उपलब्ध छ., हेरेको छु भन्ने उत्तरदाता कोही पाइएन । जि.शि.का.को योजना शाखा, वि.नि., स्रोतव्यक्ति कसैले पनि छात्रवृत्ति वितरणसम्बन्धी कार्यान्वयन निर्देशिकाबारे आजसम्म जानकारी नगराएको र यसबारे छलफलसमेत नचलाएको तथ्यलाई सबै उत्तरदाताहरुले पुष्टि गरेका छन् ।

## कार्यक्रम कार्यान्वयनमा जि.शि.का.को भूमिका

जिल्ला भित्रका हरेक शैक्षिक कार्यक्रम सञ्चालनमा जि.शि.काको महत्वपूर्ण भूमिका रहेको हुन्छ । प्रत्येक शैक्षिक कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन तथा सहजीकरण गर्नु जि.शि.का.को दायित्व नै हुन जान्छ । माथिल्लो निकायबाट तय भएका कार्यक्रम सञ्चालनसम्बन्धी नीति निर्देशनहरुको प्रवाह गर्ने, त्यसको अनुगमन गर्ने र आवश्यकताअनुसार थप निर्देशन प्रवाह गर्ने, त्यसको अनुगमन गर्ने र आवश्यकताअनुसार थप निर्देशन प्रवाह गरी कार्यक्रमको प्रभावकारिता अभिवृद्धि गर्ने जस्ता कार्यहरु जि.शि.का.ले सम्पादन गर्नुपर्ने हुन्छ । विद्यालयहरुलाई प्रदान गरिने पचास प्रतिशत छात्रा छात्रवृत्ति कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा पनि जि.शि.का.को उत्तिकै महत्वपूर्ण भूमिका रहेको हुन्छ । छात्रवृत्ति वितरणसम्बन्धी शिक्षा विभागद्वारा तय भएका नीति, नियमहरुको प्रवाहका अतिरिक्त जिल्ला शिक्षा कार्यालय स्वयंले सम्पादन गर्नुपर्ने छात्रवृत्ति वितरणसम्बन्धी कार्यहरु समेतको कार्यान्वयन अवस्थालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

जि.शि.का. बाट भएका नीति निर्देशनसम्बन्धी कार्यहरु

तालिका नं-१५

| क्र. सं. | विवरण | प्र.अ. | | शिक्षक | | जव.व्य.स.अ | | औषत | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| 1 | जिल्ला छात्रवृत्ति व्यवस्था समिति गठन गरेको | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 2 | समितिले छात्रवृत्ति वितरणको स्पष्ट आधार तयार गरी वि.व्य.स.लाई निर्देशन दिने गरेको | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 3 | छात्रवृत्ति वितरणका आधार र रकम समेत जि.शि.काको सूचना पाटीमा टाँस्ने गरेको | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 4 | जि.शि.का स्वयंले वितरणको आधार तयार गरी विद्यालयलाई निर्देशन दिने गरेको | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 5 | स्रोतव्यक्तिहरुको मासिक जिल्ला बैठकमा प्रतिकोटा तोकिएको रकम र रकम प्रदान गर्न सकिने शीर्षकबारे जानकारी गराउने गरेको | 4 | 100 | 4 | 100 | 2 | 100 | 10 | 100 |
| 6 | जिल्ला बैठकको छलफल बारे स्रोतव्यक्तिहरुलाई प्र.अ.हरुको बैठकमा राख्न निर्देशन दिइएको र त्यसको पालना भएको | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 7 | नियमित रुपमा छात्रा छात्रवृत्ति कार्यक्रमको कार्यान्वियन अवस्थाबारे अनुगमन तथा निरीक्षण गर्ने गराउने गरेको | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 8 | उजुरी परेमा मात्र निरीक्षण अनुगमन गराई प्रतिवेदन पेश गर्ने गरेको | 4 | 100 | 4 | 100 | 2 | 100 | 10 | 100 |

स्रोत : स्थलगत सर्भेक्षण २०६६

माथिको तालिकामा जिल्ला शिक्षा कार्यालय मोरङद्वारा सम्पादन भएका छात्रा छात्रवृत्ति कार्यान्वयनसम्बन्धी कार्यक्रमकाबारेमा विद्यालय निरीक्षक, शाखा अधिकृत र स्रोतव्यक्तिहरुको प्रतिक्रियालाई उल्लेख गरिएको छ । सबै उत्तरदाताहरुले जि.शि.काबाट जिल्ला छात्रवृत्ति व्यवस्था समिति गठन नगरेको, समितिले छात्रवृत्ति वितरणको स्पष्ट आधार तयार गरी वि.व्य.स.लाई निर्देशन दिने नगरेको, छात्रवृत्ति वितरणका आधार र रकम समेत जि.शि.का.ले सूचना पाटीमा टाँस्ने नगरेको र जि.शि.का स्वयंले समेत वितरणको आधार तयार गरी विद्यालयहरुलाई निर्देशन दिने नगरेको बताएका छन् । सतप्रतिशत उत्तरदाताहरुले स्रोतव्यक्तिहरुको जिल्ला बैठकमा छात्रवृत्ति वितरणसम्बन्धी प्रति कोटा तोकिएको रकम र रकम प्रदान गर्न सकिने शीर्षकबारे चाहिँ जानकारी गराएको बताएका छन् । जिल्ला बैठकमा भएको उक्त छलफललाई स्रोतव्यक्तिहरुबाट पनि आ-

आफ्नो स्रोतकेन्द्र प्र.अ. बैठकमा राख्ने नगरेको र छात्रवृत्ति कार्यक्रमको कार्यान्वयन अवस्था सम्बन्धमा अनुगमन र निरीक्षण कसैबाट हुने नगरेको बताएका छन् । सबै वि.नि./शा.अ. र स्रोतव्यक्तिहरुकाअनुसार उजुरी परेको अवस्थामा भने यस कार्यक्रमको अनुगमन र निरीक्षण गरी प्रतिवेदन दिने गरेको बताएका छन् । समष्टिमा छात्रा छात्रवृत्ति कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा जि.शि.का.को भूमिका प्रभावपूर्ण नरहेको पाइयो ।

### छात्रा छात्रवृत्ति रकमको पर्याप्तता/अपर्याप्तता

प्रतिकोटा रकम न्यून भए तापनि छात्रा छात्रवृत्ति कार्यक्रममा ठूलो धनराशी खर्च हुँदै आएको छ । प्राथमिक विद्यालयमा अध्ययनरत ५० प्रतिशत छात्राहरु यस कार्यक्रमबाट लाभान्वित भइरहेका छन् । यस कार्यक्रमबाट हरेक सुविधाबिहीन, गरिब र पिछडिएका वर्गका बालिकाहरुमा समेत विद्यालयप्रति आकर्षण बढेको छ । छात्राहरुको भर्नादर, नियमितता र कक्षोत्तीर्ण दरमा पनि सुधार आएको छ । तथापि चरम गरिबीको स्थितिमा रहेका, बिहान बेलुकी हातमुख जोर्न धौ-धौ पर्ने वर्गलाई भने यस कार्यक्रमले खासै प्रभाव पार्न सकेको छैन । लाभान्वित समूह र सम्बन्धित सरोकारवालाहरुले समेत प्राप्त छात्रवृत्ति रकमले शिक्षाको न्यूनतम लागतलाई समेट्न नसकेको गुनासाहरु गर्ने गरेका छन् । छात्रा छात्रवृत्ति रकमको पर्याप्तता/अपर्याप्तता सम्बन्धमा अध्ययनमा संलग्न विद्यालयहरुका शिक्षक, अभिभावक, प्र.अ., विद्यार्थी एवं वि.व्य.स. अध्यक्षहरुको प्रतिक्रियालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

छात्रवृत्ति रकमको पर्याप्तता/अपर्याप्तता

तालिका नं. १६

| क्र. सं. | विवरण | शिक्षक | | प्र.अ. | | अभिभावक | | विद्यार्थी | | वि.व्य.स. अ. | | औषत | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| 1 | पर्याप्त छैन., कापी, कलम, झोला, पोशाक र खाजासमेत पुग्ने गरी दिए हुन्थ्यो । | 10 | 67 | 8 | 53 | 15 | 100 | 15 | 100 | 9 | 60 | 57 | 76 |
| 2 | नाम मात्रको छ., अभिभावकको स्तर हेरेर दिए हुन्थ्यो । | 13 | 87 | 12 | 80 | 11 | 73 | 13 | 87 | 11 | 73 | 60 | 80 |
| 3 | आंशिक सहयोग पुग्न सक्छ., नरमकरम मिलाएर लक्षित समूहलाई मात्र वितरण गर्न सक्नुपर्छ । | 9 | 60 | 10 | 73 | 5 | 33 | 6 | 40 | 7 | 47 | 37 | 49 |
| 4 | पर्याप्त छैन., शिक्षाको न्यूनतम लागत व्यहोर्न सकेको छैन । | 8 | 53 | 9 | 60 | 11 | 73 | 10 | 67 | 11 | 73 | 49 | 65 |
| 5 | चरम गरिबी र बिहान बेलुकी हातमुख जोर्न धौ धौ पर्नेहरुलाई पनि आकर्षित हुनेगरी रकम छुट्याइनु पर्छ । | 13 | 87 | 14 | 93 | 15 | 100 | 9 | 60 | 10 | 67 | 61 | 81 |


स्रोत : स्थलगत सर्भेक्षण, २०६६

माथिको तालिकामा औषत ७६ प्रतिशत उत्तरदाद्धाहरुले छात्रवृत्ति रकम पर्याप्त छैन, कापी, कलम, झोला, पोशाक र खाजा समेतलाई पुग्नेगरी दिए हुन्थ्यो भनेका छन् । सतप्रतिशत अभिभावक र विद्यार्थी, ६७ प्रतिशत शिक्षक, ५३ प्रतिशत प्र.अ. र ६० प्रतिशत वि.व्य.स. अध्यक्षहरुले यस्तो प्रतिक्रिया दिएका छन् । नाम मात्रको छ., अभिभावकको स्तर हेरी दिए हुन्थ्यो भन्ने विचार व्यक्त गर्नेहरुमा ८७ प्रतिशत शिक्षक, ८० प्रतिशत प्र.अ., ७३ प्रतिशत अभिभावक र वि.व्य.स. अध्यक्षहरु रहेका छन् । औषतमा यस्तो विचार व्यक्त गर्नेहरुको प्रतिशत ८० रहेको छ । आंशिक सहयोग पुग्न सक्छ., तर नरमकरम मिलाएर लक्षित समूहलाई मात्र वितरण सक्नुपर्छ भन्ने मत जाहेर गर्नेहरुको औषत प्रतिशत भने ४९ रहेको छ । त्यस्तै पर्याप्त छैन., शिक्षाको न्यूनतम लागत समेत व्यहोर्न सकेको छैन भन्ने उत्तरदाताहरुको औषत प्रतिशत चाहिँ ६५ रहेको छ । चरम गरिबी र बिहान बेलुकी हातमुख जोर्न धौ-धौ पर्नेहरुलाई पनि आकर्षित हुनेगरी रकम छुट्याउनुपर्छ भन्ने विचार व्यक्त गर्नेहरुको औषत प्रतिशत सबैभन्दा बढी रहेको छ र औषतमा यो प्रतिशत ८१ रहेको छ ।

समष्टिमा लक्षित समूहको आर्थिक अवस्था हेरी शिक्षाको न्यूनतम लागत व्यहोर्ने सम्मको रकमको व्यवस्था छात्रा छात्रवृत्ति कार्यक्रममा राख्नुपर्ने कुरामा उत्तरदाताहरुले जोड दिएका छन् । मानिसका आवश्यकताका श्रृङ्खलाहरुमध्ये पहिलो आवश्यकता शारीरिक आवश्यकता हो । यस अन्तर्गत खाना, बास, कपडा आदि पर्दछन् । यसको पूर्ति नभै मानिस अन्य थप आवश्यकताका लागि प्रेरित हुन सक्दैन भन्ने अब्राहम मास्लोको अभिप्रेरणाको सिद्धान्त उपर्युक्त तालिकामा पुष्टि भएको छ ।

छात्रवृत्ति कार्यक्रमको पर्याप्तता/अपर्याप्तता सम्बन्धमा उत्तरदाताहरुले दिएका अभिव्यक्तिहरुलाई बार ग्राफमा यसरी उल्लेख गर्न सकिन्छ ।

छात्रवृत्ति रकमको पर्याप्तता/अपर्याप्तता




स्रोत : स्थलगत सर्भेक्षण, २०६६

उपर्युक्त बार ग्राफले छात्रवृत्ति रकमको पर्याप्तता/अपर्याप्तता सम्बन्धमा शिक्षक, प्र.अ., अभिभावक,विद्यार्थी र वि.व्य.स.अध्यक्षबाट प्राप्त प्रतिक्रियाहरुलाई तुलनात्मक रुपमा अझ स्पष्ट पार्ने काम गरेको छ ।

## छात्रवृत्तिको सदुपयोग स्थिति

कार्यान्वयनमा ल्याइएको कुनै पनि कार्यक्रमबाट सम्बन्धित लक्षित वर्ग नै लाभान्वित हुन पाउनुपर्छ । जुन प्रयोजनका लागि जसलाई छात्रवृत्ति रकम प्राप्त हुन्छ उसै प्रयोजनमा त्यो रकम खर्च गरिनुपर्छ., त्यसबाट ऊ स्वयं लाभान्वित हुन पाउनुपर्छ । विद्यार्थीका लागि आवश्यक स्टेशनरी, पोशाक, खाजा वा अन्य आवश्यक सामग्रीहरुको पूर्तिका लागि पाएको रकम खर्च हुनु आवश्यक छ

जसले विद्यार्थीको पठनपाठन गतिविधिमा थप उर्जा प्रदान गर्न सकोस् । पचास प्रतिशत छात्रा छात्रवृत्तिबाट लाभान्वित छात्राहरुलाई प्रदान गरिएको रकमको उपयोग स्थिति कस्तो छ ? कुन शीर्षकअन्तर्गत कसरी खर्च हुँदै आएको छ ? भन्ने सवालमा अध्ययनमा संलग्न विद्यालयका छात्रा छात्रवृत्ति प्राप्त विद्यार्थी र अभिभावकहरुले दिएको प्रतिक्रियालाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

छात्रवृत्तिको सदुपयोग स्थिति
तालिका नं. १७


| क्र. सं. | विवरण | **अभिभावक** | | **विद्यार्थी** | | **औषत** | |
|---|---|---|---|---|---|---|---|
| | | **सङ्ख्या** | **प्रतिशत** | **सङ्ख्या** | **प्रतिशत** | **सङ्ख्या** | **प्रतिशत** |
| 1 | ट्युसन | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 2 | कापी, कलम, पेन्सिल आदि | 3 | 20 | 4 | 27 | 7 | 23 |
| 3 | पोशाक | 6 | 40 | 5 | 33 | 11 | 37 |
| 4 | खाजा एवं पकेट खर्च | 2 | 13 | 1 | 7 | 3 | 10 |
| 5 | घरायसी खर्च | 4 | 27 | 5 | 33 | 9 | 30 |
| 6 | अन्य | 0 | 0 | 0 | 0 | 0 | 0 |

स्रोत : स्थलगत सर्भेक्षण, २०६६

माथिको तालिकामा अभिभावक, विद्यार्थी सबैले छात्रवृत्ति वापत प्राप्त रकम ट्यूसनमा खर्च नगर्ने गरेको बताएका छन् । औषत २३ प्रतिशत अभिभावक र विद्यार्थीहरुले छात्रवृत्तिको रकम कापी, कलम, पेन्सिल आदिका लागि खर्च गर्ने गरेको बताएका छन् । यस्तो प्रतिक्रिया दिने अभिभावक २० प्रतिशत छन् भने विद्यार्थीको प्रतिशत चाहिँ २७ रहेको छ । ४० प्रतिशत अभिभावक र ३३ प्रतिशत विद्यार्थीहरुले प्राप्त छात्रवृत्ति रकमबाट पोशाक किन्ने गरेको बताएका छन् । औषतमा यस्तो विचार व्यक्त गर्नेहरुको प्रतिशत ३७ रहेको छ । त्यस्तै १० प्रतिशत अभिभावक र विद्यार्थीले चाहिँ प्राप्त छात्रवृत्ति रकमलाई विद्यार्थीको खाजा र पकेट खर्चमा लगाउने गरेको बताएका छन् । औषत ३० प्रतिशत अभिभावक र विद्यार्थीले भने प्राप्त रकमलाई घरायसी खर्चमा लगाउने गरेको बताएका छन् । यसरी छात्रवृत्ति वापत प्राप्त रकमलाई आ-आफ्नो आवश्यकताअनुसार घरायसी खर्चमा समेत उपयोग गरेको पाइयो ।

प्राप्त रकमलाई कुन कुन शीर्षकमा के कसरी खर्च गर्ने गरेको छ भन्ने तथ्यलाई तलको वृत्त चित्रमा देखाइएको छ ।

छात्रवृत्तिको सदुपयोग स्थिति




स्रोत : स्थलगत सर्भेक्षण, २०६६

उपर्युक्त वृत्तचित्रमा रकमको सदुपयोगका सम्बन्धमा उत्तरदाताहरुबाट प्राप्त औषत प्रतिक्रियालाई तुलनात्मक रुपमा देखाइएको छ ।

## छात्रा छात्रवृत्ति कार्यक्रमको आलोचनात्मक पक्ष

यस कार्यक्रमको प्रभावकारिता यसले लिएको नीति, व्यवस्थापन र यसको कार्यान्वयन पक्षमा निर्भर गर्दछ । यस कार्यक्रमको प्रभाव के लाउनका लागि सम्बन्धित सरोकारवालाहरुका प्रतिक्रियाहरुलाई विभिन्न तालिकामा प्रस्तुत गरी विश्लेषण गर्ने क्रममा यस तालिकामा अध्ययनमा संलग्न विद्यालयका उत्तरदाताहरुले व्यक्त गरेका यस कार्यक्रमसँग सम्बन्धित कमजोरीहरुको विश्लेषण गर्ने कार्य भएको छ ।

छात्रा छात्रवृत्ति कार्यक्रमको आलोचनात्मक पक्ष

तालिका नं. १८


| क्र. सं. | विवरण | शिक्षक | | प्र.अ. | | अभिभावक | | वि.व्य.स. अध्यक्ष | | स्रो.व्य. | | वि.वि. | | औषत | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| 1 | नाम मात्रको छ., हल्ला मात्र ठूलो छ । | 10 | 67 | 9 | 60 | 10 | 67 | 8 | 53 | 2 | 50 | 1 | 25 | 36 | 53 |
| 2 | आवश्यक छैन., कनिका छरेको छ । | 3 | 20 | 2 | 13 | 0 | 0 | 2 | 13 | 1 | 25 | 1 | 25 | 9 | 13 |
| 3 | समग्र प्रणालीमा आधारित भएकाले प्रभावकारी छैन । | 11 | 73 | 12 | 80 | 11 | 73 | 10 | 67 | 4 | 100 | 4 | 100 | 52 | 76 |
| 4 | अति विपन्न वा चरम गरिबीमा बाँचेकाहरुलाई आकर्षित गर्न सकेको छैन । | 12 | 80 | 11 | 73 | 12 | 80 | 11 | 73 | 3 | 75 | 3 | 75 | 52 | 76 |
| 5 | कार्यक्रमले समाजमा न्याय अन्याय दुवै सिर्जना गरेको छ । | 8 | 53 | 9 | 60 | 10 | 67 | 11 | 73 | 2 | 6 | 2 | 50 | 42 | 62 |
| 6 | अति विपन्न, गरिब, सुविधाबिहीन वर्ग भनी छुट्याउने स्पष्ट आधार र मापदण्ड छैन । | 13 | 87 | 12 | 80 | 13 | 87 | 12 | 80 | 3 | 75 | 3 | 75 | 56 | 82 |

स्रोत : स्थलगत सर्भेक्षण, २०६६

माथिको तालिकामा औषत ५३ प्रतिशत शिक्षक, प्र.अ., अभिभावक, वि.व्य.स. अध्यक्ष, स्रोतव्यक्ति र वि.नि.ले यस कार्यक्रमलाई नाम मात्रको छ., हल्ला मात्र ठूलो छ भनेका छन् भने औषत १३ प्रतिशत उत्तरदाताहरुले त आवश्यक छैन., कनिका छरेको छ भनेका छन् । यस अभिव्यक्ति प्रति अभिभावक भने सहमत छैनन् । कार्यक्रम समग्र प्रणालीमा आधारित भएकाले प्रभावकारी छैन भनी औषत ७६ प्रतिशत उत्तरदाताहरुले आफ्नो प्रतिक्रिया दिएका छन् । चरम गरिबीमा बाँचेकाहरुलाई आकर्षित गर्न सकेको छैन भन्ने पक्षमा पनि औषत ७६ प्रतिशत उत्तरदाताहरु रहेका छन् । औषत ६२ प्रतिशतले भने कार्यक्रमले समाजमा न्याय र अन्याय दुवै सिर्जना गरेको छ भनी बताएका छन् । औषतरुपमा सबैभन्दा बढी ८२ प्रतिशत उत्तरदाताहरुले चाहिँ अति विपन्न, गरिब र सुविधाबिहीन वर्ग भनी छुट्याउने स्पष्ट आधार र मापदण्ड नहुनु यस कार्यक्रमको कमजोरी भएको बताएका छन् ।

यस छात्रा छात्रवृत्ति कार्यक्रमको कमजोरीका सम्बन्धमा उत्तरदाताहरुबाट प्राप्त औषत प्रतिक्रियालाई तलको वृत्तचित्रमा समेत उल्लेख गरिएको छ ।

छात्रा छात्रवृत्ति कार्यक्रमको आलोचनात्मक पक्ष




स्रोत : स्थलगत सर्भेक्षण, २०६६

उपर्युक्त वृत्तचित्रले छात्र छात्रवृत्ति कार्यक्रमका सन्बन्धमा विभिन्न उत्तरदातहरुबाट प्राप्त औषत प्रतिक्रियाहरुलाई तुलनात्मक रुपमा अझ स्पष्ट पार्ने काम गरेको छ ।

## छात्रा छात्रवृत्ति प्रतिको सकारात्मकता

पचास प्रतिशत छात्रा छात्रवृत्ति कार्यक्रम एउटा बृहत र राष्ट्रव्यापी रुपमा चर्चित कार्यक्रम पनि हो । प्रतिकोटा रकम न्यून देखिए तापनि यस शीर्षकमा राज्यबाट ठूलो धनराशी खर्च हुँदै आएको छ । गरीब, सुविधाबिहीन र समाजमा पछि परेका वर्गका छात्राहरुप्रति समर्पित छ यो कार्यक्रम । कार्यक्रम कार्यान्वयनका सिलसिलामा केही कमी कमजोरी देखा पर्नु अस्वाभाविक मान्नु हुँदैन । तर

कमजोरीहरुलाई निराकरण गर्दै कार्यक्रमलाई सही गन्तव्यसम्म पुऱ्याउने कार्यमा भने सबैको सकारात्मक धारणा रहनु आवश्यक छ । अध्ययनमा संलग्न विद्यालयहरुसँग सम्बन्धित सरोकारवालाहरुको यस कार्यक्रमप्रतिको सकारात्मक धारणाहरुलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

छात्रा छात्रवृत्तिप्रतिको सकारात्मक धारणा

तालिका नं. १९

| क्र. सं. | विवरण | शिक्षक | | प्र.अ. | | अभिभावक | | वि.व्य.स. अध्यक्ष | | स्रो.व्य. | | वि.नि. | | औषत | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| 1 | विद्यालय र शिक्षाप्रति अभिभावक तथा छात्राहरुमा सकारात्मक सोचको विकास भएको | 11 | 73 | 12 | 80 | 11 | 73 | 13 | 87 | 3 | 75 | 3 | 75 | 53 | 80 |
| 2 | अफठ्यारो परिस्थितिमा रहेका आमाबाबुहरु समेतको शिक्षामा चेतना स्तर बृद्धि भएको | 9 | 60 | 8 | 53 | 9 | 60 | 8 | 53 | 3 | 75 | 3 | 75 | 40 | 59 |
| 3 | शिक्षाप्रति बालिकाहरुमा उत्प्रेरणा बढेको | 13 | 87 | 12 | 80 | 13 | 87 | 13 | 87 | 4 | 100 | 4 | 100 | 59 | 87 |
| 4 | आर्थिकरुपमा नगन्य भएपनि शिक्षाको लागत व्यहोर्न सहयोग पुगेको | 10 | 67 | 11 | 73 | 10 | 67 | 12 | 80 | 4 | 100 | 4 | 100 | 51 | 75 |
| 5 | छात्रवृत्ति पाउनेहरुको आनीबानी, व्यवहार, व्यक्तिगत सरसफाइमा सकारात्मक परिवर्तन आएको | 12 | 80 | 12 | 80 | 11 | 73 | 9 | 60 | 3 | 75 | 3 | 75 | 50 | 74 |


स्रोत : स्थलगत सर्भेक्षण, २०६६

माथिको तालिकामा औषत ८० प्रतिशत शिक्षक, प्र.अ., अभिभावक, वि.व्य.स. अध्यक्ष, स्रोतव्यक्ति र विद्यालय निरीक्षकहरुले छात्रवृत्ति कार्यक्रमले विद्यालय र शिक्षाप्रति अभिभावक तथा छात्राहरुमा

सकारात्मक सोचको विकास भएको छ भनेका छन् । यस कार्यक्रमले अफठ्यारो परिस्थितिमा रहेका आमाबाबुहरु समेतको शिक्षामा चेतनास्तर बृद्धि गराएको छ भनी औषत ५९ प्रतिशत उत्तरदाताहरुले आ-आफ्नो विचार व्यक्त गरेका छन् । शिक्षाप्रति बालिकाहरुमा उत्प्रेरणा बढेको छ भनी सकारात्मक धारणा राख्नेहरुको औषत प्रतिशत सबैभन्दा उच्च छ र यो प्रतिशत ८७ रहेको छ । औषत ७५ प्रतिशतले भने आर्थिक रुपमा नगन्य भएपनि शिक्षाको लागत व्यहोर्न सहयोग पुगेको छ भनी सकारात्मक धारणा व्यक्त गरेका छन् । त्यस्तै छात्रा छात्रवृत्ति पाउनेहरुको आनीबानी, व्यवहार एवं व्यक्तिगत सरसफाइमा सकारात्मक परिवर्तन आएको छ भनी सकारात्मक धारणा राख्ने उत्तरदाताहरुको औषत प्रतिशत पनि उच्च रहेको छ । यसको औषत प्रतिशत ७५ रहेको छ ।

छात्रा छात्रवृत्ति कार्यक्रमप्रतिको उत्तरदाताहरुको सकारात्मक औषत धारणालाई बार ग्राफमा यसरी उल्लेख गर्न सकिन्छ ।

छात्रा छात्रवृत्तिप्रतिको सकारात्मक धारणा




स्रोत : स्थलगत सर्भेक्षण, २०६६

उपर्युक्त बार ग्राफले छात्रा छात्रवृत्ति कार्यक्रमप्रतिको उत्तरदाताहरुको सकारात्मक औषत धारणालाई तुलनात्मक रुपमा देखाएको छ ।

## ४.३. पचास प्रतिशत छात्रा छात्रवृत्ति कार्यक्रमका विविध पक्षहरुको विश्लेषण (SWOC ANALYSIS)

कुनै पनि कार्यक्रमको लक्ष्य प्राप्ति कार्यक्रमको प्रभावकारिता, तिनको प्रभावकारी व्यवस्थापन, प्रभावकारी कार्यान्वयन र अनुसन्धान निर्देशित सुधारहरुमाथि निर्भर हुन्छ । यस सम्बन्धमा सम्बन्धित कार्यक्रमहरुको सवल पक्ष, कमजोरीका साथै अवसर र चुनौतीहरुको पनि विश्लेषण गरिनु पर्ने हुन्छ । यी चारवटै पक्षहरुको विश्लेषणका लागि थुपै आन्तरिक र बाह्य तत्वहरुको विश्लेषण योजना बनाउनु पर्ने हुन्छ । यस प्रकारको योजनाले बलिया पक्षहरु र अवसरहरुको सम्भावना बृद्धि गरी कमजोरी र चुनौतीहरुलाई न्यूनतम गर्नुपर्ने हुन्छ । यहाँ बालिकाहरुको शैक्षिक पँहुच, गुणस्तर र कार्य क्षमताको समग्र विकासलाई सुधार गर्न पचास प्रतिशत छात्रा छात्रवृत्ति कार्यक्रमको सवल पक्ष तथा कमजोर पक्षका साथै अवसर र चुनौतीहरुको विश्लेषण गर्ने प्रयत्न गरिएको छ । यस सन्दर्भमा सबै उत्तरदाता शिक्षक, विद्यार्थी, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति, अभिभावक, स्रोतव्यक्ति, जिल्ला शिक्षा कार्यालयका कर्मचारी आदिबाट सङ्कलन गरिएका सूचनाहरुलाई चार समूहमा विभाजन गरी विश्लेषण गर्ने आधार बनाइएको छ ।

## ४.३.१. सबल पक्षहरु

छात्रा छात्रावृत्ति कार्यक्रमका सम्बन्धमा निम्न सबल पक्षहरुको पहिचान गरिएको छ ।

क) विद्यालय र शिक्षाप्रति अभिभावक तथा विद्यार्थीहरुमा सकारात्मक सोचको विकास भएको ।

ख) अÇठ्यारो परिस्थितिमा रहेका अभिभावकहरु समेतको शिक्षामा चेतना स्तर बृद्धि भएको ।

ग) न्यून भए पनि आर्थिक रुपमा शिक्षाको लागत बेहोर्न सहयोग पुगेको ।

घ) शिक्षा प्रति बालिकाहरुमा उत्प्रेरणा बढेको ।

ङ) शैक्षिक क्रियाकलापमा सहभागी हुन प्रोत्साहित गरेको ।

च) पहुँचमा नरहेका जनसङख्या अन्तर्गतका बालिकाहरुलाई मूल धारमा ल्याउन सहयोग पुगेको

। छ) सहभागिता दर, विद्यालय उपस्थिति, कक्षोन्नति र सिकाइ उपलब्धि दरमा बृद्धि भएको ।

ज) विद्यालय छाड्ने र कक्षा दोहोर्‍याउने दरमा कमी आएको ।

झ) अनुशासित, सकारात्मक, व्यक्तिगत स्वास्थ्य र सफाइ प्रति सचेत, शिक्षा प्रति वचनबद्ध, नियमित र सिर्जनशील बन्न उनीहरुलाई सहयोग पुगेको ।

ञ) छात्रवृत्ति पाउने बालिकाहरुमा आत्मविश्वास र प्रेरणा बढेको ।

छात्र छात्रवृत्ति कार्यक्रमका सकारात्मक असरहरुलाई यसरी उल्लेख गर्न सकिन्छ ।

### सामाजिक असर

छात्रा छात्रावृत्ति कार्यक्रमले बालिकाहरुमा सामाजिक कार्यगत सीप अभिवृद्धि गर्ने अवसरहरु बृद्धि गर्छ । अनुकूल सामाजिक व्यवहार, अरुसँगको साकारात्मक सोचाइ र उचित वार्तालाप गर्ने सीप विकास गर्न मद्दत पुग्छ । साथीसँगी, आमाबाबु, शिक्षक एवं समुदायका सदस्यहरुसँग सकारात्मक अन्तरक्रिया गर्न बालिकाहरुलाई बल प्रदान गरेको छ । अभिभावकहरुमा जागरण पैदा गरेको छ ।

### शैक्षिक असर

बालिकाहरुमा यस कार्यक्रमको महत्वपूर्ण असर रहेको छ । सिकाइ क्रियाकलापमा बढी सहभागिता, गृहकार्यको दैनिक अभ्यास, सिकाइ उपलब्धिमा बृद्धि, उत्तीर्ण अवस्थामा बृद्धि जस्ता सकारात्मक असरहरु शैक्षिक असर अन्तर्गत देख्न  सकिन्छ ।

### व्यक्तिगत असर

छात्रवृत्ति प्राप्त गर्ने बालिकाहरुमा मनोवैज्ञानिक उत्प्रेरणा, वचनबद्धता, अनुशासन, इमान्दारिता, आत्मविश्वास, शैक्षिक सफलताका निम्ति बढी परिश्रम गर्ने जस्ता केही व्यक्तिगत असरहरु अवलोकनबाट प्राप्त भएको छ ।

## ४.३.२. कमजोरीहरु

यो पचास प्रतिशत छात्रा छात्रावृत्ति कार्यक्रमको विश्लेषण गर्ने दोस्रो महत्वपूर्ण पक्ष हो । यस कार्यक्रम सम्बन्धमा पहिचान गरिएका दुर्वल पक्षहरु निम्नानुसार रहेका छन् ।

क) जिल्ला शिक्षा कार्यालयले कम महत्व दिएको कार्यक्रम,

ख) कमजोर छात्रवृत्ति वितरण प्रणाली,

ग) लक्षित समूहका सबै बालिकहरुले छात्रवृत्ति नपाइरहेको अवस्था,

घ) कोटा निर्धारणसम्बन्धी दायराको समस्या, नगण्य मात्राको छात्रवृत्ति रकम तथा शिक्षाको सबै लागत समेट्ने रकम नरहेका कारणले गरिब तथा हातमुख जोर्न गाह्रो परिरहेको समूहका लागि महत्पूर्ण हुन नसकेको,

ङ) लक्षित बालिकाहरुले नै छात्रवृत्ति पाइरहेका छन् वा छैनन् भनी पत्ता लगाउन कुनै अनुगमन र निरीक्षण प्रणाली नरहेको,

च) गलत प्रयोग भएको र पारदर्शिताको कमी रहेको,

छ) कतिपय शिक्षक, अभिभावक र विद्यालय व्यवस्थापन पदाधिकारीहरुलाई विद्यालयमा प्राप्त छात्रवृत्ति रकम र वितरण प्रणालीबारे जानकारी नरहेको,

ज) छात्रवृत्ति निश्चित आधारअनुसार वितरण नगरेको पाइयो,

झ) यस कार्यक्रमको असर केलाइएको पाइएन,

ञ) वितरित कोटा र निकाशा गरिएको रकमबीच फरक रहेको,

ट) तथ्याङ्कको विश्वसनीयतामा समस्या,

ठ) बजेट र अख्तियारी पत्र निकासा हुनमा ढिलाइका साथै बजेटको अपर्याप्तता,

ड) निरन्तरताको कमी अर्थात् कक्षा एकमा छात्रवृत्ति पाउने बालिकाले माथिल्ला कक्षाहरुमा पनि सो पाइरहने सुनिश्चितता छैन ।

स्थलगत रुपमा प्राप्त सूचनाहरुले यस पचास प्रतिशत छात्रा छात्रावृत्ति कार्यक्रममा विभिन्न कमजोर पक्षहरु रहेको देखाएको छ । अवलोकन गर्दा यस्ता कमजोरीहरु खास गरी योजना, कार्यान्वयन र प्रभावकारिताका क्षेत्रमा देखिएका छन् । ती पक्षहरुबारे यसरी उल्लेख गर्नु उपयुक्त देखिन्छ ।

## योजना

योजनानै अपर्याप्त देखियो । कार्यक्रमको दायरा आवश्यक लक्षित जनसङ्ख्याको तुलनामा कम मात्र होइन, छात्रा छात्रवृत्तिको रकम पनि नगण्य छ । यसले अति आवश्यक पाठ्यपुस्तक राख्ने झोला, कलम र कापी जस्ता शिक्षाको न्यूनतम लागतलाई समेत समेट्न सकेको छैन । कोटा निर्धारण र बजेट विनियोजनबीच तालमेल देखिदैन । स्थलगत अध्ययनद्वारा पहिचान गरिएको मुख्य समस्या सञ्चार माध्यमद्वारा नेपाल सरकारबाट घोषणा गरिएको छात्रा छात्रवृत्तिको प्रति कोटा रकम रु ३५०/- हो भनी प्रचार प्रसार भएको तर कोटा अनुसारको पूरै रकम जि.शि.का ले विद्यालयहरुलाई निकाशा गर्न सकेको छैन । विश्वसनीय तथ्याङ्क व्यवस्थापन प्रणाली विकास गरिएको छैन र प्रयोगमा ल्याइएको छैन । योजनामा छात्रावृत्तिसम्बन्धी सचेतता र सामाजिक गतिशीलता जस्ता कार्यक्रमहरु परेकै छैनन् । मूल्याङ्कन प्रणालीको विकास गरी स्थापित गर्ने कार्य अझै भएको छैन ।

## कार्यान्वयन

यस पचास प्रतिशत छात्रा छात्रावृत्तिको कार्यान्वयनमा अनेकौं कमजोरीहरु रहेका छन् । छात्रा छनौट र वितरणमा फरक, बजेट निकाशा र विनियोजित बजेटबीच फरक, पारदर्शिता र चेतनाको कमी,

निरीक्षण व्यवस्थाको अभाव, असरसम्बन्धी पहिचानको कमी, छात्रवृत्ति रकमको गलत प्रयोग, लक्षित समूहमा नपरेका बालिकाहरुलाई समेत छात्रवृत्ति वितरण गरिनु आदि समस्याहरुलाई यस कार्यक्रमका कमजोरीका रुपमा पहिचान गरिएको छ ।

## प्रभावकारिता

यो छात्रा छात्रवृत्ति कार्यक्रम बालिकाहरुका लागि कुन हदसम्म प्रभावकारी भएको छ वा छैन भनी पत्ता लगाउने र विश्लेषण गर्न विशेष ध्यान दिइएको छैन । बालिका र आमाबाबुका आवश्यक चासोहरु के के हुन ? छात्रवृत्ति रकमले उनीहरुलाई कसरी महत्वपूर्ण असर पार्छ ? उनीहरुले रकम कहाँ खर्च गर्छन् ? सो रकम खर्च गर्ने अख्तियारी कसले राख्छ ? छात्रवृत्ति प्राप्त गर्ने छात्राहरुले कुन हदसम्म फाइदा लिन सकेका छन् ? जस्ता छात्रा छात्रवृत्तिसम्बन्धी अनुत्तरित मुद्दा र प्रश्नहरुलाई तलका तेस्रो र चौथो बूँदाहरुमा खोज गर्ने प्रयत्न गरिएको छ ।

## ४.३.३ अवसरहरु:

स्थलगत अध्ययनबाट छात्रवृत्तिका सम्बन्धमा निम्न लिखित अवसरहर पहिचान गरिएको छ ।

क) गरीब, अÇठ्यारो अवस्थामा रहेका बालिकाहरुका लागि शैक्षिक अवसरहरु,

ख) स्थानीय स्तरमा सानो सयन्त्र निर्माण गरी छात्रा छात्रवृत्ति जस्तो प्रोत्साहित कार्यक्रमलाई प्रभावकारी बनाउन सकिने,

ग) अभिभावक र विद्यालयबीच सौहार्द्रपूर्ण वातावरण विकास गरी सामाजिक दूरी कम गर्ने,

घ) पहुँचमा नरहेका मानिसहरुको समूहसम्म पुगी उनीहरुलाई विद्यालय प्रणाली भित्र ल्याई सबैका लागि शिक्षा (EFA) को विश्वव्यापी लक्ष्य प्राप्तिमा राष्ट्रिय योगदान पूरा गर्ने अवसर ।

माथि उल्लिखित सूचनाहरुबाट छात्रा छात्रवृत्ति कार्यक्रममा विभिन्न अवसरहरु रहेको सङ्केत प्राप्त भएको छ । यस्ता अवसरहरुबाट गरीब, पिछडिएको र अÇठ्यारो अवस्थाहरुमा रहेका मानिसहरु, विद्यार्थी (छात्रा) हरु र प्रणालीलाई फाइदा पुग्न सक्छ । गरीब समूहले विद्यालय अवसरको फाइदा उठाई पारिवारिक स्वस्थ्य, समाजिक र आर्थिक अवस्थामा सुधार ल्याउन सक्छन् । लक्षित समूहका छात्राहरुले शैक्षिक अवसरको फाइदा उठाई आÇनो पढाइलाई सूचारु राख्न सक्छन् । जिल्ला शिक्षा कार्यालयहरु र शिक्षा विभागले समेत विभिन्न संघसंस्थाहरुसँग कार्य सन्जाल स्थापना गर्ने,

विश्वसनीय र बैध तथ्याङ्क व्यवस्थापन प्रणाली स्थापना गर्ने, विद्यार्थी, अभिभावक र सरोकारवालाहरुसँग सौहार्द्रपूर्ण वातावरणमा मिलेर शैक्षिक मध्यस्थता कार्यक्रम तयार गर्ने, शिक्षाको अधिकारलाई सुनिश्चित गर्न कार्य गर्ने र सबैका लागि शिक्षाको लक्ष्य पूरा गर्ने अवसरहरु प्राप्त गर्न सक्छन् ।

## ४.३.४ चुनौतीहरु

पचास प्रतिशत छात्रा छात्रवृत्ति कार्यक्रमको स्थलगत अध्ययनबाट तल उल्लिखित चुनौतीहरुहरुको पहिचान गरिएको छ ।

क) लक्षित समूहमा नपरेका धनी वर्गका बालिकाहरुलाई पनि छात्रवृत्तिको अवसर प्राप्त हुने सम्भावना ।

ख) विद्यालय प्रणाली बाहिर रहेका बालिकाहरुलाई शिक्षाको अवसर लागत व्यहोर्ने गरी छात्रवृत्तिको रकम बृद्धि गरेर मूल धारमा ल्याउनु नै चुनौतीको रुपमा देखा परको छ ।

ग) लक्षित समूहको पूर्ण पहिचान नभएका कारण छात्रवृत्तिको गलत प्रयोग हुने विभिन्न सम्भावनाहरु रहेका ।

घ) लैङ्गिक विभेद, बाल विवाह, बढी शिक्षा बढी दाइजो, कम शिक्षा कम दाइजो जस्ता बाह्य वातावरणमा रहेका व्यवहारहरुलाई हटाउने चुनौती ।

ङ) विश्वसनीय तथ्याङ्कको अभाव ।

च) पचास प्रतिशत छात्रवृत्ति प्रणालीले केही हदसम्म कुनै खास समूहमाथि सामाजिक न्याय प्रवर्द्धन गरेता पनि गरीब, सुविधाविहीन, छात्रवृत्तिको आवश्यकता भएका सबैलाई समेट्न नसक्दा समाजिक अन्याय पनि भएको छ ।

छ) ठूलो रकमको लगानीले समाजमा महत्वपूर्ण असर ल्याउन नसक्ने चुनौतीहरु ।

ज) अभिभावक-शिक्षक, विद्यालय-अभिभावक, अभिभावक-अभिभावकबीच झगडा र विवादमा बृद्धि भई विद्यालय प्रणाली र यस छात्रा छात्रवृत्ति कार्यक्रम प्रति नकारात्मक मानसिकताको विकास हुन सक्ने चुनौतीहरु ।

झ) यस छात्रवृत्तिको कार्यक्रमको मर्मअनुसार लक्षित छात्रा छनौटमा समस्या रहेको र यसलाई वास्तविकता भन्दा बढी प्रख्यात कार्यक्रम बनाउन खोजिएको ।

ञ) कतै धनी समुदायकी छात्राले छात्रवृत्ति पाउने, कतै गरीब छात्रा चाँहि सो अवसरबाट बन्चित रहदा सामाजिक न्याय नहुने ।

ट) छात्रा छात्रावृत्ति कार्यक्रमले समाजमा समानता र पक्षपात तथा समाजिक न्याय र अन्याय दुवै प्रवर्द्धन गरिरहेको छ ।

ठ) कार्यक्रमले वास्तविक लागतलाई समेटेको छैन र आवश्यकता भएका सबै बालिकाहरुलाई प्रदान गरिएको छैन ।

ड) छात्रवृत्ति प्राप्त गर्ने होडमा कैयौं स्थानमा अभिभावक, विद्यालय व्यवस्थापन समिति तथा अभिभावक शिक्षकहरुबीच वादविवाद र तनावको अवस्था सिर्जना भएको ।

ढ) लगानीको तुलनामा समाजमा महत्वपूर्ण असर परेको छैन ।

ण) छात्रवृत्तिको गलत प्रयोगले चुनौती सिर्जना गरेको छ र कार्यक्रमको अवमूल्यन हुन पुगेको छ ।

## सम्भावनाहरु

स्थलगत सूचनाहरुले सामर्थ्य बृद्धि गर्ने, कमजोरीहरु न्यून गर्ने, अवसरहरुको सदुपयोग गर्ने र चुनौतीहरुको सामना गर्ने विभिन्न सम्भानाहरुको खोजी गरेको छ । सवलपक्षको बढोत्तरीका लागि सफल योजना निर्माण गर्ने, प्रयासहरुको प्रभावकारी कार्यान्वयन गर्ने, छात्रा छात्रवृत्ति प्राप्त बालिकाहरुको सर्वाङ्गीग पक्षहरुको मापन गरी थप नयाँ कार्यक्रमहरुको सुरुवात गर्ने जस्ता प्रयासहरुको अभिवृद्धि गर्न सकिन्छ । उत्तरदाताहरुका अनुसार कमजोरी न्यून गर्न बालिकाहरु र उनका अभिभावकहरुको चाहना, रुचि र आवश्यकता अनुरुप कार्यक्रम संशोधन गर्ने, छात्रवृत्ति योजना र कार्यक्रमहरुलाई पारदर्शी बनाउने, छनौट र वितरणको लक्ष्य निर्धारण गर्ने, मार्गदर्शन तथा अनुगमन प्रणाली स्थापना गर्ने जस्ता कार्यक्रमहरुको अवलम्बन गर्न सकिन्छ । सूचना दाताहरुका अनुसार भविष्यका सम्भावनाहरुको खोजी गरेर प्रणाली अनुसारका कार्य गर्ने र अवसरहरुको सदुपयोग गर्ने माध्यम अपनाउन सकिन्छ । एकातिर सरकार योजना र नीति कार्यान्वयन प्रक्रिया परिवर्तन गर्न तयार हुनु पर्छ र अर्कातिर समाजिक चेतनाको स्तर, प्राप्त सुझाव र तथ्याङ्क व्यवस्थापन प्रणालीका माध्यमद्वारा सामाजिक संरचनासम्बन्धी धारणात्मक खाकामा परिवर्तन गर्नुपर्छ । छात्रवृत्तिको यर्थाथ प्रभाव र प्रयासहरुको पहिचान गर्नुपर्छ । यस बाहेक चुनौतीहरुको सामना गर्न यसका प्रवल पक्षहरुलाई आधार मानी निर्णय गर्ने, अवसरहरुको सदुपयोग

गरी चुनौतीहरुको सामना गर्दै कमजोरीहरु कम गर्ने, अरुसँग सल्लाह गर्ने र बाधा व्यवधानहरु हटाउनका निम्ति अवसरहरु प्रदान गर्ने जस्ता उपायहरु अपनाउन सकिन्छ ।

यस बाहेक नेपाल सरकार, अन्य नागरिक समाज, सङ्गठन र यस्तै अन्य क्षेत्रका सघ संस्थाहरुद्वारा कार्यान्वयन गरिएका छात्रवृत्ति योजना र वितरणका सफल कथाहरु खोजी गर्नु पनि सामर्थ्य र अवसरहरु बढाउनका लागि भविष्यका सम्भावनाहरु हुन सक्छन् । त्यसैगरी स्थलगत अध्ययनअनुसार एकातर्फ छात्रवृत्तिको प्रभावकारिता बढाउनका लागि विद्यालयलाई कार्यान्वयनको निर्णय गर्ने र योजना बनाउने अख्यिारी प्रत्यायोजन गर्ने, योजना र कार्यान्वयनमा साझेदारिता साथै तेस्रो पक्षलाई मूल्याङ्कनमा राख्ने जस्ता भविष्यका सम्भावनाहरु रहेका छन् जसले अर्कोतर्फ यस्ता संघ संस्थाहरुको अवसर र सामर्थ्य अभिवृद्धि गर्न सक्दछ । समाजको संस्कृति, अर्थ व्यवस्था, स्वास्थ्य, आर्थिक कोषका स्रोतहरु, जनसाङ्ख्यिकी जस्ता बाह्य वातावरणको विश्लेषण र विद्यालयको सामर्थ्य, विद्यालय प्रशासन, विद्यालय व्यवस्थापन समितिहरु आदिको आन्तिरक विश्लेषणबाट देखापरेका छात्रा छात्रवृत्तिसम्बन्धी आदिको आन्तरिक विश्लेषणबाट देखापरेका छात्रा छात्रवृत्तिसम्बन्धी समस्याहरुको समाधान गर्न सूचनादाताहरुले रणनीतिक योजनाको विकास गर्नु पर्ने सुझाव पेश गरेका छन् । यी सुझावहरुलाई यो छात्रा छात्रवृत्ति कार्यक्रमका अलावा अन्य प्रोत्साहित कार्यक्रमहरु कार्यान्वयन र विकास गर्दा अवलोकन गरिनु पर्ने हुन्छ ।

## छात्रा छात्रवृत्ति कार्यक्रमका मुख्य अवरोधहरु

अन्य शैक्षिक कार्यक्रमहरुले जस्तै छात्रा छात्रवृत्ति कार्यक्रमले पनि विभिन्न अवरोधहरुको सामना गर्नु परेको छ । यी अवरोधहरु खास गरी छात्रवृत्तिको योजना, व्यवस्थापन र कार्यान्वयनमा अवलोकन गर्न सकिन्छ । तथापि यस शोधकार्यले छात्र छात्रवृत्ति वितरणसम्बन्धी अवरोध र व्यवधानहरुको खोज गरेको छ ।

### १. सामान्य अवरोधहरु

छात्रा छात्रावृत्ति कार्यक्रमको प्रभावकारी कार्यान्वयनसम्बन्धी केही प्रमुख अवरोधहरु पहिचान गरिएको छ । गरीब एवं पिछडिएका समूहका बालिकाहरु योजना गरिएअनुरुप सबै लाभान्वित भएका देखिएनन् । यस्ता अवरोध निम्न छन् ।

## क. सामाजिक आर्थिक अवस्था

स्थलगत अध्ययनअनुसार यो एक मुख्य अवरोध हो । गरीबीले सामाजिक आर्थिक अवस्थालाई जनाउँछ जसका कारण बालबालिकाहरुलाई परिवारले विद्यालय पठाउन पाइरहेका हुँदैनन् । गरीब परिवारका अभिभावकहरुले केटाकेटी विद्यालय पठाउँदा एकातिर रकम जोहो गर्नुपर्ने हुन्छ भने अर्कातिर घरको कार्यबोझ अझ बढ्छ र त्यो बहन गर्नुपर्ने हुन्छ । सूचनादाताहरुका अनुसार गरीब या पिछडिएका समूहको सामाजिक, आर्थिक अवस्थामा सुधार हुन नसक्नुका मुख्य बाधाहरु निम्न छन्, जसले छात्रवृत्ति व्यवस्थापनमा प्रभाव पारिरहेको छ ।

क) गरीबी

ख) शिक्षाको अभाव

ग) बालबालिकाहरुको ठूलो सङ्ख्या

घ) जमीनको कम उत्पादकत्व र हातमुख जोर्ने समस्या

स्थलगत अध्ययनअनुसार जबसम्म गरीब तथा पिछडिएका वर्गको समाजिक आर्थिक अवस्थामा सुधार हुँदैन तबसम्म शैक्षिक विकास र उनीहरुको सामाजिक, आर्थिक अवस्थामा सुधार हुन असम्भव जस्तै देखिन्छ भन्ने सन्देश दिन्छ, अध्ययनले । हामीले योजना गरेको छात्र छात्रवृत्ति रकमले शिक्षाको लागत पनि समावेश गरेका छैन र मानिसको सामाजिक आर्थिक अवस्थामा सुधार ल्याउन पनि सहयोग प्राप्त भएको छैन । तसर्थ मानिसको सामाजिक-आर्थिक अवस्था छात्रवृत्ति योजना र कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि एक अवरोधका रुपमा देखापरेको छ ।

## ख. चेतनाको स्तर

छात्रवृत्तिबारे शिक्षकहरु, विद्यार्थी एवं अभिभावकहरुमा रहेको चेतनाको स्तर निकै कम छ । प्रधानाध्यापक र केही शिक्षकहरुबाहेक अन्य कसैलाई पनि विद्यालयमा उपलब्ध छात्रवृत्तिको रकम र वितरण प्रक्रियाबारे केही थाहा नभएको पत्ता लागेको छ । विद्यार्थीहरुबीच उही स्थिति देखिएको छ । उदाहरणका स्वरुप बुद्धेश्वरी नि.मा.वि., बुधनगरकी एक छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीलाई आफूले कस्तो प्रकारको छात्रवृत्ति पाएकोबारे केही उत्तर दिन सकिनन् । जनक प्राथमिक विद्यालयका शिक्षकहरुलाई कुन कुन प्रकारका छात्रवृत्ति र कति कति रकम विद्यार्थीलाई प्रदान गरिँदै आएको छ भन्नेबारे आफूहरुलाई सबै थाहा नभएको भन्ने पाइयो । बखरी प्रा.विका शिक्षकहरु भने छात्रवृत्तिबारे सचेत भएता पनि कति रकम प्राप्त गरिरहेका छन् भन्नेबारे अनभिज्ञ रहेको देखियो । चेतनाको स्तर

कम भएता पनि पचास प्रतिशत छात्रा छात्रवृत्तिको असर भने बालिकाहरुमा महत्वपूर्ण रहेको पाइयो ।

## ग. परम्परागत मूल्य मान्यता र विश्वासहरु

छात्रा छात्रवृत्ति व्यवस्थापनसँग सम्बन्धित पहिचान गरिएका अवरोधहरु मध्ये परम्परागत मूल्य, मान्यता र विश्वासको प्रचलन पनि एक हो । स्थलगत अध्ययनअनुसार त्यस्ता बाधा निम्न छन् ।

क) विशेषगरी बालिकाहरुको कम उमेरमा नै विवाह गर्ने प्रचलन ।

ख) सामुदायिक विद्यालयको सट्टा मदरशामै जानु पर्ने अवस्था ।

ग) लैङ्गिक असमानता

माथि उल्लिखित व्यवहारहरुले अझै पनि हाम्रो समाज, सामाजिक संरचनाहरु, व्याबहारिक तौरतरिकाहरु हाम्रा परम्परागत सोचाइ मूल्य र धर्महरुद्वारा निर्देशित छन् भन्ने सन्देश व्यक्त गर्छ । विभिन्न समाजमा लिङ्ग र धर्मलाई शिक्षा भन्दा बढी महत्व दिएको छ । बालबालिकाहरुलाई त्यसै अनुरुप ढालिएको छ ।

## ४. योजनामा कमजोरी

छात्रा छात्रवृत्ति व्यवस्थापन र शिक्षामा यसको असरलाई बाधा पुऱ्याउने मुख्य तत्व योजना हो । दिइएको योजना नै अवरोध हो भन्ने सम्बन्धमा फेला पारिएका स्थलगत सूचनाहरु यस प्रकार छन् ।

क) आवश्यकता भन्दा कम कोटाको बाँडफाँड

ख) कार्यान्वयन निर्देशिकाको कमी

ग) कोटा, बजेट र लागत निकाशा गर्न ढिलाइ

घ) निकाशा भएको बजेट र दरबन्दीबीचमा फरक

ङ) छात्रवृत्ति सम्बन्धमा कुनै सुझाव कार्यक्रम नरहेको ।

च) प्रभावकारी छात्रवृत्ति योजना बनाउन, नियमित गर्न, पक्रियाबद्ध बनाउनका लागि सुपरीवेक्षण, मार्ग दर्शन र मूल्लाङ्कन प्रणालीको अभाव भएको ।

छ) तथ्याङ्कअनुरुप निर्देशित योजना र छात्रवृत्ति सम्बन्धी शैक्षिक योजना व्यवस्थापन प्रणाली विकास गर्ने योजनाको अभाव रहेको ।

ज) जाँचबुझ विना छात्रवृत्ति प्रदान गरिने प्रक्रियाले आवश्यकता भएका तर अवसर नपाएका बालिकाहरुका लागि समस्या खडा गरेको छ ।

स्थलगत अध्ययन अनुसन्धानको नतिजाअनुसार योजनासँग सम्बन्धित मुद्दा तथा चुनौतीहरु निम्न छन् ।

क) कोटासम्बन्धी निर्णयहरु

ख) छात्रवृत्तिको लागत रकम

ग) बजेट तथा कोटा निकाशा प्रक्रिया

घ) बजेट र कोटाहरु बीच भिन्नता

ङ) सहायक कार्यक्रमहरुको अभाव

च) विधिसम्भव व्यवस्थापनको कमी

सूचनादाताहरुका अनुसार यस्ता मुद्दाहरुको छात्रवृत्ति योजना र व्यवस्थापनमा ठूलो प्रभाव रहन्छ । किनभने सम्पूर्ण लक्षित बालिकाहरुले छात्रवृत्ति अवसर प्राप्त गरिरहेका छैनन् । छात्रवृत्तिको रकमले शैक्षिक लागत समावेश गर्दैन र अवसर लागत प्रतिस्थापन गर्न र पिछडिका वर्गको पारिवारिक अवस्था सुधार गर्न कुनै भूमिका खेल्दैन ।

क) अख्तियारी पत्र, बजेट र कोटा निकाशामा हुने ढिलाइले कार्यक्रमको प्रभावकारितामा प्रश्न उठेको र समयमै लक्षित समूहले छात्रवृत्ति प्राप्त गर्न नसकेको अवस्था विद्यमान रहेका छ ।

ख) कोटा र बजेटबीच तालमेल नहुँदा लक्षित बालिकाहरुले छात्रवृत्तिको अवसर पाउँदैनन् भने प्राप्त हुने रकम पनि सही सदुपयोग हुँन सक्तैन ।

ग) सुझाव प्राप्त हुने कार्यक्रम, आय आर्जन हुने कार्यक्रम र चेतना स्तर अभिबृद्धि हुने कार्यक्रमहरुको अभाव रहेको छ ।

घ) छात्रवृत्तिको मर्मअनुसारको अलग अलग तथ्याङ्कहरुको कमी भएकाले छात्रवृत्ति योजना, मार्ग दर्शन र मूल्याङ्कनसम्बन्धी प्रयासहरु प्रभावकारी हुन सकेको छैन ।

सूचनादाताहरुबाट प्राप्त मुद्दा, समस्या र ती सँग सम्बन्धित कारणहरुले गर्दा छात्रवृत्तिको प्रभावकारी कार्यान्वयन गर्न योजना पनि अवरोधको रुपमा देखापरेको छ । सूचना र यसको विश्लेषणहरुबाट प्राप्त नतिजाका आधारमा योजना वनाउने क्रममा छात्रवृत्तिको रकमले महत्व पूर्ण भूमिका निर्वाह गर्छ भन्ने पत्ता लागेको छ । त्यसै गरी छात्रवृत्तिका प्रकार र सङ्ख्या पनि महत्वपूर्ण हुन्छन् । EMIS

र कार्यक्रमहरु नै सबैभन्दा बढी महत्वपूर्ण हुन्छन् । तसर्थ छात्रवृत्ति कार्यक्रमलाई बढी प्रभावकारी बनाउन योजना पूर्व नै सचेतरुपमा गहन विश्लेषण गर्नु आवश्यक छ ।

## २. वितरण र व्यवस्थापनसम्बन्धी कमजोरीहरु:

छात्रवृत्तिका अवरोधहरु मध्ये यो दोस्रो वर्ग हो । यसले मुख्यतया कार्यान्वयनसम्बन्धी अवरोधहरु प्रस्तुत गर्दछ । छात्रवृत्तिका सम्बन्धमा विद्यालय र जिल्ला शिक्षा कार्यालयहरुले कार्यान्वयनमा के कस्ता समस्याहरु सामना गरिरहेका छन् भनी पत्ता लगाउन मुख्य चासोको विषय रहन्छ । तसर्थ यहाँ यसै सँग सम्बन्धित अवस्थाहरुको सङ्क्षेपमा विवरण प्रस्तुत गरिएको छ ।

### क. छात्रवृत्ति वितरणसम्बन्धी अवरोधहरु :

छात्रा छात्रवृत्ति वितरण सम्बन्धमा देखिएका बाधा र अवरोधहरु निम्नानुसार छन ।

क) समयमा बजेट निकाशा नहुनु ।

ख) काममा बढी बोझ थपिएको महशुस गरी जिल्लाका कर्मचारीहरुद्वारा छात्रवृत्तिलाई कम प्राथमिकता क्षेत्र अन्तर्गत राखेको र उत्तरदायित्व लिएको पाइएन ।

ग) दामासाही रुपमा मात्र बजेट निकाशा गर्नु पर्ने ।

घ) स्थलगत रुपमा प्राप्त तथ्याङ्कअनुसार सूचनाको कमी, छात्रवृत्तिको प्रकार र योजनाबारेको चेतनाको कमीका कारण शिक्षक तथा आमाबाबुहरुमा छात्रवृत्तिको उपलब्धताबारे कुनै जानकारी नरहेको देखियो ।

ङ) लक्षित समूह उचित रुपमा पहिचान गरिएको थिएन । गरीब तथा आवश्यकता भएका समूहहरुका लागि कुनै सर्वेक्षण गरिएको थिएन ।

च) शिक्षा विभागद्वारा निर्देशित मार्गदर्शनहरु पालना गरिएको थिएन । यो विद्यालयहरुमा समेत उपलब्ध गराइएको थिएन ।

छ) छात्रवृत्ति वितरणको निर्धारित मिति र समयको पालना भएको थिएन ।

ज) विद्यालयहरुले अनुमानमा आधारित वितरण प्रक्रियाहरुको उपयोग गरिरहेको थिए । वितरणको आधार तय थिएन । निर्धारित लक्ष्यअनुसार कार्यान्वयन भएको थिएन ।

स्थलगत रुपमा प्राप्त तथ्याङ्कअनुसार भने कहीँ विद्यालय व्यवस्थापन समितिको मुख्य भूमिका रहेको देखाएको छ । लक्ष्मी प्राथमिक विद्यालय, बुधनगरमा सबै लक्षित छात्राहरुलाई दामासाहीले छात्रवृत्ति वितरण गरेको पाइयो भने औषत ५३ प्रतिशत विद्यालयहरुमा आलोपालो रुपमा कहिले पोशाक किनेर वितरण गर्ने त कहिले दामासाही र कहिले पूरै रकम छात्रवृत्तिका रुपमा वितरण गर्ने गरेको पाइयो । स्थलगत रुपमा अध्ययन गरिएका विद्यालयहरुको छात्रवृत्ति वितरणका आधार र ढाँचामा एकरुपता छैन । कुनैले परिवारको आर्थिक अवस्थालाई आधार बनाएको छ भने कुनैले आर्थिक अवस्था र पढाइको स्तरलाई । कुनैले लक्षित समूहका सबैलाई दामासाहीले त अन्यका हकमा प्र.अ. र वि.व्य.स. ले विना कुनै आधार छात्रवृत्ति वितरण गर्ने गरेको पाइन्छ । जनपथ माध्यमिक विद्यालयमा कक्षा शिक्षकको मुख्य भूमिका पाइयो । कक्षा शिक्षकले छात्राहरुको नाम छनौट गर्ने र प्र.अ. वि.व्य.स. ले अन्तिम निर्णय गर्ने गरको पाइयो । अरुणोदय प्राथमिक विद्यालयमा प्र.अ र वि.व्य.स.को अहम् भूमिका पाइयो । लक्ष्मी प्राथमिक विद्यालय ,बुधनगरमा दामासाहीको आधार पाइयो । सरकारी निर्देशनलाई पूर्णरुपमा परिपालना गरेको देखिएन ।

विद्यालयहरुले छात्रवृत्ति वितरणका क्रममा सरकारद्वारा निर्धारित तरिका पालना नगरेको र कुनै संस्थागत व्यवस्था निर्धारण गरको पाइएन । विद्यालयहरुले निर्धारण गरेको वितरण प्रक्रियाहरुमा प्रष्ट र उत्कृष्ट आधारको अभाव देखियो । यसले छात्रवृत्ति सम्बन्धमा विद्यार्थीहरुमा अनिश्चितता सिर्जना गराएको छ । वितरण प्रणालीमा पत्ता लागेको महत्वपूर्ण पक्ष अभिभावक, समुदाय सदस्य र शिक्षकहरु समेत ठूलो सङ्ख्यामा विभिन्न छात्रवृत्ति कार्यक्रमबारे अनभिज्ञ रहेको पाइयो । योजना कार्यान्वयन, वितरण र सुपरिवेक्षण जस्ता छात्रवृत्ति व्यवस्थापनका समग्र प्रणालीमा उनीहरुको संलग्नता लगभग शून्य देखियो ।

स्थलगत भ्रमणका क्रममा छात्रवृत्ति वितरण प्रक्रियासम्बन्धी शिक्षक, विद्यार्थी र अभिभावकहरुको भावना सङ्कलन गरिएको छ । उनीहरु छात्रवृत्ति वितरण प्रक्रियाबाट पूर्ण सन्तुष्ट छैनन् । उदाहरणका लागि जनता प्राथमिक विद्यालयका शिक्षकहरुले प्रधानाध्यापक र वि.व्य.स. का सदस्यहरुले छात्रवृत्ति वितरणलाई एकलौटी बनाउन लागेको गुनासो गरे । उनीहरुको भनाइअनुसार छात्रवृत्ति आवश्यकता भएका बालबालिकाहरुलाई बेवास्ता गरिएको छ । लक्ष्मी प्राथमिक विद्यालय, बुधनगरका अभिभावकका अनुसार छात्रवृत्ति रकम एक त कोटा वमोजिम जि.शि.का ले पठाउदैन रे., त्यो रकम पनि अति कम छ र यसलाई सबै विद्यार्थीबीच वितरण गर्नाले रुकम झन झन कम हुने गर्छ । कापी, कलम खरिद गर्न नसकिने अवस्था हुन जान्छ । सूचनादाताहरुका अनुसार आवश्यकता भएका

समूहका बालबालिकाहरुलाई नै छात्रवृत्ति वितरण गरिएको दावी गरिएता पनि वास्तवमा आवश्यकता भएका सबै बालिहरुले यसको उपभोग गर्न भने पाएका छैनन् ।

## ३. तथ्याङ्कमा आधारित अवरोधहरु

छात्रवृत्ति वितरणका मुख्य अवरोधहरु मध्ये विभाजित तथ्याङ्कको कमी हो । यस सम्बन्धमा दुई वटा मुख्य कारणहरु देखापरेका छन् । पहिलो, विद्यालय सेवाक्षेत्र भित्र रहेका सुविधाविहीन समूह, गरीब र लक्षित समूहसम्बन्धी सर्भेक्षण नहुनु हो भने दोस्रो छात्राहरुको सहभागिता, कक्षावृद्धि, नियमितता, जस्ता पक्षहरु समेटी तथ्याङ्क व्यवस्थापन गर्ने प्रणालीको अभाव  देखियो । यसबाट एकातिर छात्रवृत्ति योजना र वितरणमा कठिनाइ देखापर्नुका साथै छात्रवृत्तिका असरहरु पहिल्याउन पनि समस्या भएको छ भने अर्कातिर विद्यालयमा उपलब्ध तथ्याङ्कहरु समेत विश्वसनीय, बैध र यथार्थ छन् भनी सुनिश्चित गर्न सकिने अवस्था छैन ।

## ४. व्यवस्थापनसम्बन्धी अवरोधहरु

छात्रवृत्ति कार्यक्रमको प्रभावकारितामा समय व्यवस्थापन, बजेट व्यवस्थापन र तथ्याङ्क व्यवस्थापनले पनि महत्वपूर्ण भूमिका खेल्छ । कतिपय प्रधानाध्यापकहरुले छात्रवृत्ति यसै समयमा बाँड्नुपर्छ भन्ने प्रावधान आफूलाई जानकारी नगराएको दावी गरे । बजेट समयमा नै निकासा गरिएको छैन र त्यो पनि अपर्याप्त छ । सूचनादाताहरुले छात्रवृत्ति कोटा र बजेट समयमानै नआएको गुनासो गरे । अध्ययनमा संलग्न विद्यालयहरुका ८० प्रतिशत शिक्षकहरुले छात्रवृत्ति मार्गनिर्देशन नै उपलब्ध नभएकाले आफूलाई छात्रवृत्ति वितरणसम्बन्धी मार्गदर्शन छ भन्ने समेत जानकारी नरहेको बताए । यस्तै विचार ७३ प्रतिशत प्रधानाध्यापकहरुले पनि व्यक्त गरे । उनीहरुले शिक्षा विभागको छात्रवृत्ति मार्ग निर्देशन आफूले नदेखेको बताए । यी उपर्युक्त तथ्यहरुले  छात्रवृत्ति व्यवस्थापनमा रहेको समस्यालाई अगाडि ल्याएको छ ।

यस बाहेक सुपरीवेक्षण र अनुगमनको कमी पनि छात्रवृत्ति व्यवस्थापनमा रहेका थप समस्याहरु हुन् । जसका कारण छात्रवृत्ति रकमको गलत प्रयोग र छात्रवृत्तिको अनुपयुक्त वितरण पनि रहेको देखापऱ्यो । जिल्ला शिक्षा कार्यालयका कर्मचारी र विद्यालय निरीक्षकलाई छात्रवृत्तिको गलत प्रयोग र अनुचित वितरणबारे जानकारी रहेको छ । उनीहरुले छात्रवृत्ति वितरणसन्बन्धी निरीक्षण तथा सुपरीवेक्षण नगर्ने गरेको कुरालाई महशुस पनि गरे । यसको प्रभाव विश्लेषण नभएको बताए । उदाहरणका रुपमा भन्नु पर्दा एक निरीक्षकले आफूहरु कहिल्यै पनि छात्रवृत्तिसम्बन्धी अनुगमन र

निरीक्षणमा नजाने गरेको तर विद्यालय निरीक्षकले अनुगमनका क्रममा छात्रवृत्तिसम्बन्धी केही मुद्दाहरु उठेमा कुराकानी र छलफल भने गर्ने गरेको बताए । यसबाट छात्रवृत्ति सम्बन्धमा को उत्तरदायी र जवाफदेही छ ? भने प्रश्न उठेको छ ।

स्थलगत भ्रमणबाट पत्तालागेको अर्को मुद्दा हो, पारदर्शिता । जसले छात्रवृत्ति व्यवस्थापनको कार्यक्षमता र प्रभावकारिता समस्याग्रस्त रहेको देखाउँछ । पारदर्शिताका सम्बन्धमा सुपरीवेक्षक, शिक्षक, अभिभावक र विद्यार्थीहरुको प्रतिक्रिया पनि उस्तै पाइयो । जि.शि.का मोरङका एक विद्यालय निरीक्षककाअनुसार छात्रवृत्ति व्यवस्थाबारे शाखा अधिकृतलाई थाहा छ, केही जानकारी राख्नु परे उनीसँगै सम्पर्क गर्नुपर्छ भन्ने भनाइ र लक्ष्मी प्राथमिक विद्यालय, बुधनगरका एक शिक्षकका अनुसार छात्रवृत्तिबारे सबै कुरा प्रधानाध्यापकलाई थाहा छ र उनी नै उत्तरदायी छन् । अनि विराट प्राथमिक विद्यालय बुधनगरका एक शिक्षककाअनुसार छात्रवृत्तिबारे उनलाई केही थाहा छैन भन्ने जस्ता अभिव्यक्तिले पनि छात्रवृत्तिको यथार्थ अवस्थालाई प्रकाश पार्दछ । अभिभावकहरुले पनि छात्रवृत्ति वितरण व्यवस्थामा पादरर्शिताको कमी छ भनी सङ्केत गरेका छन् ।

# अध्याय - पाँचः प्राप्ति, निष्कर्ष र सिफारिस

## ५.१ प्राप्ति

अघिल्ला खण्डहरुमा प्रस्तुत भएका विश्लेषण र प्राप्त भएका तथ्यहरुका आधारमा मोरङ जिल्लाको प्राथमिक तहका छात्राहरुको सहजैदेखिने भर्नादर अधिकतम १६२ प्रतिशत र न्यूनतम १०१ प्रतिशत गरी औषतमा १२१ प्रतिशत भएको पाइयो । यस तथ्यले जिल्लामा अझै पनि २१ प्रतिशत छात्राहरु प्राथमिक तहको ५-९ वर्ष उमेर भन्दा कम वा बढी उमेरका छन् र कक्षा छाड्ने र दोहोऱ्याउने प्रवृत्ति तीव्र छ भन्ने देखिन्छ । नमूना छनौट गरिएका विद्यालयहरुको खुद भर्नादर भने बढीमा ९६ प्रतिशत र घटीमा ७७ प्रतिशत तथा औषतमा ८७ प्रतिशत रहेको छ ।

पचास प्रतिशत छात्राछात्रवृत्ति कार्यक्रमको प्रभावका आधारमा छात्राहरुको सहभागिता स्थितिको विश्लेषणबाट भने एउटै विद्यालय भित्रका छात्रवृत्ति प्राप्त गर्ने र नगर्ने बालिकहरुको नियममितामा भिन्नता पाइएको छ । तुलनात्मक रुपमा हेर्दा छात्रवृत्ति प्राप्त नगर्ने छात्राहरुको भन्दा छात्रवृत्ति प्राप्त गर्ने छात्राहरुको औषत उपस्थिति १५ दिनले बढी देखिन्छ । यसो हुनुमा छात्रा छात्रावृत्ति कार्यक्रमको प्रभावलाई नै मुख्य कारकतत्वका रुपमा लिन सकिन्छ । त्यसैगरी कक्षा उत्तीण दरलाई तुलनात्मकरुपमा विश्लेषण गर्दा छात्रवृत्ति प्राप्त गर्ने छात्राहरुको औषत उत्तीर्ण प्रतिशत ९७.५ र छात्रवृत्ति प्राप्त नगर्ने छात्राहरुको उत्तीर्ण प्रतिशत ९२.७५ देखिन्छ । छात्रवृत्ति प्राप्त गर्ने छात्राहरुको उत्तीर्ण प्रतिशत ५ ले बढी छ । बीचैमा कक्षा छाड्ने प्रतिशत पनि छात्रवृत्ति प्राप्त नगर्ने बालिकाकै बढी देखिन्छ । जबकि छात्रवृत्ति प्राप्त गर्ने बालिकाको कक्षा छाड्ने दर ४.६ प्रतिशत छ भने प्राप्त नगर्नेको यो प्रतिशत २२.६ छ । छात्रवृत्ति प्राप्त नगर्नेको भन्दा प्राप्त गर्नेको कक्षा छाड्ने दर १८ प्रतिशतले घटी छ । सिकाइ उपलब्धिको स्थिति पनि छात्रवृत्ति प्राप्त गर्ने भन्दा नगर्नेको कमजोर देखिन्छ । यो प्रतिशत छात्रवृत्ति प्राप्त गर्नेको हकमा ४०.६ प्रतिशत र नगर्नेको हकमा भने ३५ प्रतिशत रहेको स्थिति छ ।

यस शोधकार्यबाट प्राप्त नतिजालाई सारसङ्क्षेपमा यसरी उल्लेख गर्न सकिन्छ ।

## १. छात्रवृत्ति कार्यक्रमको असर

### क. शैक्षिक असर

अध्ययनबाट ठूलो सङ्ख्यामा छात्राहरुले पाउने छात्रवृत्तिबाट विद्यालयमा छात्रा सहभागितामा सकारात्मक प्रभाव परेको, उपस्थिति, सिकाइ उपलब्धि, कक्षा बृद्धि र कक्षा छाड्ने क्रम घटेको छ । त्यसैगरी विद्यार्थी, शिक्षक र आमाबाबुका अनुसार छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुमा शैक्षिक सुधार देखिएको छ । छात्रा छात्रवृत्ति कार्यक्रमको प्रभाव बढी मात्रामा गरिब र न्यूनतम समाजिक अवस्था भएकाहरुमा देखियो ।

### ख. आर्थिक असर

आर्थिक सहयोगका कारण आमाबाबु, विद्यार्थी र समुदायका सदस्हरुले आफ्ना छोरीहरुलाई विद्यालय पढाइरहेका छन् । तथापि यो रकम पूर्णरुपमा कोटा अनुरुप सबै लक्षित समूहले प्राप्त गर्न सकिरहेको अवस्था भने देखिएन ।

### ग. मानसिक र भावनात्मक असर

छात्रवृत्ति कार्यक्रमले विद्यार्थी (बालिका) हरुको स्वास्थ्य, सरसफाइ, अनुशासन र नैतिकता, समयपालना, नियमिता जस्ता पक्षमा बालिकहरुलाई सशक्त बनाएको छ । स्थलगत अवलोकनले छात्रवृत्ति प्राप्त नगर्ने भन्दा प्राप्त गर्नेमा यो गैर शैक्षिक असर बढी मात्रामा देखियो ।

## २. योजना

छात्रा छात्रवृत्ति व्यवस्थाले गरिबी, लैङ्गिक विभेद, जाति विभेद र धार्मिक भेदभावद्वारा ग्रसित बालिकाहरुका लागि शिक्षाको ढोका खोलेको छ । तथापि SWOC /विश्लेषणले छात्रवृत्ति कार्यक्रममा सवलपक्ष कमजोरी, अवसर र चुनौतीहरु रहेको सङ्केत गरेको छ । यसले छात्रा छात्रावृत्ति कार्यक्रमका पनि आफ्नै फाइदाहरु छन् भनी खुलासा गरेको छ । हामीले अझै राम्रो गर्न सक्छौँ । यसका सवलपक्ष र अवसरहरु बृद्धि गरेर तथा कमजोरी न्यून गर्दै रणनीतिक योजनाद्वारा चुनौतीहरु सामाना गरेर यस कार्यक्रमलाई सशक्त बनाउन सक्छौँ । यस योजनाले चरणबद्ध उपागम ( ब्उउचचयबअज) (समस्याहरुको पहिचान, आन्तरिक र बाह्यतत्वहरुको विश्लेषण) द्वारा तथ्याङ्क सङ्कलन र व्यवस्थित गरी क्षेत्रहरु प्राथमिकीकरण गर्न सक्छ । यथार्थपरक लक्ष्य निर्धारण, कार्य

योजना निर्माण र अनुगमन एवं मूल्याङ्कन प्रणालीको स्थापना गरी छात्राछात्रवृति कार्यक्रमलाई एक योजनाबद्ध प्रभावकारी कार्यक्रममा रुपमा स्थापित गर्न सक्छ ।

## ३. अवरोध र बाधाहरु

यस छात्रा छात्रवृत्ति कार्यक्रमका मुख्य अवरोधहरु यस प्रकारका छन् ।

बालविवाह, छोरालाई प्राथमिकता, छुवाछुत, मुस्लिम समुदायका बालबालिकाहरुका लागि मदरशाको अनिवार्य व्यवस्था जस्ता सामाजिक एवं साँस्कृतिक प्रभावले लक्षित समूहका बालिकाहरुको विद्यालय सहभागितालाई न्यून गर्दै लगेको अवस्था छ । छात्रवृत्ति व्यवस्थापनमा यस्ता पक्षहरुको प्रत्यक्ष र अप्रत्यक्ष असर रहेको हुन्छ ।

छात्रवृत्ति वितरणमा समेत लक्षित समूहको सामाजिक, आर्थिक अवस्थालाई मुख्य समस्याको रुपमा लिइएको छ ।

छात्रवृत्ति वितरणमा समग्र सिद्धान्त (Blanket Approach) को प्रयोग, छात्रवृत्तिको नगण्य रकम, आवश्यकता र वितरित कोटाहरुबीच तालेमल नहुनु, बजेट तथा कोटा वितरणमा ढिलाइ, छात्रवृत्ति सँगसँगै चेतना र सहयोगी कार्यक्रमको कमी, तथ्याङ्क व्यवस्थापन प्रणालीमा समस्या, जवाफदेहिता र पारदर्शितामा कमी जस्ता योजनासम्बन्धी अवरोधहरुले योजनामा कमजोरी ल्याएका छन् ।

## ४. बाधा अड्चन

स्थानीयस्तरमा छात्रा छात्रवृत्ति वितरणसम्बन्धी बाधा अड्चनहरुमा वितरणको मापदण्डमा फरक, छात्रवृत्ति वितरणमा एकरुपताको कमी, दुर्लभ सुपरीवेक्षण र अनुगमन, दुरुपयोगको सम्भावना, तथ्याङ्क व्यवस्थापन प्रणालीको कमी, छात्रवृत्तिको असरसम्बन्धी पहिचानको कमी आदि रहेका छन् ।

## ५. सदुपयोग

छात्रवृत्ति रकमको फरक फरक किसिमले सदुपयोग गरेको पाइयो । यो रकम छात्राहरुको शिक्षामा प्रत्यक्ष, अप्रत्यक्ष रुपमा उपभोग भएको देखियो । अभिभावकहरुले रकमलाई आफ्ना छोरीहरुको विद्यालय पोशाक, विद्यालय खाजा, व्याग, कापी, कलम खरिद गर्न प्रयोग गरेका हुँदा प्रत्यक्ष उपयोग

गरेको देखियो भने दैनिक परिवारका आवश्यकताहरु पूरा गर्ने कार्यमा समेत खर्च गर्ने गरेको पाइएकाले यसलाई अप्रत्यक्ष सकारात्मक उपयोग गरेको मान्नुपर्छ ।

### ६. प्रणाली

छात्रा छात्रवृत्ति कार्यक्रमको योजना, व्यवस्थापन र कार्यान्वयनको उत्कृष्ट प्रणाली अझै पनि स्थापना गर्न नसकिएको देखियो । अनुगमन, मूल्याङ्कन र प्रतिवेदन गर्ने कार्यको अभाव देखियो । तथ्याङ्क व्यवस्थापन र सुधारमा समस्या पाइयो । विभिन्न तहमा छात्रवृत्ति व्यवस्थापनसम्बन्धी प्रणालीगत विकासको अभावले विद्यालयस्तरमा छात्रवृत्ति व्यवस्थापन, योजना विश्लेषण, सहयोग, समन्वय र सन्जाल, नियन्त्रण एवं सुधारसम्बन्धी पक्षहरुमा समस्या रहेको पाइयो ।

## ५.२ निष्कर्ष

यी उपुर्यक्त नतिजाहरु (Findings) बाट निम्नानुसार निश्कर्ष निकाल्न सकिन्छ ।

क) गरीब तथा सुविधाविहीन वर्गका बालिकहरुलाई मौद्रिक प्रोत्साहन दिई विद्यालय प्रणाली भित्र ल्याउने एक विश्वसनीय कार्यक्रमका रुपमा यो छात्रा छात्रवृत्ति कार्यक्रम रहेको छ ।

ख) छात्रवृत्तिको रकम बालिकाहरुको शिक्षा र उनीहरुको दैनिक आवश्यकता पूरा गर्न खर्च गरेको पाइयो ।

ग) छात्रवृत्ति रकम पारिवारिक आवश्यकता पूरा गर्नका लागि प्रयोग गरिएको पाइयो । यसले पनि बालिकाहरुको अवस्थामा सुधार ल्याउन मद्दत गर्ने भएकाले यसलाई रकमको उचित प्रयोग मान्न सकिन्छ ।

घ) बालबालिकहरुकाले छात्रवृत्ति रकम पाउने प्रक्रियामा आफ्नो संलग्नता चाहने हुनाले रकमको प्रयोगबारे निर्णय गर्ने अधिकार आमाबाबुलाई दिइनु त्यति राम्रो होइन ।

## ५.३ सिफारिसहरु

सरकारले शिक्षामा महिला सहभागिता बढाई समानता ल्याउन विभिन्न नीति एवं कार्यक्रम कार्यान्वयनमा ल्याएता पनि आशातीत सफलता प्राप्त हुन सकेको छैन । प्रस्तुत अध्ययनको सारांश र निश्कर्षका आधारमा प्राथमिक तहमा छात्रा सहभागिता बढाउन छात्रा छात्रवृत्ति कार्यक्रमको गहन प्रभाव रहने भएकाले यस छात्रा छात्रवृत्ति कार्यक्रमलाई प्रभावकारी बनाउन निम्न सुझाव तथा सिफारिस प्रस्तुत गरिएको छ ।

## योजना

क. प्रत्येक आवश्यकता भएका बालबालिकाहरुको शिक्षाको अवसर लागत र शैक्षिक लागत समावेश हुने गरी छात्रवृत्तिको सङ्ख्या र आकार बढाउनु पर्ने ।

ख. छात्रवृत्तिको कोटा निर्धारण गर्न, छात्रवृत्तिलाई व्यवस्थित गर्न र यस्ता कार्यक्रमहरुको सुपरीवेक्षण र मूल्याङ्कन गर्न स्थानीय निकाय र विद्यालयलाई नै पूर्ण अख्तियारी प्रदान गर्ने ।

ग. जो सुकै सरोकारवाला व्यक्ति, शिक्षक, प्रधानाध्यापक र बाबुआमा समेतलाई छात्रवृत्तिको व्यवस्थाबारे रेडियो, टी.भी. दैनिक समाचार माध्यमद्वारा सुसूचित र सचेत तुल्याउने ।

## छात्रवृत्ति वितरण

छात्रवृत्ति वितरण गर्ने समयमा र प्रक्रियामा लचकता हुनु पर्दछ । विद्यालयमा भर्ना गराउन र टिकाइराख्नका लागि यो लचकता उपयोग गरिनुपर्दछ । छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी छनौट गर्न, वितरणसम्बन्धी अनियमितता हटाउन र वितरणलाई चरणवद्ध र विश्वसनीय बनाउनका लागि निम्न नमुना सुझाव गरिएको छ ।

छात्रवृत्ति वितरणका लागि ढाँचा

**विद्यालयलाई छात्रवृत्ति रकम निकाशा गर्ने**

↓

**कोटा र वितरण प्रक्रिया निर्धारण एवं निर्णय गर्ने अख्तियारी विद्यालयलाई प्रत्यायोजन गर्ने**

↓

**विद्यालयद्वारा शिक्षकहरुसँगको अन्तरक्रिया र अन्य सूचनाहरुमा आधारित भई विद्यार्थी छनौट गर्ने ।**

↓

**विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ र शिक्षकहरु सहितको अन्तरक्रिया र छलफल कार्यक्रमको आयोजना गरी सोही वैठकको निर्णयका आधारमा छात्रवृत्ति प्रदान गरिने विद्यार्थीहरुको अन्तिम टुङ्गो लगाउने ।**

↓

**छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको नाम बाहिर प्रकाशमा ल्याउने र विद्यालयमा एक विभाजित ( Segregated) तथ्याङ्क प्रणाली खोल्ने ।**

नियमित अनुगमन र सुपरीवेक्षणद्वारा विद्यालय व्यवस्थापन समितिलाई उत्तरदायी र जवाफदेही बनाई पारदर्शिता, जवाफदेहिता सुनिश्चित गर्न सकिन्छ । नागरिक समाजका सदस्यहरुलाई छात्रवृत्ति वितरण प्रक्रियामा संलग्न गराई वितरण प्रणाली र प्रक्रियालाई अझ बढी पारदर्शि र सहभागितामूलक बनाउन सकिन्छ ।

## व्यवस्थापन र प्रणाली

क. सरकारी र गैरसरकारी क्षेत्रबीच छात्रवृत्ति वितरणमा दोहोरोपन देखा नपरोस् भनी छात्रवृत्ति वितरणसम्बन्धी कार्यमा समन्वय गर्न, प्रभावकारी सुपरीवेक्षण ,अनुगमन र नियन्त्रण गर्नका लागि जिल्ला तहमा एक कार्यान्वयन हुन सक्ने कार्यगत पद्धति (Functional mechanism) स्थापना गर्नु पर्ने देखिन्छ ।

ख. एक यस्तो तथ्याङ्क प्रणाली खडा गर्नु पर्ने देखिन्छ जसले एकातर्फ विद्यालयबाहिर रहेका बालबालिकाहरुको छात्रवृत्तिको अत्यावश्यकतालाई प्रस्तुत गरोस् र अर्कातर्फ भने यसले छात्रवृत्ति प्राप्त गर्ने र नगर्ने बीचको उपस्थिति, नियमितता, सिकाइ उपलब्धि, कक्षा उत्तीर्ण अवस्था, कक्षा छाडने र दोहोऱ्याउने क्रम, शैक्षिक सत्र पूरा हुने दरलाई विभाजित (Segregated) तथ्याङ्कको रुपमा अद्यावधिक गर्न सकोस् । यसबाट लक्षित वर्ग पहिचान गर्न सजिलो भई भावी कार्यक्रमलाई सहयोग पुग्न सक्छ ।

ग. सरकारले बढी रकम प्रवाह गरेको छात्रा छात्रवृत्ति कार्यक्रम समेत जिल्ला शिक्षा कार्यालयको प्राथमिकता अन्तर्गत नपरेको देखिएकाले यस्ता कार्यक्रमको प्रभावकारिता बृद्धिका लागि अनुगमन, सुपरीवेक्षण र प्रतिवेदन गर्ने कार्यलाई प्रभावकारी बनाउन जिल्ला शिक्षा अधिकारीलाई बढी सजग र जिम्मेवार बनाउने ।

घ. कतिपय प्रकृतिका छात्रवृत्ति/प्रोत्साहित कार्यक्रममा स्थानीय निकाय, सरकारी तथा गैरसरकारी राष्ट्रिय एवं अन्तराष्ट्रिय संघसंस्थाहरुको संलग्नता हुने गरेकाले छात्रा छात्रवृत्ति जस्तो व्यापक लगानी भएको कार्यक्रमको अझ बढी प्रभावकारी समन्वय, व्यवस्थापन, सुपरीवेक्षण र अनुगमनका लागि यस्ता संस्थाहरुबीच साझेदारिताको विकास गर्नु आवश्यक छ ।

## नीति निर्धारण

क. कक्षा एकमा छात्रवृत्ति पाउने विद्यार्थीहरुलाई माध्यमिक स्तरसम्म सो को उपलब्धताबारे सुनिश्चित गर्ने ।

ख. छात्रवृत्ति योजना र वितरणमा विकेन्द्रित नीति अवलम्बन गर्ने जसले गर्दा विद्यालयहरुले छात्रवृत्तिको प्रभावकारी प्रयोग गर्न सक्छन् ।

ग. प्रत्येक विद्यालयमा एक छात्रवृत्ति कोषको स्थापना गर्ने नीति तर्जुमा गर्नु पर्ने देखिन्छ जसले छात्रवृत्ति कार्यक्रमलाई दिगो र जीवन्त बनाउन सहयोग पुग्छ । उक्त कोषमा स्थानीय सरकारी

निकायबाट अनिवार्य सहायता उपलब्ध गराउने व्यवस्था गरेर छात्रवृत्ति आवश्यक पर्ने विद्यार्थीलाई नियमित रुपमा छात्रवृत्ति उपलब्ध गराउने व्यवस्था मिलाउन सकिन्छ ।

घ. अझ विद्यालय प्रणाली भन्दा बाहिर रहेका बालबालिकाहरुलाई विद्यालय प्रणाली भित्र आउँन आकर्षण हुने गरी छात्रवृत्ति कार्यक्रममा पुर्नसंरचना गर्नुपर्ने देखिन्छ ।

ङ. छात्रवृत्ति वितरणका सम्बन्धमा अनिवार्य सुपरीवेक्षण र अनुगमनको नीतिगत व्यवस्था गरिनु पर्छ । यस व्यवस्थाले धनी र लक्षित समूहभित्र नपर्ने विद्यार्थीले छात्रवृत्ति पाउने सम्भावनाको समस्यालाई सम्बोधन गर्नेछ ।

च. समग्र छात्रवृत्ति कार्यक्रमको सट्टा Pocket package का रुपमा यस कार्यक्रमको थालनी गर्नुपर्छ र राम्रो छात्रवृत्ति रकम प्रदान गरिनुपर्छ जसले अवसर लागतलाई समेत समावेश गर्न सकोस् ।

छ. वृत्तिको अवसर पाउनेले विद्यालय शिक्षा पूरा नगरेसम्म सो अवसर पाइरहून् भन्ने लक्ष्यका साथ आवश्यकतामा रहेका लक्षित समूहलाई छात्रवृत्ति दिइरहने दीर्घकालीन नीति अवलम्बन गरिनुपर्छ ।

कज. छात्रा छात्रवृत्ति जस्तो प्रभावकारी प्रोत्साहित कार्यक्रमलाई प्रभावकारी बनाउनका लागि छात्रवृत्तिका अलावा खाजा, तेल, मट्टीतेलको वितरणसम्बन्धी नीतिगत व्यवस्था गर्नुपर्छ र दुवै ( छात्रावृत्ति र अन्य प्रोत्साहित कार्यक्रम) कार्यक्रमलाई एकीकृत रुपमा लैजाने दीर्घकालीन नीति अवलम्बन गर्नुपर्छ ।

# सन्दर्भ सूची

आधारभूत तथा प्राथमिक शिक्षा परियोजना (२०५३), स्वाध्ययन सामग्री, काठमाण्डौ केशरमहल , चिराग

कोइराला, विद्यानाथ र श्रेष्ठ, चन्द्रबहादुर (२०६२), शैक्षिक व्यवस्थापन र सङ्गठनात्मक व्यवहार, भोटाहिटी, काठमाण्डौ : विद्यार्थी पुस्तक भण्डार ।

जि.शि.का. (२०६४), उजुरीसम्बन्धी अनुगमन प्रतिवेदन, मोरङ : लेखक ।

नेपालको अन्तरिम संविधान २०६३ (पाँचौं संशोधन सहित) काठमाण्डौं : मकालु प्रकाशन

नेपाल सरकार राष्ट्रिय योजना आयोग(२०६४),तीनवर्षीय अन्तरिम योजना (२०६४–२०६७) :काठमाण्डौँ

नेपाल सरकार/शिक्षा तथा खेलकुद मन्त्रालय (२०६४), नेपालको शैक्षिक झलक, केशरमहल कोठमाण्डौ

नेपाल सरकार/शिक्षा तथा खेलकुद मन्त्रालय (२०६२), स्थिति प्रतिवेदन, केशरमहल काठमाण्डौ

सुवेदी,दामोदर (२०६५), प्राथमिक शिक्षामा छात्रा सहभागिता : लेखक महिला शिक्षकको प्रभाव :लेखक ।

शर्मा, चिरञ्जीवी र निर्मला शर्मा (२०६१ ) , कक्षा कोठामा मनोविज्ञान, भोटाहिटी, काठमाण्डौ : एम.के.पब्लिसर्स एण्ड डिष्ट्रिब्युर्टस ।

शिक्षा तथा खेलकुद मन्त्रालय/शिक्षा विभाग (२०६५), लैङ्गिक सचेतना प्याकेज, सानोठिमी, भक्तपुर ।

शिक्षा विभाग (२०६४), कार्यक्रम कार्यान्वयन निर्देशिका, सानोठिमी, भक्तपुर : लेखक ।

शिक्षा विभाग (२०६५), कार्यक्रम कार्यान्वयन निर्देशिका २०६५, सानोठिमी, भक्तपुर : लेखक

शिक्षा विभाग (२०६३), बालिका शिक्षामा लैङ्गिक समानताका लागि रणनीतिक कार्यान्वयन योजना :सानोठिमी, भक्तपुर ।

शिक्षा विभाग (२००७),लैङ्गिक झलक : सानोठिमी, भक्तपुर ।

शिक्षा विभाग (२०६१), विद्यालयमा विद्यार्थी भर्ना तथा स्वागत कार्यक्रम निर्देशिका., सानोठिमी, भक्तपुर

शिक्षा विभाग (२०६४), शिक्षा विभागद्वारा गरिएका अध्ययनहरुको प्रतिवेदन (२०६३ –२०६४) : सानोठिमी ,भक्तपुर ।

शैक्षिक जनशक्ति विकास केन्द्र (२०६०), लैङ्गिक/साँस्कृतिक सचेतता तालिम पुस्तिका, सानोठिमी, भक्तपुर ।

CERID (2004), Formative Research Project, Free and Primary Education in the context of Education For All: CERID, Balkhu.

CERID (1998), Evaluation and Review of Incentive Schemes to Encourage Participation of Girls and Women in Basic Education (Phase 1), Kathmandu : Author.

Education Journalist Group (2004), Girls Education in Nepal, Research and Investigative Reporting on Girls Education.

MOES (2004), Education For All, Core Document (2004-09), Kathmandu : Author

MOES (2002), Education For All, National Plan Of Action: Kathmandu : Author.

## प्राथमिक शिक्षामा छात्रा छात्रवृत्ति कार्यक्रमको प्रभावकारिता

## अनुसूची - १

## शैक्षिक सूचकसम्बन्धी सूत्रहरु

१. सहजै देखिने छात्रा भर्नादर (GER) = $\frac{\text{सेवा क्षेत्रबाट प्रा.वि. जाने छात्राहरुको सङ्ख्या}}{\text{सेवा क्षेत्रको ५-९ वर्षको बालिकाहरुको जनसङ्ख्या}}$

२. खूद भर्नादर (NER) = $\frac{\text{सेवा क्षेत्रबाट प्रा.वि जाने ५-९ वर्षका छात्राहरुको सङ्ख्या}}{\text{सेवा क्षेत्रको ५-९ वर्षको बालिकाहरुको जनसङ्ख्या}} \times 100$

३. छात्राहरुको उपस्थिति दर = $\frac{\text{जम्मा छात्रा उपस्थिति दिन}}{\text{जम्मा विद्यालय सञ्चालन भएको दिन}} \times 100$

४. छात्राहरुको कक्षा उत्तीर्ण हुने दर = $\frac{\text{उत्तीर्ण छात्राहरु}}{\text{जम्मा छात्राहरु}} \times 100$

५. छात्राहरुको कक्षा छाड्ने दर = $\frac{\text{कक्षा छाड्ने छात्राहरु}}{\text{भर्ना भएका जम्मा छात्राहरु}} \times 100$

प्राथमिक शिक्षामा छात्रा छात्रवृत्ति कार्यक्रमको प्रभावकारिता

## अनुसूची - २

## विद्यालय सर्भेक्षण फाराम - २०६५

१. क. विद्यालयको नाम र ठेगाना :

ख. सञ्चालित कक्षा

२. सेवा क्षेत्र विवरण

क. जनसङ्ख्या (५-९) वर्ष

| क.स. | साल | केटा | केटी | जम्मा |
|---|---|---|---|---|
| | २०६४ | | | |

ख. सेवाक्षेत्रबाट विद्यालय जाने विद्यार्थी विवरण (सबै उमेर समूह)

| क.स. | साल | | केटी | जम्मा ५-९ वर्ष/अन्य उमेर समूह |
|---|---|---|---|---|
| | २०६४ | ५-९ वर्ष | अन्य उमेर समूह | |

३. क. विद्यालयको विद्यार्थी विवरण

| कक्षा | छात्रा | जम्मा |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| ४ | | |
| ५ | | |

जम्मा

ख. उमेरगत विवरण (२०६४)

| कक्षा | विद्यार्थी | ५ वर्ष भन्दा कम | ५-९ वर्ष | १० वर्ष माथि | जम्मा |
|---|---|---|---|---|---|
| १ | छात्रा | | | | |
| | जम्मा | | | | |
| २ | छात्रा | | | | |
| | जम्मा | | | | |

४. विद्यालय छाड्ने छात्रा विवरण, २०६४

| कक्षा | भर्ना सङ्ख्या | कक्षा छाड्ने सङ्ख्या | | कक्षा छाड्ने प्रतिशत | |
|---|---|---|---|---|---|
| | | छात्रवृत्ति पाउने | छात्रवृत्ति नपाउने | छात्रवृत्ति पाउने | छात्रवृत्ति नपाउने |
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| जम्मा | | | | | |

५. कक्षोत्तीर्ण विवरण, २०६४

| कक्षा | परीक्षामा सम्मिलित छात्रा | परीक्षामा उत्तीर्ण | |
|---|---|---|---|
| | | छात्रवृत्ति पाउने | छात्रवृत्ति नपाउने |
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| जम्मा | | | |

६. छात्रा उपस्थिति विवरण

| विद्यालयको नाम | विद्यालय खुलेको दिन | पढाइ भएको दिन | औषत उपस्थिति दिन | |
|---|---|---|---|---|
| | | | छात्रवृत्ति पाउने | छात्रवृत्ति नपाउने |

जम्मा

७. छात्राहरुको सिकाइ उपलब्धि स्थिति

विषयगत औसत प्राप्ताङ्क कक्षा - ५

| विद्यालयको नाम | नेपाली | | गणित | | अङ्ग्रेजी | |
|---|---|---|---|---|---|---|
| | छात्रवृत्ति पाउने | छात्रवृत्ति नपाउने | छात्रवृत्ति पाउने | छात्रवृत्ति नपाउने | छात्रवृत्ति पाउने | छात्रवृत्ति नपाउने |

## प्राथमिक शिक्षामा छात्रा छात्रवृत्ति कार्यक्रमको प्रभावकारिता

## अनुसूची - ३

## प्रश्नावली

(प्रधानाध्यापक/शिक्षकहरुका लागि)

**प्र.अ./शिक्षकको नाम** ........................................................................

**विद्यालयको नाम :** ..........................................................................

१ सेवा क्षेत्रका सबै बालिकाहरु विद्यालय नआउँनका समस्याहरु के के हुन् ?

क. गरिबी ☐

ख. चेतनाको अभाव ☐ ☐

ग. साँस्कृतिक परम्परा र अभ्यास ☐

घ. धार्मिक परम्परा

२ सुविधाविहीन बालिकाहरुलाई विद्यालय शिक्षामा आकर्षित गर्न के गर्नु आवश्यक छ ?

क. पर्याप्त छात्रवृत्तिको व्यवस्था ☐

ख. विद्यालय खाजा ☐ ☐

ग. पोशाकको व्यवस्था ☐

घ. पुरस्कारको व्यवस्था

३. तपाईंको विद्यालयमा छात्राछात्रवृत्ति कसरी वितरण गरिदै आएको छ ?

क. आम अभिभावक भेला वोलाएर ☐

ख. कक्षागत अभिभावक भेला बोलाएर ☐ ☐

ग. छात्रवृत्ति पाउनेका मात्र अभिभावक बोलाएर ☐

घ. छात्रवृत्ति वितरण कार्यक्रमको आयोजना गरेर

४. छात्रवृत्ति पाउने छात्रा छनोटका आधारहरु के के अपनाउनु भएको छ ?

क. सोलोढोलो सबै छात्राहरु ☐

ख. गरीब, सुविधाविहीन, पिछडिएका र जेहेन्दार ☐ ☐

ग. अभिभावकहरुको विपन्नताको स्तर हेरेर ☐

घ. जिल्ला शिक्षा कार्यालयको निर्देशन बमोजिम ☐

ङ. शिक्षक, प्र.अ. को स्वविवेक

५. छात्रवृत्ति केका रुपमा वितरण गर्दै हुनुहन्छ ?

क. नगद ☐

ख. पोशाक ☐ ☐

ग. स्टेशनरी ☐

घ. स्टेशनरी र पोशाक दुबै

६. विद्यालयलाई प्राप्त छात्रवृत्ति कोटा र रकमको पारदर्शिता कत्तिको छ ?

क. पारदर्शिता छ., सूचना पाटीमा टाँसिन्छ । ☐

ख. पारदर्शिता छैन., केही थाहा हुँदैन । ☐ ☐

ग. सामान्य चर्चा सम्म गरिन्छ । ☐

घ. जे थाहा छ, प्र.अ. लाई छ., उनै सर्वेसर्वा हुन् ।

७. जि.शि.का. बाट छात्रवृत्तिको रकम विद्यालयलाई कसरी निकाशा हुन्छ ?

क. प्रतिकोटा तर दामासाही

ख. प्रतिकोटा तोकिए अनुसार नै

ग. कोटा नतोकी एकमुष्ट

घ. प्रतिविद्यालय दामासाही

८. तपाईंको विद्यालयमा छात्रवृत्ति वितरणमा तलको कुन प्रक्रिया अपनाउँदै आउँनुभएको छ ?

क. प्रत्येक वर्ष दामासाही

ख. सधैँ लक्षित समूह छनोट गरेर

ग. सधैँ आलोपालो

घ. कहिले दामासाही त कहिले लक्षित समूह छनोट गरेर

९. छात्रवृत्ति वितरण विद्यालयले कहिले कहिले गर्छ ?

क. वर्षको सुरुमा

ख. वर्षको मध्यमा

ग. वर्षको अन्त्यमा

घ. यो वर्षको छात्रवृत्ति बाँडेकै छैन

१०. छात्रवृत्ति रकम कति कति बाँडनुहुन्छ ?

क. सवै छात्राहरुलाई दामासाही

ख लक्षित समूहलाई मात्र कोटा अनुसारनै

ग. कोटा अनुसार नै तर आलोपालो

घ. यो वर्ष बाँडेकै छैन

११. छात्रवृत्ति प्राप्त गर्ने छात्राहरुको ज्ञान, सीप, अभिवृत्ति, आनिबानी, व्यवहार, स्वास्थ्य आदिमा के कस्तो परिवर्तन आएको पाउनुभएको छ ?

क. आशातीत परिवर्तन भएको छ ।

ख. नगन्य परिवर्तन आएको छ ।

ग. खासै परिवर्तन आएको छैन ।

घ. सुधारोन्मुख छ ।

१२. छात्रवृत्ति कसले थाप्छन् ?

क. विद्यार्थीले

ख. अभिभावकले

ग. विद्यार्थीको उपस्थितिमा अभिभावकले

घ. परिवारको जो कोही सदस्यले

१३. छात्रवृत्तिका लागि छात्रा छनोट गर्न तलको कुन ढाँचा अपनाउँदै आउँनु भएको छ ?

क.शिक्षकले लक्षित समूह छान्ने, शिक्षक वैठकमा राख्ने र वि.व्य.स. बैठकले टुङ्ग्याउने ।

ख. शिक्षकको समितिलाई छनोट गर्ने र प्र.अ. ले वि.व्य.स. बैठकबाट टुङ्ग्याउने ।

ग. शिक्षक, अभिभावक संघ र वि.व्य.स. ले उपयुक्त आधार तयार गरी छनौट गर्ने ।

घ. प्र.अ.र वि.व्य.स. को संयुक्त प्रयासबाट लक्षित समूह छनोट गर्ने ।

ङ. भर्ना भएका सबै छात्राहरुलाई लक्षित समूह मानी वि.व्य.स. ले टुङ्ग्याउने ।

१४. छात्रा छात्रवृत्तिवापत प्राप्त एकमुष्ट रकम मध्ये अवस्था हेरी कुन कुन शीर्षकमा के के वापत कति कति रकम वितरण गर्दै आउँनु भएको छ ?

क. स्टेशनरी मात्र दिँदा पुग्नेलाई रु १५०/- पोशाक मात्र आवश्यक हुनेलाई रु ३००/- स्टेशनरी, पोशाक दुवै आवश्यक पर्नेलाई रु ४५०/- का दरले रकम प्रदान

गरिएको ।

ख. प्रति कोटा छात्रवृत्ति वापतको रकमलाई "क" अनुसारको प्रकृतिमा ढालेर वितरण गर्न सक्ने अधिकार नभएकाले कोटा अनुसार नै पूरै रकम प्रदान गरेको ☐

ग. स्टेशनरी मात्र दिँदा पुग्नेलाई रु १५०/- पोशाक आवश्यक हुनेलाई रु ३००/- दिन सकिएता पनि स्टेशनरी र पोशाक दुवै शीर्षकमा गरी रु ४५०/- एउटै विद्यार्थीलाई दिन नसकिने भएकाले प्रति कोटाको पूरै रकम प्रदान गर्ने गरेको ☐

घ. एकमुष्ट रकमलाई जम्मा छात्रा सङ्ख्याले भाग गरी भागमा परे जति सबै दिने गरेको । ☐

१५. के छात्रवृत्ति प्राप्त गर्ने र नगर्ने छात्राहरुको भर्ना अवस्था, नियमितता, कक्षोत्तीर्ण,अनियमितता, बीचैमा कक्षा छाड्ने, सिकाइ उपलब्धि देखिने र झल्कने किसिमको विभाजित तथ्याङ्क विद्यालयले अभिलेखको रुपमा खाल्ने गरेको छ ?

क. छ । ☐

ख. छैन । ☐

☐

ग. यस्तो तथ्याङ्क महसुश नै गरिएको छैन । ☐

घ. जि.शि.का.ले पहल नै गरेको छैन ।

१६. छात्रवृत्ति वितरणसम्वन्धमा जि.शि.का. वा अन्य निकायवाट वर्षमा कति पटक निरीक्षण हुने गरेको छ ?

क. स्रोतव्यक्तिबाट केही मात्रामा निरीक्षण हुने गरेको तर यस शीषर्कमा छलफल नहुने गरेको ☐

ख. विद्यालय निरीक्षकबाट विरलै निरीक्षण हुने गरेको तर यस शीर्षकमा छलफल नहुने गरेको ☐

ग. कसैबाट पनि निरीक्षण भएके छैन ☐

घ. उजुरी परेको खण्डमा जि.शि.का. बाट वि.नि./स्रोतव्यक्ति आउने गरेको ☐

१७. यस छात्राछात्रवृत्ति कार्यक्रमलाई प्रभावकारी बनाउन के गर्नु पर्ला ?

क. लक्षित समूहको परिभाषा स्पष्ट, मापनीय हुनुपर्छ र सम्पूर्ण लक्षित वर्गले नै पाउनुपर्छ । ☐

ख. यथेष्ट रकम छात्रवृत्तिको रुपमा पाउनु पर्छ ☐

ग. यस कार्याक्रमको व्यापक प्रचारप्रसार गरी अनुगमन समेत गर्नु पर्छ । ☐

घ. स्थानीय स्तरमानै एक सयन्त्र निमार्ण गरी छात्रवृत्ति वितरण गर्ने र यसको अनुगमन गर्ने गरिनुपर्छ । ☐

१८. छात्रवृत्ति वितरण कार्यान्वयन निर्देशिकाबारे तपाँईलाई के थाहा छ ?

क. सुनेको हो, देखेको छैन । ☐

ख. छ भन्ने पनि सुनेको छैन । ☐

ग. विद्यालयमा उपलब्ध छैन । ☐

घ. जि.शि.का. ले उपलब्ध गराउँदैन ☐

१९. छात्रवृत्ति कार्यक्रमको सवल पक्ष के हो ?

क. विद्यालय र शिक्षाप्रति अभिभावक र विद्यार्थीहरुमा सकारात्मक सोचको विकास भएको छ । ☐

ख. अफठ्यारो परिस्थितिमा रहेका आमाबाबुहरु समेतको शिक्षामा चेतना स्तर बृद्धि भएको छ । ☐

ग. शिक्षा प्रति बालिकाहरुमा उत्प्रेरणा बढको छ । ☐

घ. आर्थिक रुपमा नगण्य मात्र भए पनि शिक्षाको लागत बेहोर्न सहयोग पुगेको छ । ☐

२०. छात्रा छात्रवृत्तिको कमजोर पक्ष के हो ?

क. नाम मात्रको छ । ☐

ख. आवश्यक छैन ☐

ग. ब्लाङ्केट प्रणालीमा आधारित छ । ☐

घ. लक्षित वर्गलाई खासै आकर्षित गर्न सकेको छैन । ☐

२१. के यो छात्रवृत्ति कार्यक्रमले सम्पूर्ण लक्षित समूहलाई समेट्न सकेको छ ? छैन भने कसरी समेट्न सकिन्छ ?

क. ब्लाङ्केट प्रणालीको सट्टा कार्यक्रमलाई विविधीकरण गर्नु पर्छ । ☐

ख. सबै लक्षित वर्गलाई समेट्ने गरी पर्याप्त सहुलियत समेत दिनु पर्छ । ☐

☐

ग. लक्षित समूहको यथार्थ सर्वेक्षण गरी यो कार्यक्रम लागू गर्नु पर्छ ।

घ. अनुगमन प्रणालीलाई कठोर बनाइनु पर्छ । ☐

२२. सुविधाविहीन बालिकाहरुलाई विद्यालय शिक्षामा आकर्षित गर्न के गरिनु आवश्यक छ ?

२३. के यो छात्रवृत्ति समयमै विद्यालयमा निकाशा हुन्छ ? यदि हुँदैन भने यसका अवरोध हरु के के छन् ?

२४. यदि रकमको सट्टा छात्रवृत्तिको रुपमा पोशाक, स्टेशनरी बाँड्दै आउनु भएको छ भने त्यो निर्देशन विपरीत भएन र ?

२५. के छात्रवृत्ति वितरण, यसको उपयोग तथा यस कार्यक्रमकै समग्र अनुगमन र मूल्याङकनलाई टेवा पुग्न सक्ने गरीको कुनै संयन्त्र स्थानीय तहमा विकास गर्नु भएको छ ?

२६. छात्रा छात्रवृत्ति वितरणसम्बन्धी प्रभावकारी संयन्त्रको विकास गर्ने थप उपायहरु के के देख्नु भएको छ ?

२७. लक्षित समूहलाई नै यो छात्रवृत्ति वितरण गरिँदै आएको छ भन्ने कुराको सुनिश्चितता तपाईं कसरी गर्नु हुन्छ ?

२८. के शिक्षणसिकाइ क्रियाकलामा यो छात्रवृत्तिको प्रभाव महशुस गर्नु भएको छ ?

२९. छात्रवृत्ति व्यवस्थापनका लागि नागरिक समाजलाई सहभागी गराउने उपयुक्त बाटो कुन हुन सक्छ ?

३०. के सुविधाविहीन बालिकाहरुको प्राथमिक शिक्षा पूरा गर्ने कार्यमा यस कार्यक्रमले योगदान पुऱ्याएको छ ?

३१. सुविधाविहीन वर्गका छात्राहरुलाई विद्यालयमा आकर्षित गर्न यस कार्यक्रमलाई थप प्रभावकारी बनाउँन सक्ने थप अनुभव तपाईँसँग थियो कि ?

३२. यस कार्यक्रमका सवल पक्षहरु के के हुन् ? अवसर र चुनौतीपूर्ण पक्षहरु के के देख्नुभएको छ

३३. यस बाहेक थप भनाइहरु केही थियो कि ?

**प्राथमिक शिक्षामा छात्रा छात्रवृत्ति कार्यक्रमको प्रभावकारिता**

**अनुसूची - ४**

**प्रश्नावली**

**(जिल्ला शिक्षा कार्यालयका कर्मचारीहरुका लागि)**

**नाम : विद्यालय निरीक्षक/शाखा अधिकृत :-** ..........................

१. के छात्रवृत्तिसम्बन्धी अख्तियारी तथा रकम जिल्लामा समयमै उपलब्ध हुन्छ ?

क. स्वीकृत कार्यक्रमसँगै उपलब्ध हुन्छ । ☐

ख. वार्षिक कार्यक्रमको लक्ष अनुसार उपलब्ध हुन्छ । ☐

ग. समयमा उपलब्ध हुँदैन । ☐

घ. लेखा शाखालाई सोध्नु पर्छ, कहिले उपलब्ध हुन्छ । ☐

२. शिक्षा विभागद्वारा उपलब्ध छात्रवृत्ति वितरणसम्बन्धी कार्यान्वयन निर्देशिकाले गरेको व्यवस्थाबारे तपाईंलाई के थाहा छ ?

क. छ भन्ने सुनेको हो, देखेको छैन । ☐

ख. कार्यक्रम हेर्ने शाखा अधिकृतलाई थाहा होला । ☐

ग. त्यस्तो निर्देशन प्राप्त हुने गरेको छैन । ☐

घ. वर्षेनी कार्यान्वयन निर्देशिका आउँछ, सबै थाहा छ । ☐

३. के जि.शि.का. ले छात्रवृत्ति निकाशा गर्दा कार्यान्वयन निर्देशिकाको सम्पूर्ण कार्यविधिको पालना गर्ने गरेको छ ?

क. थाहा छैन । ☐

ख. हो, पालना गर्ने गरेको छ । ☐

ग. आंशिक पालना गर्ने गरेको छ

घ. कार्यालयमा कार्यान्वयन निर्देशिका नै उपलब्ध छैन ।

४. छात्रछात्रावृत्ति सम्बन्धित लक्षित समूहलेनै प्राप्त गरुन् भन्ने सुनिश्चितताका लागि जि.शि.का. ले अपनाएका ठोस नीतिहरु के के छन् ?

क. कार्यान्वयन निर्देशिकअनुसार जिल्ला छात्रवृत्ति व्यवस्थापन समिति गठन गरेको ।

ख. जिल्ला छात्रवृत्ति ब्यवस्थापन समितिले वितरणको आधार तयार गरी विद्यालय व्यवस्थापन समितिलाई निर्देशन दिने गरेको

ग. छात्रवृत्ति वितरणका आधारहरु र रकम समेत जि.शि.का. को सूचना पाटीमा टाँस्ने गरेको

घ. जि.शि.का. स्वयंले वितरणका आधारहरु तयार गरी विद्यालयहरुलाई निर्देशन दिने गरेको

ङ. स्रोतव्यक्तिहरुको वैठकमा कोटा र रकमबारे जानकारी दिने गरेको

५. के विद्यालयमा छात्रवृत्तिसम्बन्धी कुनै जागरण कार्यक्रमहरु पनि सन्चालन छन् ?

क. आवश्यकता महशुस भएको छ, तर सन्चालित छैनन् ।

ख. सन्चालित छन् ।

ग. आवश्यकता छैन ।

घ. स्थानीय तहमा छात्रवृत्ति वितरणसम्बन्धी संयन्त्र विकास गर्ने परिपाटीको थालनी भएको छ ।

६. छात्रवृत्ति प्राप्ति पश्चात् छात्राहरुमा आएको परिवर्तनका सम्बन्धमा विद्यालय निरीक्षक, स्रोतव्यक्ति एवं अन्य स्रोतहरुबाट के कस्ता प्रतिवेदन तथा सूचनाहरु प्राप्त हुने गरेको छ

क. यस प्रकृतिको अनुगमन, सुपरीवेक्षण गरिएको छैन ।

ख. छात्राछात्रवृत्ति कार्यक्रमबाट छात्राहरुमा आएको समग्र प्राप्ति हेरिएको छ ।

ग. वि.नि., स्रोतव्यक्तिहरुबाट यथेष्ट सूचना एवं प्रतिवेदन प्राप्त हुनेगरेको छ ।

घ. छात्राहरुमा सामान्य परिवर्तन आएको छ । ☐

७. सेवाक्षेत्रका सबै बालिकाहरु विद्यालय नआउनुका समस्याहरु के के हुन् ?

क. गरिबी ☐

ख. चेतनाको कमी ☐

ग. साँस्कृतिक परम्परा र अभ्यास ☐

घ. धार्मिक परम्परा ☐

८. सुविधाविहीन, पिछडिएका र गरीब बर्गका बालिकाहरुलाई विद्यालय शिक्षामा आकर्षित गर्न थप के गर्न आवाश्यक छ ?

क. पर्याप्त छात्रवृतिको व्यवस्था ☐

ख. विद्यालय खाजा ☐

ग. पोशाकको व्यवस्था ☐

घ. पुरस्कारको व्यवस्था ☐

९. जि.शि.का. बाट छात्रवृत्तिको रकम कसरी निकाशा हुन्छ ?

क. प्रतिकोटा तर दामासाही ☐

ख. प्रतिकोटा नर्म्सअनुसार ☐

ग. कोटा नतोकी एकमुष्ट ☐

घ. प्रति विद्यालय दामासाही ☐

१०. के शिक्षा कार्यालयले छात्रवृत्ति प्राप्त गर्ने र नगर्ने छात्राहरुको भर्ना अवस्था, नियमितता, कक्षोत्तीर्ण, अनियमितता, बीचैमा कक्षा छाड्ने, सिकाइ उपलब्धि आदि स्थिति झल्कने किसिमको विभाजित तथ्याङ्कको विकास गरेको छ ?

क. छ ☐

ख. छैन ☐

ग. महसुस भएको छ ☐

घ. विद्यालयलाई निर्देशित गरिएको छ ☐

११. जिल्लामा प्राप्त हुने छात्रवृत्ति कार्यक्रमको प्रकार र प्रकृति बताउनुहोस् ।

१२. जि.शि.का. ले विद्यालयलाई बर्षको कतिपटक छात्रवृत्ति निकाशा गर्छ ?

१३. छात्रवृत्ति प्राप्त गर्ने र नगर्ने छात्राहरुबीचको भिन्नता पत्ता लगाउन कुनै निरीक्षण, अवलोकन गर्नु भएको छ ?

१४. यस कार्यक्रमले लैङ्गिक विभेद अन्त्य गर्न सहयोग पुगेको ठान्नु हुन्छ ?

१५. छात्रवृत्ति प्राप्त नगर्ने भन्दा छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको कार्य सम्पादनमा छात्रवृत्तिले कसरी प्रभाव पार्न सक्छ ?

१६. पचास प्रतिशत छात्राछात्रवृत्ति कार्यक्रमका सवल र कमजोर पक्षहरु के के छन् ? अनि अवसर र चुनौतीपूर्ण पक्षहरु के के देख्नु भएको छ ?

१७. के तपाईंले पचास प्रतिशत छात्राछात्रवृत्ति वितरणसम्बन्धी विद्यालयद्वारा भए गरेका, हुनेगरेका यावत् पक्षहरुको निरीक्षण अबलोकन गर्नुभएको छ ? छ भने किन ? यदि छैन भने किन ?

१८. यस कार्यक्रमले सम्पूर्ण लक्षित समूहलाई सम्बोधन गर्न सकेको छ ? छैन भने कसरी सम्बोधन गर्न सकिन्छ ?

१९. यस कार्यक्रमलाई सुधार गर्न तपाईं के कस्ता ठोस सुझाबहरु दिन चाहनुहुन्छ ?

२०. थप अन्य कुनै विचारहरु पस्कन चाहनु हुन्थ्यो कि ?

## प्राथमिक शिक्षामा छात्रा छात्रवृत्ति कार्यक्रमको प्रभावकारिता

## अनुसूची - ५

## अन्तरवार्ता प्रश्नावली

## (विद्यार्थीहरुका लागि )

**विद्यार्थीको नाम** ............................................................ ।

**विद्यालयको नाम** ............................................................................ ।

**कक्षा** ....................... **उमेर** ............................... **जाति** .........................

१. तिम्रो बाबु आमाको पेशा के हो ?

२. तिम्रो बाबु र आमाले कति पैसा कमाउनु हुन्छ ?

३. तिमी घरमा कति घण्टा पढ्छौ ?

(क) एक घण्टा ☐

(ख) दुई घण्टा ☐

(ग) केही समय ☐

(घ) घरमा पढ्ने गरेको छैन । ☐

४. घरमा अध्ययन गर्न तिमीलाई कसले सहयोग पुऱ्याउँछ ?

५. तिमीलाई पढ्नु पर्छ भनेर कसले प्रोत्साहित गर्छ ?

६. के तिमीले कुनै छात्रवृत्ति पाएका छौ ? यदि पाएका छौ भने त्यो कुन छात्रवृत्ति हो ?

(क) पाएकी छु त्यो दलित छात्रवृत्ति हो । ☐

(ख) पाएकी छु. यो पचास प्रतिशत (आधा) केटीहरुले पाउने छात्रवृत्ति हो । ☐

(ग) पाएकी छु, तर नाम थाहा छैन ☐

☐

(घ) पाएकी छु, त्यो सबै केटी जातिले पाउने छात्रवृत्ति हो ।

७. तिमीले छात्रवृत्ति वापत् के पायौ ?

(क) पैसा ।

(ख) पोशाक ।

(ग) स्टेशनरी ।

(घ) स्टेशनरी र पोशाक दुवै ।

८. तिमीले यो छात्रवृत्ति किन पाएकी हौ ?

(क) कक्षमा प्रथम भएकाले पुरस्कार स्वरुप पाएकी हुँ ।

(ख) सधैँ विद्यालय आउनका लागि पैसा पाएकी हुँ ।

(ग) विद्यालय पोशाक लगाएर विद्यालय आउँन पोशाक पाएकी हुँ ।

(घ) हाम्रो परिवार गरीब भएकाले यो छात्रवृत्ति पाएकी हुँ ।

९. यदि तिमीले छात्रवृत्ति नपाएकी भए के गर्थ्यौ ?

१०. तिमिले छात्रवृत्ति पाएको पैसा केमा खर्च गऱ्यौ ?

(क) आमाबाले केमा खर्च गर्नु भयो मलाई थाहा छैन ।

(ख) मेरो कापी, कलम, झोला किन्नमा खर्च भयो ।

(ग) खाजा खान खर्च भयो ।

(घ) अलिकति मैले खर्च गरेँ, बाँकी बाबा ममीले चलाउनुभयो ।

११. के छात्रवृत्तिको पैसाले तिमीलाई पढाइमा सहयोग गर्छ ?

(क) छात्रवृत्ति पाएकीले सधैँ स्कूल जान पाएकी छु ।

(ख) कापी, कलम, झोला र पोशाक किन्न सामान्य सहयोग पुगेको छ ।

(ग) पढेर ठूलो मान्छे हुने प्रेरणा बढेको छ ।

(घ) खासै सहयोग पुगेको छैन । ☐

१२. के तिमीले प्राप्त गरेको छात्रवृत्तिको रकम तिम्रो पढाइका लागि पर्याप्त छ ? छैन भने कति भए हुन्थ्यो ?

(क) पर्याप्त छैन, कापी, कलम, झोला, पोशाक र खाजा खान समेत पुग्ने गरी दिए हुन्थ्यो । ☐

(ख) पर्याप्त छैन, घरको अवस्था हेरेर दिए हुन्थ्यो । ☐

(ग) पर्याप्त छैन, महिनै पिच्छे केही रकम पाइरहन पाए हुन्थ्यो । ☐

(घ) पर्याप्त छैन, दिने नै भए ट्यूसन पढ्न समेत पुग्नेगरी दिए हुन्थ्यो । ☐

१३. यदि छात्रवृत्ति वापत पैसा नपाई अरु कुनै सामान वा वस्तु पाएको भए त्यसले तिम्रो पढाइमा सहयोग पुग्थ्यो कि पुग्दैनथ्यो ?

(क) पैसाको सट्टा कापी, कलम, झोला, पोशाक पाएको भए राम्रो हुन्थ्यो । ☐

(ख) पैसा नपाएको भए बाबाआमाले स्कूल पठाउँनु हुँदैनथ्यो । ☐

(ग) जे दिए पनि त्यसले मेरो पढाइमा सहयोगै पुग्छ । ☐

(घ) मैले पोशाक पाएकीले विद्यालय जान सजिलो भएको छ । ☐

१४. यदि तिमीले छात्रवृत्ति नपाएकी भए कसरी पढ्थ्यौ ?

१५. तिमीले वर्षमा कति पटक छात्रवृत्ति पायौ ?

(क) एकपटक । ☐

(ख) दुईपटक । ☐

(ग) यस वर्ष कसैलाई बाँडेको छैन । ☐

१६. छात्रवृत्ति कसले थाप्छ ?

(क) आफैँले ।

(ख) आफ्नो उपस्थितिमा बाबा अथवा आमाले ।

(ग) परिवारका अन्य सदस्यले ।

(घ) सर आफैँले घरमा पुऱ्याउँनु हुन्छ ।

१७. तिमीले छात्रवृत्तिको रकम कति पायौ ?

(क) रु ३५०/

(ख) त्यसको आधा

(ग) सबै साथीहरुलाई भाग लगाउँदा जति पुग्छ त्यति ।

(घ) आधा साथीहरुलाई भाग लगाउँदा जति पुग्छ त्यति

(ङ) रु. ........

**प्राथमिक शिक्षामा छात्रा छात्रवृत्ति कार्यक्रमको प्रभावकारिता**

**अनुसूची - ६**

**प्रश्नावली**

**(अभिभावकका लागि)**

**अभिभावकको नाम :** ..................................................................

१. तपाईंका छोरीहरुले छात्रवृत्ति पाएका छन् ? छन् भने कुन छात्रवृत्ति पाएका छन् ?

क. पाएका छन् तर नाम थाहा छैन । ☐

ख. यस वर्ष बाँडेकै छैन, नाम पनि थाहा छैन । ☐

ग. गतवर्ष पाएकी थिएँ तर कुन हो थाहा छैन । ☐

घ. यस वर्षको पालोमा हाम्री छोरी पर्दिन रे । ☐

२. के छात्रवृत्तिको रकम पर्याप्त छ ?

क. पर्याप्त छ । ☐

ख. पर्याप्त छैन । ☐

ग. नाम मात्रको छ । ☐

घ. आंशिक सहयोग पुगेको छ । ☐

३. यसवर्ष छात्रा छात्रवृत्ति प्रति कोटाको रकम सरकारले कति निर्धारण गरेको छ ?

क. रु ३५०/ ☐

ख. रु ३००/ ☐

ग. विद्यालयले जति दिन्छ त्यति नै होला ☐

घ. कति हो भनी विद्यालयले सार्वजनिक नै गर्दैन ☐

☐

ङ. थाहा छैन

४. छात्रवृत्तिको रकम तपाइँ कुन प्रयोजनमा खर्च गर्दै आउनु भएको छ ?

क. घरायसी काममा ☐

ख. विद्यालय पोशाक, स्टेशनरी आदिमा ☐

ग. विद्यार्थी खाजामा ☐

घ. ट्यूसनमा ☐

५. छात्रवृत्तिको कोटा र रकम सम्बन्धमा विद्यालयको पारदर्शिता कत्तिको पाउनु भएको छ ?

क. पारदर्शिता छ । ☐

ख. केही थाहा छैन । ☐

ग. कहिलेकाहीँ जानकारी गराइन्छ । ☐

घ. कोटा चाँहि थाहा हुँदैन रकमबारे जानकारी गराइन्छ । ☐

६. छात्रवृत्ति वितरणमा के कमजोरी देख्नु भएको छ ?

क. लक्षित वर्गको पहिचान नगरी वितरण गरिन्छ । ☐

ख. सबैलाई दामासाही बाँडिन्छ ☐

ग. छात्रवृत्ति वितरणको आधार जानकारी हुँदैन । ☐

घ. वितरण प्रक्रियामा अभिभावकहरुको प्रतिनिधि गराइँदैन । ☐

७. छात्रवृत्ति पाएका नानीहरुलाई के नियमित विद्यालय पठाउनु भएको छ ?

क. नियमित पठाइन्छ । ☐

ख. नियमित पठाइँदैन । ☐

ग. घरको कामको चाप हेरी पठाइन्छ । ☐

घ. उनीहरुको इच्छामा छोडिन्छ । ☐

८. छात्रवृत्ति पाएपछि तपाईँकी छोरीमा के परिवर्तन पाउनुभएको छ ?

क. पढाइप्रति उत्साहित छन् । ☐

ख. विद्यालय जान सधैँ उत्साही छन् । ☐

ग. खासै फरक महसुश भएको छैन ☐

घ. गृहकार्य सधैँ गर्छन् । ☐

९. तपाइँकी छोरी घरमा कति घण्टा पढ्छिन् ?

क. पढ्दै पढ्दिनन् । ☐

ख. एक घण्टा पढ्छिन् । ☐

ग. दुई घण्टासम्म पढ्छिन् । ☐

घ. केही समय सम्म पढ्छिन् । ☐

१०. विद्यालयले आयोजना गरेको छात्रवृत्तिसम्बन्धी जागरण कार्यक्रममा तपाईँ कतिपटक शरीक हुनु भएको छ ?

क. एक पटक ☐

ख. दुई पटक ☐

ग. मलाई केही थाहा छैन । ☐

घ. यस्तो कार्यक्रमको आयोजना हुँदैन । ☐

११. तपाइँकी छोरीले किन छात्रवृत्ति पाएकी हुन् ?

१२. छात्रवृत्ति वितरणसम्बन्धी कार्यमा प्र.अ., शिक्षक, वि.व्य.स. को भूमिकालाई तपाईँ कसरी मूल्याङ्कन गर्नुहुन्छ ?

१३. सुविधाविहीन, गरीव र पिछडिएका वर्गका केटीहरुलाई विद्यालय शिक्षामा आकर्षित गर्न के कस्ता थप प्रोत्साहित कार्यक्रमहरुको आवश्यकता महसुश गर्नुभएको छ ?

१४. यस छात्रवृत्ति कार्यक्रमका राम्रा र सुधार गर्नु पर्ने पक्षहरु के के देख्नु भएको छ ?

**प्राथमिक शिक्षामा छात्रा छात्रवृत्ति कार्यक्रमको प्रभावकारिता**

**प्रश्नावली**

**अनुसूची - ७**

**(विद्यालय व्यवस्थापन समितिका लागि )**

**वि.व्य.स. पदाधिकारीको नाम** ........................................................... ।

**विद्यालयको नाम** ............................................................................. ।

१. तपाइँको बसोबास क्षेत्र वा छिमेकमा विद्यालय नपठाइएका कुनै त्यस्ता केटा केटीहरु छन् ? यदि छन् भने तीनलाई विद्यालय नपठाइनुका समस्याहरु के के हुन् ?

(क) गरीबी ☐

(ख) अभिभावकमा चेतनाको कमी ☐

(ग) धार्मिक परम्परा ☐

(घ) साँस्कृतिक परम्परा र अभ्यास ☐

२. तपाइँ छात्रवृत्ति वितरणका लागि छात्रा छनौट कसरी गर्नुहुन्छ ?

(क) छात्रा जति सबैलाई दिने गरी ☐

(ख) अभिभावकको विपन्नताको स्तर हेरेर ☐

(ग) जेहेन्दार, गरीब र पिछडिएकाहरु मात्र छानेर ☐

(घ) जिल्ला शिक्षा कार्यालको निर्देशन वमोजिम ☐

(ङ) शिक्षक एवं प्र.अ.को स्वविवेक ☐

३. छात्रवृत्ति वितरणको कार्यान्वयन निर्देशिकाबारे तपाँइलाई के थाहा छ ?

(क) सुनेको हो, देखेको छैन । ☐

(ख) थाहा छैन । ☐

(ग) खै सरहरुलाई थाहा होला । ☐

(घ) थाहा छ । ☐

४. छात्रवृत्ति केका रुपमा वितरण गर्दै हुनुहुन्छ ?

(क) नगद ☐

(ख) पोशाक ☐

(ग) स्टेशनरी ☐

(घ) स्टेशनरी र पोशाक दुवै । ☐

५. विद्यालयलाई प्राप्त छात्रवृत्ति कोटा र रकमको पारदर्शिता कत्तिको छ ?

(क) पारदर्शिता छ, विद्यालयको सूचना पाटीमा टाँसिन्छ । ☐

(ख) पारदर्शिता छैन, केही थाहा छैन । ☐

(ग) प्र.अ.र सरहरुको भरमा छ । ☐

(घ) वि.व्य.स.बैठकमा सामान्य जानकारी गराइन्छ । ☐

६. तपाईंको विद्यालयमा छात्रवृत्ति वितरणमा तलको कुन प्रक्रिया अपनाउँदै आउनु भएको छ ?

(क) प्रत्येक वर्ष दामासाही ☐

(ख) सधैँ लक्षित समूह छनौट गरेर ☐

(ग) सधैँ आलोपालो ☐

(घ) कहिले दामासाही त कहिले लक्षित समूह छानेर । ☐

७. छात्रवृत्तिका लागि छात्रा छनौट गर्न तलको कुन ढाँचा अपनाउदै आउनु भएको छ ?

(क) शिक्षकले लक्षित समूह छान्ने, शिक्षक वैठकमा राख्ने र वि.व्य.स. बैठकले टुङ्गो लगाउने । ☐

(ख) शिक्षकको समिति बनाई छनौट गर्ने र प्र.अ.ले वि.व्य.स.को बैठकबाट टुङ्गो लगाउने । ☐

(ग) प्र.अ.र वि.व्य.स.को संयुक्त प्रयासबाट लक्षित समूह छनौट गर्ने । ☐

(घ) शिक्षक, शिक्षक अभिभावक संघ र वि.व्य.स.ले उयपुक्त आधार तयार गरी छनौट गर्ने । ☐

(ङ) भर्ना भएका सबै छात्राहरुलाई लक्षित समूह मानी वि.व्य.स.ले टुङ्ग्याउने । ☐

८. तपाईँको विद्यालयमा छात्रवृत्ति कसरी वितरण गरिदै आएको छ ?

(क) आम अभिभावक भेला बोलाएर । ☐

(ख) छात्रवृत्ति वितरण कार्यक्रमको आयोजना गरेर । ☐

(ग) छात्रवृत्ति पाउने अभिभावकको मात्र भेला बोलाएर । ☐

(घ) कक्षागत अभिभावक भेला बोलाएर ☐

९. छात्रवृत्ति वितरण विद्यालयले कहिले कहिले गर्छ ?

(क) वर्षको सुरुमा ☐

(ख) वर्षको मध्यमा ☐

(ग) वर्षको अन्त्यमा ☐

(घ) यो वर्ष सकिन लाग्यो तर अहिले सम्म बाँडेको छैन । ☐

१०. छात्रवृत्ति कसले थाप्छ ?

(क) विद्यार्थी ☐

(ख) अभिभावक ☐

(ग) परिवारको जो कोही सदस्य । ☐

(घ) विद्यार्थीको उपस्थितिमा परिवारका सदस्यहरु ☐

११. आधा छात्राहरुलाई प्रदान गरिने छात्रवृत्तिको कमजोर पक्ष के हो ?

(क) नाम मात्रको छ । ☐

(ख) आवश्यकनै छैन । ☐

(ग) ब्लाङ्केट प्रणालीमा आधारित छ । ☐

(घ) लक्षित वर्गलाई खासै आकर्षित गर्न सकेको छैन । ☐

१२. छात्रा छात्रवृत्ति कार्यक्रमको असल पक्ष के हो ?

(क) विद्यालय र शिक्षा प्रति अभिभावक तथा विद्यार्थीहरुमा सकारात्मक सोचको विकास भएको छ । ☐

(ख) अफठ्यारो स्थितिमा रहेका बाबुआमा समेतको शिक्षामा चेतना स्तर वृद्धि भएको छ । ☐

(ग) शिक्षाप्रति बालिकाहरुमा उत्प्रेरणा बढेको छ । ☐

(घ) आर्थिक रुपमा नगण्यमात्र भए पनि शिक्षाको लागत बेहोर्न सहयोग पुगेको छ । ☐

१३. के छात्रवृत्ति कार्यक्रमको कुनै असर तपाईंले महसुस गर्नुभएको छ ? यदि छ भने विद्यालयको शिक्षणसिकाइ क्रियाकलापमा यस कार्यक्रमबाट परेको प्रभावलाई कसरी मूल्याङ्कन गर्नु हुन्छ ?

१४. के विभिन्न सुविधाविहीन वर्गका केटीहरुलाई यस कार्यक्रमले सहयोग पुऱ्याएको छ ? यदि छ भने कुन कुन क्षेत्रमा कसरी सहयोग पुऱ्याएको छ ?

१५. यस छात्रा छात्रवृत्ति कार्यक्रमको सुधारका सम्बन्धमा तपाईं के सुझाव दिन चाहनुहुन्छ ?

**प्राथमिक शिक्षामा छात्रा छात्रवृत्ति कार्यक्रमको प्रभावकारिता**

**अनुसूची - ८**

**प्रश्नावली**

**(स्रोतव्यक्तिका लागि )**

**स्रोतव्यक्तिको नाम** ............................................................ ।

**स्रोतकेन्द्र** ........................................................................... ।

१. सेवाक्षेत्रका सबै बालबालिकाहरु विद्यालय नआउँनका समस्याहरु के के हुन् ?

(क) गरीबी । ☐

(ख) अभिभावकमा चेतनाको कमी । ☐ ☐

(ग) साँस्कृतिक परम्परा र अभ्यास । ☐

(घ) धार्मिक परम्परा ।

२. विद्यालयबाहिर रहेका बालबालिकाहरुलाई विद्यालयको पहुँचमा ल्याउन के कस्ता कार्यक्रमहरु सञ्चालन हुँदै आएको पाउनुभएको छ ?

(क) दलित छात्रवृत्ति । ☐

(ख) पचास प्रतिशत छात्रा छात्रवृत्ति । ☐

(ग) विद्यालय स्वागत कार्यक्रम । ☐

(घ) तेल र खाजा कार्यक्रम । ☐

३. पचास प्रतिशत छात्रा छात्रवृत्ति कार्यक्रमले प्राथमिक शिक्षामा छात्रा सहभागिता वढाउन पार्न सक्ने प्रभावहरु के के हुन् ?

(क) विद्यालय र शिक्षा प्रति अभिभावक र छात्राहरुमा सकारात्मक सोचको विकास भएको । ☐

(ख) शिक्षा प्रति बालिकाहरुमा उत्प्रेरणा बढेको । ☐

(ग) पहुँचमा नरहेका जनसङ्ख्या अर्न्तगतका बालिकाहरुलाई मूलधारमा ल्याउन सहयोग पुऱ्याएको । ☐

(घ) आर्थिक रुपमा शिक्षाको लागत बेहोर्न थोरबहुत सहयोग पुगेको । ☐

४. के यो पचास प्रतिशत छात्रवृत्ति कार्यक्रमले सम्पूर्ण लक्षित समूहलाई समेट्न सकेको छ ? छैन भने कसरी समेट्न सकिन्छ ?

(क) समग्र प्रणाली (Blanket approach) को सट्टा कार्यक्रमलाई विविधीकरण ग☐ पर्छ ।

(ख) सबै लक्षित वर्गलाई समेट्ने गरी पर्याप्त सहुलियत समेत दिनु पर्छ । ☐

(ग) लक्षित समूहको यथार्थ सर्वेक्षण गरी यो कार्यक्रम लागू गर्नु पर्छ । ☐

(घ) अनुगमन प्रणालीलाई कठोर बनाउनु पर्छ । ☐

५. छात्रवृत्ति वितरणको कार्यान्वयन निर्देशिकाबारे तपाईंलाई के थाहा छ ?

(क) सुनेको हो, देखेको छैन । ☐

(ख) थाहा छ, हेरेको छु । ☐

(ग) सामान्य जानकारी छ, विस्तृत जानकारी छैन । ☐ व

(घ) स्रोतकेन्द्रलाई जानकारी छैन । ☐

६. विद्यालयलाई प्राप्त छात्रवृत्ति कोटा र रकमको पारदर्शिता कत्तिको छ ?

(क) पारदर्शिता छ, विद्यालयको सूचना पाटीमा टाँसिन्छ । ☐

(ख) पारदर्शिता छैन, केही थाहा छैन । ☐

(ग) प्र.अ.शिक्षक र वि.व्य.स.कै भरमा छ । ☐

(घ) छात्रवृत्ति सम्बन्धमा अनुगमन गरेको छैन । ☐

७. आधा छात्राहरुलाई प्रदान गरिने छात्रवृत्तिको कमजोर पक्ष के हो ?

(क) नाम मात्रको छ । ☐

(ख) आवश्यकनै छैन । ☐

(ग) ब्लाङ्केट प्रणालीमा आधारित छ । ☐

(घ) लक्षित वर्गलाई आकर्षित गर्न सकेको छैन । ☐

८. छात्रा छात्रवृत्ति वितरण प्रक्रिया कस्तो पाउनु भएको छ ?

(क) कतै दामासाही । ☐

(ख) कतै कोटा अनुसार पूरै । ☐

(ग) कतै आलोपालो । ☐

(घ) कतै आंशिकलाई मात्र स्वविवेक । ☐

९. छात्रा छात्रवृत्ति कार्यक्रमका सवल र कमजोर पक्षहरु के के देख्नुभएको छ ?

१०. यस कार्यक्रममा के कस्ता अवसर र चुनौतीहरु देख्नुभएको छ ?

११. यस कार्यक्रमलाई मर्मअनुसार प्रभावकारी बनाउन थप के कस्ता उपायहरु अवलम्वन गर्न आवश्यक छ ?